परिच्छेद-एक

# परिचय
# ( Introduction )

## १.१ अध्ययनको पृष्ठभूमि (Background of the Study)

समाजको सर्वत्तोमुखी विकासको निम्ति जनसंख्याको आधा भाग ओगटेको महिलाहरूको विकास र विकास अभियानमा सक्रिय सहभागिता हुनु आवश्यक हुन्छ । महिलाको समान एवं सक्रिय सहभागिताबिना सामाजको आर्थिक र सामाजिक स्थितिमा सुधार आउन सक्दैन । हाम्रोजस्तो विकासोन्मुख मुलुकमा अशिक्षा, आवश्यकता, गरिबी, सामाजिक-साँस्कृतिक परम्परा, प्रचलन र व्यक्तिगत दायित्व तथा सचेतनाको स्थितिमा कमि हुनाको कारणले महिलाहरू आर्थिक र सामाजिक विकासका कार्यमा सशक्त रूपले सहभागी भई विकासको मूल प्रवाहमा समाहित हुन सकेको छैन । यस्तो गम्भिर स्थितिमा समाज र महिलाको विकासको लागि समाजमा परिवर्तन ल्याउन महिला सशक्तिकरणको नितान्त आवश्यकता देखिएको छ । (नेफास, २०६३)

सशक्तिकरण शक्ति प्राप्त गर्ने प्रक्रिया हो । शक्ति भनेको राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक र सांस्कृतिक क्षेत्रमा पहुंच तथा नियन्त्रण हुनु हो । सशक्तिकरण निर्णय गर्न सक्ने वस्तुगत चेतनाको विकास पनि हो । असमान लैङ्गिक भूमिकामा परिवर्तन गर्न सक्नु सशक्तिकरण हुनु हो । परम्परागत रुढि, कुरीतिको प्रतिरोध गर्नु र देशको नियम कानुन र विधि-विधानले प्रदान गरेका हक तथा अधिकारप्रति सजग हुनु सशक्तिकरण हो । (नेफास, २०६३)

महिला सशक्तिकरण महिलालाई कुनै शक्ति प्रदान गर्ने नभई महिलाभित्रकै शक्तिलाई प्रस्फुटन गर्ने प्रक्रिया हो । महिला सशक्तिकरणले असमान शक्ति सम्पन्न पितृसत्तात्मक सामाजिक संरचनालाई महिलाको पक्षमा परिवर्तन गर्न सहयोग पुऱ्याउँछ । महिला सशक्तिकरणले महिलालाई समालोचनात्मक चेतनाको विकास, गतिशीलता र दृश्यता, निर्णय क्षमता, सहयोगितात्मक सामूहिक प्रयास गर्न सशक्त बनाउँछ । (नेफास, २०६३)

नेपाली महिलाहरूको अवस्था, कानूनी स्थिति, महिलाप्रति समाजको धारणा, धर्मको आधारमा विकास भएका विकृतिहरूलाई हेर्दा वर्तमान अवस्थामा पुरुषको तुलनामा महिलाको अवस्था निकै दयनीय रहेको छ । सन् १९४८ मा संयुक्त राष्ट्र संघले विश्वव्यापी मानव अधिकारको घोषणा गऱ्यो । नेपालले त्यस्मा सहमति जनाए पनि

पुरुषको दांजोमा महिलाहरू सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक दृष्टिकोणले ज्यादै पछाडि परेका छन् । महिलाहरू पछाडि परेको मात्र नभई शोषित, पिडित पनि भएको पाइन्छ । कृषि, मजदुरी, घरको सम्पूर्ण कामको जिम्मेवारी महिलामा भएर पनि सम्पत्तिको अधिकार, उत्तराधिकार पुरुषमा केन्द्रित रहेको छ । महिलाको घरेलु कामको मूल्याङ्कन समाजमा हुन सकेको छैन । कृषि कार्यमा महिलाको बाहुल्यता रहेता पनि महिला भएकै कारणले महिलाहरूले गर्ने गरेका कामको कम मूल्याङ्कन गरिएको छ । समाजमा महिला-महिलाकै बीचमा पनि भेदभाव पाइन्छ । छोरी माइतीमा हुंदा स्नेह र सम्मानको पात्र हुन्छिन् भने त्यही महिला बुहारी हुनासाथ पतिको घरमा अपहेलित बन्न पुग्छिन् (वेनेट १९८३) । सन्तान उत्पादन, छोरा नपाउनु, दाइजो कम ल्याउनु कारणहरूले गर्दा महिलाले विभिन्न प्रकारको अपहेलना, शोषण, दमन, उत्पिडन सहनु पर्ने अवस्था रहेको छ ।

प्रारम्भमा नेपालको कानुनमा महिला र पुरुषलाई समान अधिकार प्रदान गरिएको थिएन । महिलालाई दोश्रो दर्जाको नागरिकको तहमा राखिएको पाइन्छ । नेपालको संविधान २०४७ धारा ११ ले कानुनी दृष्टिमा सबै नागरिक बराबर हुने व्यवस्था गरेको छ भने वर्तमान अन्तरिम संविधान २०६३ मा महिलाका पक्षमा उल्लेखनीय कानुनी सुधारहरू भएका छन् । तर पनि परम्परागत धार्मिक दृष्टिकोणले गर्दा व्यवहारमा लागु गर्न सकिरहेको देखिंदैन । सामाजिक र धार्मिक कारणले गर्दा देखिएका विकृतिहरूले महिलाको उत्थान हुन सकिरहेको स्थिति छैन । धामी, झाँक्रीप्रतिको विश्वास, बोक्सीको रूपमा लाञ्छना लगाई पिडा दिने, अमानवीय व्यवहारहरू गर्ने, विधवालाई धार्मिक संस्कारका कार्यक्रमहरूमा सहभागी हुन नदिने र साइतका कार्यमा मुख देखाउन नहुने, देवकी प्रथाले युवतीहरूको यौन शोषण, परिवारिक कुटपिट, बुहारीको दिनचर्या, दाइजो प्रथाको विकृति, अँध्यारो कोठामा सुत्केरी र महिनावारी भएका महिलाहरू थुनिनु पर्ने अवस्था जस्ता सामाजिक, धार्मिक विकृतिहरू समाजमा पहिलेदेखि र वर्तमानमा पनि केही स्थानमा यथावत अभ्यासमा रहेका छन् । यसले महिलालाई कुण्ठित तुल्याउने, पिडीत बनाउने, शिक्षाबाट बञ्चित बनाउने, समानताको अनुभुति गर्न नपाउने, गरिबी र पहुँचहीन मनुष्य बनाएको छ । पुरुष र महिला दुवैको सृष्टि एकै तरिकाले हुने गरे पनि पुरुषलाई यस्तो परिस्थिति भोग्नु परेको छैन । सामाजिक, सांस्कृतिक व्यवहारहरू, धार्मिक विकृतिहरू सामाजिक रूपले निर्माण गरी महिला पुरुषमा विभेदहरू गरिने परम्परा र प्रचलन नेपालमा विद्यमान रहेको छ जसको सिकार महिलाहरू मात्र हुनु परेको छ ।

सामाजिक समस्याको रूपमा वर्तमानमा तिव्र रूपमा देखापरेका चेलीबेटी बेचबिखन, यौन व्यापार देश र विदेशमा समेत हुने, शिक्षा क्षेत्रमा महिलाको सहभागितालाई महत्व नदिने, स्वास्थ्य सुविधामा कम पहुंच हुने, विवाह निर्णयमा आफ्नो अधिकार प्रयोग गर्न नपाउने, महिलाको गरिबी, सम्पत्तिमा उत्तराधिकार नहुने जस्ता कुराहरू नेपालका दुर्गम जिल्लाका महिलाहरू र गरिब र आर्थिक रूपले पिछडिएका महिलाहरूमा बढी देखिएको छ । यस्ता महिलाहरूलाई सशक्तिकरणको कार्यक्रमहरूबाट चेतना जगाई उत्थान गर्न, सशक्तिकरण गर्ने अभियानमा धेरै संघ-संस्थाहरू (सरकारी र गैर सरकारी) लागेको पाइन्छ, जसमा बुटवल नगरपालिकाको भूमिका पनि उल्लेखनीय रहेको छ ।

नेपालमा वि.सं. २०५४ भाद्र २२ (५ सेप्टेम्बर, १९९७) देखि श्री ५ को सरकार, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) र संयुक्त राष्ट्र संघीय मानव बसोबास केन्द्र (UNCHS) को संयुक्त प्रयासमा गाउँ-नगर साझेदारी विकास कार्यक्रम (Rural-Urban Partnership Programme-RUPP) प्रारम्भ भएको थियो । यस क्रममा २०५५ जेष्ठ १५ गतेदेखि बुटवल नगरपालिकामा सामुदायिक विकास तथा वातावरण समिति (CDEC) र आमा जागरण समूह (MIG) जस्ता स्वायत्त संस्थाहरू गठन गरिएको छ । यी संस्थाहरू मार्फत् बुटवल नगरपालिका क्षेत्रभित्रका जनजाति, दलित तथा महिलाहरूको सशक्तिकरणका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरेर विकासको मूलप्रवाहमा ल्याउने कार्यनीति ल्याएको छ । आमा जागरण समूह र महिला शिल्पकला तालिम केन्द्र बुटवल नगरपालिकाको १५ वटै वडामा स्थापना गरिएका छन् । यी संस्थाहरू विशुद्ध महिला सशक्तिकरणसँग सम्बन्धित छन् । यिनै संस्थाहरूबाट महिलाहरूका लागि सीपमूलक तालिमहरू, जनचेतना अभिवृद्धि गर्ने विविध कार्यक्रमहरू सञ्चालन गरी महिलाहरूको सामाजिक, आर्थिक विकासका साथै सशक्तिकरण गर्ने कार्यमा जोड दिइएको छ । (बुटवल नगरपालिका बुलेटिन, २०५६)

बुटवल नगरपालिकामा महिला सशक्तिकरणका लागि, प्रौढशिक्षा, विभिन्न किसिमका आयमूलक तालिमहरू, चेतनामूलक कार्यक्रम, गोष्ठी, बचत तथा ऋण कार्यक्रमहरू पनि सञ्चालन गरिएका छन् । नगरपालिका र विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरू मिलेर नगरपालिका र निजी क्षेत्रको साझेदारी (Public-Private Partnership), नगरपालिका र गैर सरकारी संस्थासँगको साझेदारी (Public-CBO, NGO Partnership) अवधारणाबाट महिला सशक्तिकरण कार्यक्रमहरू सञ्चालन गरिएको पाइन्छ, यसैलाई आधार मानेर यो अध्ययन गरिएको छ ।

## १.२ समस्याको कथन (Statement of the Problem)

महिला सशक्तिकरण महिलाभित्रको आन्तरिक शक्तिको प्रयोग गर्ने क्षमता विकाससँग सम्बन्धित कुरा हो । महिलाले आफूभित्रको शक्तिलाई प्रदर्शन गर्ने अवसर प्राप्त गर्नु पर्दछ । त्यस्तै किसिमको वातावरणीय अनुकूलता प्राप्त हुनु पर्दछ । तिनका आन्तरिक शक्तिलाई तिनीहरूले सामाजिक हित हुने कार्यहरूमा प्रयोग गर्दछन् । आफ्नो व्यक्तित्वको विकासका साथै स्थितिमा पनि सुधार ल्याउँछन् भन्ने धारणा नै सशक्तिकरण हो ।

नेपालमा धेरैजसो ग्रामीण क्षेत्रको ४२% जनसंख्या गरिबीको रेखामुनि परेका छन् । आर्थिक दृष्टिले महिलाको अवस्था पुरुषको तुलनामा दयनीय र सोचनीय रहेको पाइन्छ । महिलाहरूको अशिक्षा र घरभित्रका आर्थिक क्रियाकलापमा सहभागिताको कमिले गर्दा महिला अधिकार, स्वास्थ्य आदि बारेको अनभिज्ञताले भोकभोकै रही कुपोषित रहनु पर्ने वाध्यता सृर्जना भएको छ । यसको फलस्वरूप महिलाको जीवनयापन शैलीमा नै प्रतिकूल प्रभाव पारेको छ ।

महिलाहरूले थुप्रै चुनौतिहरूको सामना गरिरहेका छन् जस्तै-

- महिलाले गर्ने उत्पादनश्रमको मूल्याङ्कन र निर्धारण पुरुष वर्गले गर्दछ ।
- महिलाको सन्तानोत्पादन (Reproduction) मा स्वतन्त्रता छैन । जबकी महिला स्वयंले जन्म दिने छोराछोरी कति जन्माउने भन्ने अधिकार पुरुषमा केन्द्रित छ ।
- महिलाको गतिशीलता घरभित्र सीमित गरिएको छ ।
- सम्पत्ति र स्रोतहरूमा पुरुषको तुलनामा महिलाको अधिकार कम छ ।

महिलाहरूले उत्पादन, सन्तानोत्पादन र समुदायका कार्य गर्ने त्रिपक्षीय भूमिका निभाइरहेका छन् तै पनि महिलाको कार्यको अवमूल्यन गरी पुरुषद्वारा समाजलाई नियन्त्रणमा लिइएको छ ।

यसै सन्दर्भमा बुटवल नगरपालिकामा महिला सशक्तिकरणका लागि भएका प्रयासहरू र यस्ले महिलाको सामाजिक, आर्थिक विकासमा परेको प्रभावहरूको अध्ययन गर्ने लक्ष्य राखिएको छ । यस अध्ययनमा नगरपालिकाका महिलाहरूको सशक्तिकरणसँग सम्बन्धित निम्न प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको छ ।

१) बुटवल नगरपालिकाले महिला सशक्तिकरणका लागि के-के प्रयासहरू गरेको छ ?
२) नगरपालिकाका कार्यक्रमहरूले महिलाहरूको जीवनस्तरमा के के परिवर्तन ल्याउन सकेको छ ?

३) के महिलाहरूको लैङ्गिक आवश्यकताहरूको (Gender Need) पूर्ति गर्ने रणनीतिहरूलाई के कार्यक्रमले समेट्न सकेको अथवा सम्बोधन गर्न सकेको छ ?

४) के यी कार्यक्रमहरूले महिलाहरूको आर्थिक र सामाजिक विकासका साथै महिला कल्याण, पहुँचमा वृद्धि, सहभागिता तथा नियन्त्रण प्रक्रियामा सहयोग पुऱ्याउन सकेको छ ?

५) यी कार्यक्रमले कस्ता वर्गका महिलाहरूलाई समेट्न सकेको छ ?

## १.३ अध्ययनको उद्देश्य (Objectives of the Study)

यस अध्ययनको निम्न उद्देश्य रहेको छ-

### १.३.१ सामान्य उद्देश्य

बुटवल नगरपालिकामा महिलाहरूको विकासका लागि महिला सशक्तिकरण गर्न भएका प्रयासहरू र प्रभावको अध्ययन गर्ने यसको सामान्य उद्देश्य रहेको छ ।

### १.३.२ विशिष्ट उद्देश्य

१. बुटवल नगरपालिकामा महिला सशक्तिकरणका लागि हालसम्म भएका प्रयासहरूको समिक्षा गर्ने ।

२. महिला सशक्तिकरण कार्यक्रमबाट महिलाहरूको अार्थिक र सामाजिक पक्षमा परेको प्रभाव र परिवर्तनको अध्ययन गर्ने ।

## १.४ अवधारणागत खाका (Conceptual Framework)

सारा लङ्वे (१९९१) ले महिला सशक्तिकरण सम्बन्धमा पुरुषसँग समान रूपले सहभागी हुन महिलालाई सक्षम बनाउनु, विकास प्रक्रियाको उत्पादन तत्वमा पुरुष बराबर महिलाको नियन्त्रण प्रक्रियामा सहभागी हुनुलाई सशक्तिकरणको रूपमा व्याख्या गरेका छन् । उनका अनुसार- गरीब, गरिबीको कारणले नभई दमन र शोषणको कारणले आएको हो । उनले समानताको ५ तहको उल्लेख गरेका छन् । कल्याण (Welfare) समानताको तहको पहिलो चरण हो भने नियन्त्रण (Control) उच्च तह हो । लङ्वेको समानताको तह झल्काउने महिलाको सशक्तिकरण खाका यस प्रकार छ-

**समानताको तहः**

नियन्त्रण (Control)
सहभागिता (Participation)
चेतनाकरण (Concentisation)
पहुँच (Access)
कल्याण (Welfare)

समानताको वृद्धि ↑


सशक्तिकरणको वृद्धि ↑

उपरोक्त तहहरू प्रत्येकमा जत्तिको मात्रामा समानताको वृद्धि हुन्छ उत्तिकै मात्रामा सशक्तिकरणको वृद्धि हुन्छ भन्ने सिद्धान्त लङ्वेको रहेको छ ।

समाजशास्त्रीय अनुसन्धानमा कारण र प्रभावको अध्ययन बढी महत्वपूर्ण छ । अनुसन्धानबाट प्राप्त उपलब्धि र निष्कर्षको सामान्यीकरण गर्न विभिन्न घटनाहरूसँग सम्बन्धित विभिन्न तत्वहरूको कारण र प्रभावको विश्लेषण गरिन्छ ।

लङ्वेको महिलाको सशक्तिकरणको खाका र कारण र प्रभावको सिद्धान्तबाट प्राप्त ज्ञानको आधारमा शोधकर्ताले बुटवल नगरपालिकामा महिला सशक्तिकरणको अध्ययन गर्ने सोंच राखेको छ । त्यसका लागि स्ववर्णनात्मक (Self Explanatory) अवधारणागत खाका तयार पारिएको छ जुन चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ-

**चित्र नं.-१ : अवधारणागत खाका**




यस अवधारणागत खाकामा स्वतन्त्र चलको रूपमा आमा जागरण समूहद्वारा सञ्चालित आयमूलक र चेतनामूलक तालिमहरू रहेका छन् भने आश्रित चलको रूपमा तालिमहरूमा सहभागी महिलाहरू रहेका छन् । प्रदान गरिएका तालिमहरू र तालिममा संलग्न महिलाहरूबीचको कार्यकारण सम्बन्धको परिणामस्वरूप महिलाहरूको आर्थिक सामाजिक चेतनाको विकास (परिवर्तनहरू) भई महिला सशक्तिकरण हुने आवधारणा राखिएको छ ।

## १.५ अध्ययनको औचित्य (Significance of the Study)

देश र समाजको विकासमा पुरुष र महिलाहरूको समान सहभागिता जरूरी भएको तथ्य सार्वजनिक हुँदै आएको परिप्रेक्ष्यमा पुरुषको दाँजोमा महिलाहरूको शिक्षा, समाजमा स्थान, सहभागिता आदिमा पहुँच कम देखिएको छ । उक्त तथ्य मनन गरी बुटवल नगरपालिकाले स्थानीय महिलाहरूलाई आयमूलक, सीपमूलक, चेतनामूलक, नेतृत्व विकास जस्ता तालिमहरू प्रदान गरेर महिला सशक्तिकरण कार्यक्रमहरू वि.सं. २०५६ सालदेखि निरन्तर सञ्चालन गर्दै आइरहेको छ । यसका लागि आमा जागरण समूह, टोल विकास संस्था, सामाजिक विकास तथा वातावरण समिति, महिला

शिल्पकला तालिम केन्द्र जस्ता निकाय मार्फत् कार्यक्रम सञ्चालन गर्दै आएको छ । तर यी कार्यक्रमहरूले महिलाहरूमा पारेको प्रभावको अध्ययन(Impact Study) भएको पाइँदैन । त्यसैले ती कार्यक्रमहरूले नगरका महिलाहरूको आर्थिक, सामाजिक र वैयक्तिक परिवर्तन र उन्नयनमा कस्तो प्रभाव र सहयोग पुऱ्याएको छ भनी विस्तृत अध्ययन गर्न आवश्यक भएकोले यो अध्ययन गरिएको छ ।

यस अध्ययनले महिला सशक्तिकरण बारे बुटवल नगरपालिकाले गरेका र गर्न बनाएका कार्यक्रम, भोगिरहेका समस्या, समस्या समाधानका उपाय र यसको प्रभाव आदि बारे एउटा आधिकारिक लिखित प्रतिवेदन प्रदान गर्ने छ जसले महिला सशक्तिकरण बारे भावी योजना, कार्यक्रम र रणनीति बनाउन सहयोग पुऱ्याउने आशा गरिएको छ ।

## १.६ अध्ययनको सिमा (Limitations of the Study)

महिला सशक्तिकरण बृहत पक्षलाई ओगटेको अवधारणा हो । ती सबै पक्षलाई समेटेर अध्ययन अनुसन्धान गर्न, प्रतिवेदन तयार गर्न एउटा विद्यार्थीको आर्थिक स्थिति र समय अवधिले पनि भ्याउन कठिन हुन्छ । यो अध्ययन स्नातकोत्तर तह समाजशास्त्रको एउटा विषयको शैक्षिक अनुसन्धानसँग सम्बन्धित पनि भएकोले यसको सिमा निर्धारण गरिएको छ । जुन निम्नलिखित छन्-

⇒ महिला सशक्तिकरण सम्बन्धित अध्ययन भएकोले बुटवल नगरपालिकामा महिला सशक्तिकरणका लागि कार्यक्रम, तालिम सञ्चालन गरेको स्वायत्त संस्था आमा जागरण समूहको कार्यक्रममा सहभागी महिलामा केन्द्रित रही अध्ययन गरिएको छ ।

⇒ अध्ययन स्थल- बुटवल नगरपालिकाको १५ वटा वडाहरूमध्ये सहरी बसोवास परिवेशमा रहेको ५ नं. र गाउंले बसोवास परिवेशमा रहेको १५ नं. वडामा अध्ययन सीमित गरिएको छ ।

⇒ नमुना छनौट- वडा नं. ५ र १५ का आमा जागरण समूहले महिला सशक्तिकरणका लागि गरेका कार्यक्रम, तालिम, गोष्ठी आदिमा भाग लिएका महिलाहरूमध्येबाट प्रत्येक वडाबाट २५, २५ जना गरी जम्मा ५० जना महिलालाई मात्र तथ्याङ्क संकलनका लागि छनौट गरिएको छ ।

⇒ छनौटमा परेका नमुना महिलाहरूको समूह छलफल, मुख्य सूचना दाता र महिलासँगको अन्तरवार्ता, वैयक्तिक अध्ययन (Case Study) र अनुसन्धानकर्ता

स्वयंको अवलोकनबाट प्राप्त तथ्यहरूको परिमाणात्मक र गुणात्मक विश्लेषणबाट प्राप्त परिणाम तथा उपलब्धिहरूलाई मात्र प्रस्तुत गरिएको छ ।

⇒ यस अध्ययनबाट महिला सशक्तिकरणका लागि भए गरेका कार्यक्रमहरूले के महिलाहरूमा सही रूपमा सशक्तिकरण ल्याउन मद्दत पुगेको छ ? भन्ने बारे केही जानकारी प्राप्त हुने छ ।

⇒ यस अध्ययन बुटवल नगरपालिकामा गरिएको हुनाले यसका प्राप्तिहरू (Findings) नेपालको अन्य क्षेत्रहरूमा गरिएको महिला सशक्तिकरणका कार्यक्रमहरूसँग सामान्यीकरण गर्न मिल्न वा नमिल्न पनि सक्छ ।

परिच्छेद-दुई

# सन्दर्भ साहित्यको अध्ययन
# ( Review of Related Literature )

महिला सशक्तिकरण अध्ययन गर्नको लागि महिलाहरूको विविध विषयमा प्रकाश पार्नु जरुरी हुन्छ । यसको लागि यस परिच्छेदमा अध्ययनसँग सरोकार राख्ने सन्दर्भ सामग्रीहरूको अध्ययन गरिएको छ, जसलाई विभिन्न शीर्षकहरूमा वर्गीकरण गरी प्रस्तुत गरिएको छ ।

## २.१ नेपालमा महिलाको अवस्था

### २.१.१ आर्थिक अवस्थाः

यु.एन.एफ.पि.ए., २००७ अनुसार- नेपालमा पुरुषको तुलनामा महिलाको आय आधा रहेको पाइन्छ । सन् २००४ मा प्रति व्यक्ति आय पुरुषको १७७६ र महिलाको ८६१ अमेरिकी डलर रहेको छ भने सन् २००५ मा पुरुषको १८६८ र महिलाको ९४९ रहेको पाइन्छ । अन्य आयका सूचकहरूमा पनि फरक रहेको पाइएको छ । जस्तै- सन् १९९६ मा कृषि ज्याला वर्तमान मूल्यमा पुरुषको ४४ र महिलाको ३५ छ भने कृषिबाहेक ज्याला वर्तमान मूल्यमा पुरुषको ७६ महिलाको ५७ छ र पुरुष महिला ज्याला अनुपात कृषिमा ०.८० र कृषिबाहेकमा ०.७५ रहेको पाइएको छ । त्यस्तै सन् २००४ मा कृषि ज्याला पुरुष ८५ महिला ६५, कृषिबाहेक ज्याला पुरुष १३७ महिलाको १०१ र ज्याला अनुपात कृषि ०.७६ र कृषिबाहेक ०.७४ रहेको पाइएको छ । यसबाट पुरुषको तुलनामा महिलाको आय कम देखिएकोले महिलाको आर्थिक अवस्था कमजोर रहेको पाइएको छ ।

नेपालमा रहेको ४१,७४,३७४ घरधुरी (Household) मध्ये ११% घरधुरीले महिलालाई जमिनको स्वामित्व (Land ownership) र ५.५% घरधुरीले महिलालाई घरको स्वामित्व (House ownership) प्रदान गरेको छ । त्यस्तै पशु चौपायामा ७.२%, घर, जमिन र चौपायामा ०.८% महिलाको स्वामित्व रहेको छ भने ८२.९% महिलाको कुनैमा पनि स्वामित्व नरहेको पाइएको छ । (जनगणना-२००१)

अहिले २०-२५ वर्षयता महिलाहरूको घर, जमिन र आर्थिक स्रोतमा स्वामित्व बढ्दै गइरहेको छ ।

महिलाहरूलाई संस्थागतरूपमा ऋण ५ वटा ग्रामीण विकास बैंक मार्फत् प्रदान गरिएको छ तैपनि महिला ऋणीको संख्या पुरुषको भन्दा कम रहेको छ ।

दक्षिण एशियाली मुलुकहरूको तुलनामा नेपालमा आर्थिक दृष्टिले सक्रिय महिलाको अनुपात बढी पाइएको छ । सन् २००१ को जनगणनाअनुसार नेपालमा ५५.३% महिला आर्थिक दृष्टिले सक्रिय छन् । त्यस्तै ४८.१% महिला कृषिजन्य र ३४.४% कृषिबाहेक अन्य पेशामा सक्रिय रहेका छन् । साथै ५०.६% महिला कृषिजन्य रोजगार र १७.७% महिला अन्य रोजगारमा संलग्न रहेका छन् । (जनगणना-२००१)

गलैंचा उद्योगमा काम गर्ने सबै महिला र ८०% पुरुषहरूको ज्याला ४० अमेरिकी डलर रहेको छ भने ८० अमेरिकी डलरभन्दा बढी कसैको छैन । धेरैजसो कामदार कारखानामा बस्ने र उत्पादित वस्तुको दर (Price Rate) अनुसार ज्याला पाउँछन् ।

विभेदपूर्ण लैङ्गिक श्रम विभाजन, पैतृक सम्पत्तिमा विभेदपूर्ण कानुनी व्यवस्था, उत्पादनशील कार्यमा महिलाको कार्यको गणना नगरिनु, निर्णय प्रक्रियामा महिला सहभागिता नहुनु, सन्तान उत्पादन भूमिकामा सीमित गराइनु, असमान ज्याला, पैतृक सम्पत्तिमा कम स्वामित्व, रोजगार र बन्द व्यापारमा सहभागिता कम, कृषि कार्यमा बढी सहभागिता तर बेचबिखन र मूल्य निर्धारणमा पुरुषको प्रभुत्व हुने र घरभित्रको (Private Sphere) कार्यमा मात्र सीमित गराइनुले महिलाको आर्थिक स्थिति पुरुषको तुलनामा दयनीय रहेको छ ।

### २.१.२ सामाजिक अवस्थाः

महिलाको स्वास्थ्य र शिक्षामा पहुंचलाई सशक्तिकरणको सूचकको रूपमा लिइन्छ । महिलाको स्वास्थ्य र शैक्षिक उपलब्धिलाई पितृसत्तात्मक संरचना र विचारको उपजका रूपमा लिइन्छ । लैङ्गिक भूमिकाको सामाजिक चेतनाले महिलाको शिक्षा, सूचना, श्रम विभाजन, नियुक्ति र जीवनमा प्राप्त मौकाहरूको छनौट गर्ने अवसर प्रदान गर्दछ । (यू.एन.एफ.पि.ए., २००७)

सन् १९८१ देखि विवाहको औसत उमेर बढ्दै गएको पाइन्छ । १० देखि २५ वर्ष उमेर समूहमा केटीको विवाह गर्ने परम्परा घट्ने क्रममा छ भने केटा र केटीको विवाह उमेर औसतमा २.३ वर्ष बढेको छ । पारपाचुके गर्ने महिला संख्या सन् १९८१ देखि घट्दै २००१ सम्ममा ०.४ बाट ०.१ घट्दो क्रममा पुगेको छ । विधवा महिलाको संख्या ५.५ बाट ३.७ घट्दो क्रममा रहेको छ । पुनर्विवाह गर्ने महिला २.७ (२००१) रहेको छ ।

सन्तान उत्पादन दर (उमेर समूहको आधारमा) १९९१ देखि २००१ सम्ममा घट्दै गएको पाइन्छ । नेपालमा १९९१ मा ५.१ सन्तान उत्पादन दर रहेकोमा २००१ मा घटेर ४.१ पुगेको छ भने सहरी क्षेत्रमा ३.४० बाट २.८२ र ग्रामीण क्षेत्रमा ५.३५ बाट ४.३७ रहेको छ । (सि.बि.एस. पपुलेशन मोनोग्राफ, २००८, भोलुम-१)

नेपालमा रहेको हिमाली भेगमा दलित, थकाली, जनजातिहरूमा बहुविवाह (पुरुष र महिला दुवैको) को प्रचलन हालसम्म पनि रहेको पाइन्छ । परिवार नियोजन गर्ने महिलाको दायित्व ठानिन्छ भने पुरुष त्यसप्रति इच्छुक देखिँदैनन् । परिवार नियोजन गरेका महिलाहरू बरालिन्छन् भन्ने बिचार राख्ने पुरुष २३% छन् भने १४% पुरुषले परिवार नियोजन गर्ने जिम्मेवारी महिलाको भएको बिचार राख्छन् । (यू.एन.एफ.पि.ए., २००७)

नेपालमा महिलाको भूमिका तथा हैसियतलाई सामाजिक तथा प्रतिकात्मक रूपले पितृवंशको अवधारणा र हिन्दू धर्मको मूल्यद्वारा परिभाषित गरिएको छ । हिन्दू धर्मको मूल्य मान्यताहरू पितृसत्तात्मक संरचना र दर्शनबाट प्रभावित छन् जहाँ महिलाहरूलाई अवमूल्यन गरिएको छ । पौराणिक साहित्यमा सांस्कृतिक, धार्मिक रूपले महिलालाई शक्ति, धनसम्पत्ति र विद्याकी देवीको प्रतीकको रूपमा लिइएको छ । एकातिर शक्ति, धनसम्पत्ति र विद्याको स्रोतको रूपमा लिइएको छ भने अर्कातिर सामाजिक रूपमा महिलालाई होच्याइएको छ, तिरस्कार गरिएको छ । सामाजिक संघसंस्थाहरूमा महिला र पुरुषबीचको सम्बन्ध असमान र असन्तुलित छ । महिलाको सामाजिक सांस्कृतिक हैसियत द्वैध प्रकृतिको छ । कहीं देवी त कहीं दासीको रूपमा रहेको छ । हिन्दू दर्शन र परम्पराले एकातिर “यत्र पुज्यते नारी रमन्ते तत्र ईश्वर” भन्ने मान्यता राख्दछ भने अर्कोतिर “न स्त्री स्वतन्त्र्य भर्हति” मान्यता पनि सँगसँगै राखेको छ । त्यसैले नेपाली महिलाको स्थिति (हैसियत) स्वतन्त्र र अधिन तथा सम्मानित र असम्मानित पनि छ । (पौडेल, २०५९)

उच्च जात (बाहुन, क्षेत्री) मा आमालाई उच्च सम्मान दिइएको हुन्छ भने श्रीमतीको भूमिकामा महिलालाई कमजोर अवलाको रूपमा लिइएको छ । श्रीमतीको रूपमा सधैं पुरुषद्वारा शङ्कालु दृष्टिले हेरिने, लोग्नेको अधिन व्यक्तिको रूपमा लिइने, लोग्नेको दासीको रूपमा पतिलाई परमेश्वर ठानेर बाँच्नु पर्ने धार्मिक साँस्कृतिक मान्यता एकातिर रहेको छ । सन्तान उत्पादन गर्ने उमेरका महिला अशुद्ध, खतरा मानिन्छ । महिलाको उमेर बढ्दै गएपछि अशुद्धता र यौनिकता (Sexual desire) सँगसँगै वृद्धि हुन्छ । त्यसैले विवाहलाई अपवित्र र यौनिकताको नियन्त्रण गर्ने माध्यमको रूपमा लिइएको छ । (वेनेट, २००५)

हेलेन हन्ट ज्याक्सनका अनुसार- एउटी महिलाले घरलाई बनाउने र निरन्तरता दिने गर्छ । महिलाको हातबाट बच्चा हुर्कन्छ, बढ्छ र बलियो पुरुष र महिला बन्दछ । भगवानपछि दोश्रो स्थान महिलाको छ (शर्मा १९९१, सिंह १९९६ मा उद्धृत) । तर नेपाल लगायत विश्वस्तरमै पुरुषपछिको दोश्रो स्थानमा महिलालाई राख्ने गरिएको छ ।

## २.१.३ शैक्षिक अवस्थाः

नेपालमा दुई दशक यता साक्षरता दरमा क्रमशः वृद्धि भएको पाइन्छ । ६ वर्ष र त्यसभन्दा माथिका साक्षरता दर समष्टिगत रूपमा ५४% रहेको छ । सन् १९८१ मा महिलाको १२.०% पुरुषको ३४.०% रहेको थियो भने १९९१ मा महिला २४.७% पुरुष ५४.१% थियो र २००१ मा महिला ४२.८% र पुरुष ६५.५% रहेको छ । ( जनगणना २००१; जनसंख्या ग्रन्थ (Population Monograph) १९९५; यू.एन.डी.पी.: एच.डि.आर. १९९५ र २००२; एन.एल.एस.एस. २००३।४ टेवल नं. ५.१ र भाग एक )

जनगणना २००१ का अनुसार- साक्षरता दरमा लैङ्गिक विभेद् यसप्रकार रहेको छ- समष्टिगत रूपमा सन् १९८१ मा २२.०%, १९९१ मा २९.०% र २००१ मा २२.७% छ भने १५-१९ वर्ष समूहमा क्रमशः ३०.७, ३२.९ र १६.२ र १०-१४ वर्ष समूहमा क्रमशः २९.६, १२.८ र १०.४ रहेको छ ।

**तालिका नं. १ : महिला र पुरुषको साक्षरता दर (प्रतिशत)**

| साल | जम्मा | महिला | पुरुष | लैङ्गिक विभेद |
|---|---|---|---|---|
| १९८१ | २३.५ | १२.० | ३४.० | २२.० |
| १९९१ | ४०.० | २४.७ | ५४.१ | २९.४ |
| २००१ | ५४.० | ४२.८ | ६५.५ | २२.७ |

स्रोतः जनगणना- १९८१, १९९१, २००१ ।

शिक्षामा असमान पहुंच हुनुमा लैङ्गिकले मूख्य भूमिका खेलेको छ । केटीहरूले धेरै विभेदको सामना गर्नु परेको छ । अभिभावकले छोरालाई गुणात्मक शिक्षा प्रदान गर्न जति पनि पैसा खर्च गर्न तयार हुन्छन् भने छोरीको शिक्षामा कमसेकम लगानी गर्दछन् । दाइजो र तिलक प्रथाको व्यापकताले परिवारमा छोरीलाई बोझको रूपमा व्यवहार गर्दछन् । (यू.एन.एफ.पि.ए., २००७)

## २.१.४ जनसांख्यिकीय अवस्थाः

जनगणना २००१ अनुसार-जनसंख्या २,२७,३६,९३४ रहेकोमा पुरुष ४९.९६% र महिला ५०.०४% छ । लैङ्गिक अनुपात प्रतिसय महिलामा ९९.८९ पुरुष रहेको छ ।

घरमूली-पुरुष ८५.५% र महिला १४.५%, उमेर समूहको हिसाबले ०-१४ वर्षसम्मका महिला लगभग ३९%, १५-५९ वर्षका महिला ५६% र ६० भन्दा माथिका

महिला ६% छ भने पुरुष ०-१४ वर्ष समूहका लगभग-४०%, १५-५९ समूहका ५३% र ६० भन्दा माथिका ७% रहेको छ । जनसंख्या वृद्धि दर २.२% रहेको छ । जीवनको औसत उमेर (Life expectancy) पुरुषको ६१.८ र महिलाको ६२.२ रहेको छ । आर्थिक रूपले सक्रिय हुने उमेरका महिला संख्या पुरुषभन्दा बढी देखिन्छ ।

सहरी र ग्रामीण क्षेत्रमा बसोवास संख्या **महिला-** सहरमा १३.७४%, ग्रामीणमा ८६.२६%, **पुरुष-** सहरमा १४.६५% र ग्रामीणमा ८५.३५% छ ।

**तालिका नं. २ : जनसांख्यिकीय अवस्था-२००१ (प्रतिशतमा)**

| विवरण | महिला | पुरुष |
|---|---|---|
| जनसंख्या | ५०.०४ | ४९.९६ |
| घरमूली संख्या | १४.५० | ८५.५० |
| | | |
| ० - १४ वर्ष समूह संख्या | ३९.०० | ४०.०० |
| १५ - ५९ वर्ष समूह संख्या | ५६.०० | ५३.०० |
| ६० वर्षभन्दा माथि संख्या | ६.०० | ७.०० |
| | | |
| सहरी क्षेत्रमा बस्ने संख्या | १३.७४ | १४.६५ |
| ग्रामीण क्षेत्रमा बस्ने संख्या | ८६.२६ | ८५.३५ |
| औसत आयु | ६२.२० | ६१.८० |

## २.१.५ राजनीतिक अवस्थाः

**तालिका नं. ३ : प्रतिनिधिसभामा महिला सहभागिता**

| साल | उम्मेदवार संख्या | | निर्वाचित संख्या | |
|---|---|---|---|---|
| | जम्मा | महिला | जम्मा | महिला |
| २०४८ | १३४५ | ८२ (६.१०) | २०५ | ७ (३.४१) |
| २०५१ | १४४२ | ८७ (६.०३) | २०५ | ७ (३.४१) |
| २०५६ | २२१२ | १३५ (६.१०) | २०५ | १२ (५.८५) |

**नोटः** कोष्ठको अङ्कले प्रतिशत जनाउँछ ।

साल २०४८, २०५१ र २०५६ को प्रतिनिधिसभामा महिलाको उम्मेदवार संख्या क्रमशः ६.१०, ६.०३ र ६.१० प्रतिशत रहेकोमा २०५ जना निर्वाचित हुनु पर्ने सिटमा उपर्युक्त वर्षहरूमा क्रमशः ३.४१, ३.४१ र ५.८५ प्रतिशत महिलाहरू प्रतिनिधिसभा सदस्य निर्वाचित भएका थिए ।

**तालिका नं. ४ : राष्ट्रियसभामा महिला सहभागिता**

| साल | निर्वाचित संख्या | | |
|---|---|---|---|
| | जम्मा | महिला | प्रतिशत |
| २०४८ | ६० | ३ | ५.०% |
| २०५१ | ६० | ५ | ८.३३% |
| २०५२ | ६० | ८ | १३.३३% |

उपर्युक्त तालिका नं.-५ अनुसार राष्ट्रियसभा सदस्य सिट ६० जना रहेकोमा २०४८, २०५१ र २०५६ सालमा क्रमशः ५, ८ र १३ प्रतिशत महिलाको प्रतिनिधित्व रहेको थियो ।

**संविधानसभा निर्वाचन-२०६४**

संविधानसभाको निर्वाचन २०६४ मा ३९११ जना उम्मेदवार रहेकोमा जम्मा प्रत्यक्षमा २४० र समानुपातिकमा ३३५ जना गरी ५७५ जना संविधानसभामा सहभागी रहेका छन् । त्यस्तै विजयी महिला प्रत्यक्षमा २९ र समानुपातिकमा १६७ जना गरी जम्मा १९६ जना महिला (३३.९%) संविधानसभामा प्रतिनिधित्व गरेका छन् । (नेपालका निर्वाचनहरू २०१५-२०६४ सम्म, कोतपर्व दैनिक, संविधानसभा निर्वाचन २०६४, ऐरावति प्रकाशन)

**नागरिक सेवामा महिला संलग्नता**

सम्पूर्ण नागरिक सेवामा महिलाहरूको संलग्नता विशिष्ट श्रेणीमा २.४%, प्रथम श्रेणीमा १.३%, द्वितीय तहमा ३.६% र तृतीय तहमा ५.८% रहेको छ । यसरी पुरुषको तुलनामा महिला संलग्नता न्यून रहेको छ । (केन्द्रीय तथ्याङ्क विभाग, २००२)

**तालिका नं. ५ : नेपाली महिलाको वर्तमान अवस्था (तथ्याङ्कगत रूपमा)**

| विषय | पुरुष (प्रतिशतमा) | महिला (प्रतिशतमा) |
|---|---|---|
| जनसंख्या | ४९.९६% | ५०.०४% |
| औसत आयु | ५९.३०% | ५९.८०% |
| साक्षरता | ६५.०८% | ४२.४९% |
| श्रमशक्ति | ७३.३०% | ७१.३०% |
| मन्त्रीपरिषद | ९४.००% | ६.००% |
| प्रतिनिधि सभा | ९४.१४% | ५.८६% |
| राष्ट्रिय सभा | ८५.००% | १३.३४% |
| निजामति सेवा | ९१.४५% | ८.५५% |
| नीति निर्माण तह | ९६.००% | ४.००% |
| न्यायाधीश | ९७.९२% | २.०८% |
| कानुन व्यावसायी | ९५.०३% | ४.९७% |
| जिल्ला विकास समिति | ९३.३०% | ६.७०% |
| नगरपालिका | ८१.५०% | १९.५०% |
| गाउं विकास समिति | ९२.३०% | ७.७०% |
| प्रमुख जिल्ला अधिकारी | १००.००% | ०.००% |
| राजदूत | १००.००% | ०.००% |
| संवैधानिक निकायका प्रमुख | १००.००% | ०.००% |
| सञ्चार क्षेत्र | ८८.००% | १२.००% |
| शिक्षक | ८६.३०% | १३.७०% |
| प्राथमिक तहमा भर्ना | ७९.४० % | ६४.४०% |
| निम्न माध्यमिक तहमा भर्ना | ३६.९०% | २५.५०% |
| माध्यमिक तहमा भर्ना | २५.३०% | १६.३०% |
| त्रि.वि. मा भर्ना | ७५.१०% | २४.९०% |
| कृषि | ६६.८०% | ८५.२०% |
| कृषियोग्य भूमिको स्वामित्व | ८९.१६% | १०.८४% |
| घरमाथिको स्वामित्व | ९४.४९% | ५.५१% |
| पशुधनमाथिको स्वामित्व | ९२.२६% | ७.२४% |
| घरमूलीको संख्या | ८५.०० | १५.००% |

**स्रोतः**-महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना २०६०: १०-११, वासुदेव काफ्ले, हेमराज ढकाल, किसानप्रसाद अधिकारी, २०६५ बाट उद्धृत)

गोरखापत्र २०६५ साल साउन २८ गते मंगलबार प्रकाशित लेख, शीर्षक- “रोकिएन महिला हिंसा”, लेखिका- सीता शर्माअनुसार- ‘एउटी महिला ३ सन्तानकी आमा विवाह गरेको १७ वर्ष बितिसक्दा पनि घरमा नभित्र्याइएको, झण्डै २ वर्षदेखि ३.४ महिनाको अन्तरमा श्रीमानद्वारा मार्ने धम्कि दिईने तर माइती र अन्य छिमेकीहरू-

सँग केही वेदना पोख्ने सामर्थ्य नभएकी  महिलाको कहानीबाट सुरु गरिएको लेखमा महिलाहरू आजको विज्ञान प्रविधि र सभ्यताको युगमा समेत आफ्नो शरीरमाथिको पूर्ण अधिकारका लागि संघर्षरत रहेको र लैङ्गिकतामा आधारित हिंसा, महिला र पुरुषको असमान शक्ति सम्बन्धको कारणले भ्काँगिएको' उल्लेख गरिएको छ । यस लेखमा निम्न तथ्याङ्क प्रस्तुत गरिएको छ-

**तालिका नं. ६ :  महिला हिंसाको विवरण**

| आर्थिक वर्ष | जबर्जस्ती करणी | जीउ मास्ने-बेच्ने | बहु-विवाह | बाल-विवाह | घरेलु हिंसा | बलत्कार उद्योग |
|---|---|---|---|---|---|---|
| २०६०/०६१ | १५५ | ५७ | ४४ | ३ | ९२२ | १८ |
| २०६१/०६२ | १७४ | ७२ | ६६ | १ | ७३० | २६ |
| २०६२/०६३ | १८९ | ९७ | ६५ | १ | ९३९ | ४१ |
| २०६३/०६४ | १३७ | ११२ | ९४ | ७ | ११०० | ७० |
| २०६४/०६५ चैत्रसम्म | – | – | – | – | ७७४ | – |

(राष्ट्रिय महिला आयोगको तथ्याङ्कअनुसार)

## २.२   लैङ्गिक सम्बन्ध

'लैङ्गिक' सम्बन्ध शब्दले महिला र पुरुषबीचको शक्ति सम्बन्धको व्याख्या गर्दछ, जुन विभिन्न प्रकारको बिचार, अभ्यास, प्रतिनिधित्व, (जस्मा श्रम विभाजन पनि पर्दछ) भूमिकाहरू र स्रोतको बाँडफाँडले प्रष्ट पार्दछ । सामाजिक संरचनामा भएका जाति, वर्ग, वंशको सामाजिक तहहरूमा देखिने अन्तरक्रियाहरूमा जुन बिचार र अभ्यासबाट निर्माण भएको हुन्छ । त्यसमा लैङ्गिक सम्बन्धहरू निर्माण भएका हुन्छन् । यी कुराहरू समय र स्थानअनुसार समाजबाट निर्मित हुन्छन् । (भासीन, २०००; रावल २००२ बाट उद्धृत)

एउटै घरका विभिन्न व्यक्तिहरूमा पनि स्रोत, सेवा र मौका प्राप्तिमा समान पहुंच हुंदैन । यी असमान पहुंचहरूलाई/असमानताहरूलाई सामाजिक वैज्ञानिकहरूले परिवारलाई मोलतोल गर्ने प्रतिस्पर्धाको ठाउँको रूपमा हेर्दछन् जहाँ शक्तिको समभ्रूदारी हुने गर्दछ । (Power Bargaining)

वि. अग्रवाल १९९४ का अनुसार- व्यक्तिको मोलतोल शक्ति (Bargaining power) निम्न ५ तत्वहरूमा भर पर्दछ-

१) सम्पत्तिमा निजी स्वामित्व र नियन्त्रण (विशेषगरी खेतीयोग्य जमिनमा हुने गर्दछ)

२) रोजगार र आयमूलक क्रियाकलापमा पहुंच ।

३) सामुदायिक स्रोतमा पहुंच । जस्तै- गाउँको साझा वस्तु, जंगल आदि ।

४) परम्परागत सामाजिक सहयोग प्रणालीमा (वाह्य) पहुंच ।

५) राज्य र गैर सरकारी संस्थाको सहयोगमा पहुंच ।

यस कथनले व्यक्तिको परिवारभन्दा बाहिर भौतिक रूपले बाँच्न सक्ने क्षमता हुनु नै मोलतोल गर्ने शक्ति हुनु हो । जससँग मोलतोल शक्ति रहन्छ उसले परिवार र बाहिर पनि हरेक कुरामा सहमति राख्न सक्दछ भन्ने मान्यता रहेको छ ।

## २.३ सशक्तिकरणको अवधारणा

एक दशकभन्दा बढी समयदेखि सशक्तिकरण अवधारणामा महिला सशक्तिकरण-को अवधारणा बारेमा व्यापक छलफल हुंदै आएको छ र व्यापक परिवर्तन पनि भएको पाइन्छ ।

सन् १९७५ पछि, महिला आन्दोलनबाट सशक्तिकरण एउटा महत्वपूर्ण विषयको (Theme) रूपमा अगाडि आयो । वास्तवमा विकासमा महिला (WID) कार्यक्रमको असफलताले गर्दा सशक्तिकरण विषय अगाडि आएको मानिन्छ । मूख्य गरेर शक्ति र विकासको अन्तरसम्बन्धित प्रश्नहरूको जवाफ दिन समता उपागमन असफल भएको कारणले सशक्तिकरण विषय अगाडि आएको हो ।

विकासमा महिला (WID) कार्यक्रमको असन्तुष्टिबाट सशक्तिकरण अवधारणाको लागि कार्यक्रमहरू विकसित भयो । सामाजिक, आर्थिक र राजनैतिक क्षेत्रमा सहभागी हुन चाहिने सक्षमताको विकास गरी आफ्नो जीवनयापनमा लाभकारी नियन्त्रण (Gaining Control) गर्न सक्षम हुनुलाई सशक्तिकरण भनिन्छ । यी सक्षमताहरूले आत्मसन्तुष्टी र स्वायत्त बनाउँछ । ( मोजर १९९३, रावल २००२ बाट उद्धृत )

**फिलिप टनर** (२०००) का अनुसार- सशक्तिकरणका मूख्य उद्देश्य मनोवैज्ञानिक रूपमा सुरु हुन्छ । सशक्तिकरणले 'Taken for granted knowledge' को सार र आलोचनात्मक सचेतना निर्माणमा जोड दिने गर्दछ । मोजर (१९९३) ले सशक्तिकरण अवधारणाले महिलाहरूको शक्तिको वृद्धिको महत्वमा जोड दिएको छ । (रावल २००२ बाट उद्धृत)

**वाटलीवाला (१९९४)** ले स्रोतको वितरण र सोचाईको तरिकामा परिवर्तन आउनुलाई सशक्तिकरणको रूपमा हेरेको छ ।

**वि. अग्रवाल (१९९४)** ले पनि सशक्तिकरणलाई शक्तिको पुनर्वितरण क्रियाको रूपमा लिएका छन् । उनका अनुसार- सुविधाविहिन व्यक्ति र समूहलाई आर्थिक,

सामाजिक र राजनैतिक स्थानमा सहायक रूपमा (Subordinate) स्थापित गरेको वर्तमान शक्ति सम्बन्धलाई चुनौती दिन र परिवर्तन गर्न सुविधाविहिन व्यक्ति र समूहको क्षमतालाई अभिवृद्धि गर्ने प्रक्रियालाई सशक्तिकरण भनेको छ । (रावल, २००२ बाट उद्धृत)

## २.४ सशक्तिकरणको अर्थ

नारीवादीको सोंचमा स्वउत्पादित सकारात्मक परिवर्तन सशक्तिकरण हो । स्वतन्त्र रूपले सोंच्न र प्रयोग गर्न व्यक्तिगत रूपले हासिल गरेको शक्ति नै सशक्तिकरण हो । आवश्यकताहरूलाई छनौटको आधारमा परिपूर्ति गर्ने, समाजमा सम्मानजनक सदस्यको रूपमा स्थापित हुन सक्षम हुनु नै सशक्तिकरण हो । (डि.एफ. आइ.डि., यू.के. गभर्नमेन्ट)

सशक्तिकरण आफूमाथि स्थापित नियन्त्रणको प्रतिकार गर्ने क्षमता वृद्धिसँग सम्बन्धित छ । कमजोर व्यक्तिलाई निर्णय प्रक्रिया, राजनैतिक संरचना, आर्थिक गतिविधि र बजार व्यवस्थासम्म पुऱ्याउन सक्नु सशक्तिकरण गर्नु हो । वास्तवमा व्यक्तिलाई राज्य र सामाजिक संरचनाको हस्तक्षेपबिना उपलब्ध अवसरहरूको बढी से बढी प्रयोग गर्ने अवस्थामा पुऱ्याउनु सशक्तिकरण हो । (पौडेल, २०५९)

समाजमा महिलामाथि हुने अनावश्यक नियन्त्रणको प्रतिकार गर्न महिलालाई सवल र सचेत बनाउनु सशक्तिकरण हो । शाब्दिक रूपमा सशक्तिकरणले शक्तिशाली बनाउने, लड्न सक्ने बनाउने बुझिन्छ तर सशक्तिकरण भनेको सुषुप्त अवस्थामा रहेको मानव अन्तर्निहित क्षमता र गुणलाई पुनर्जीवन दिने र ब्यूंझाउने प्रक्रिया हो । मानिसलाई हातहतियारले सुसज्जित गर्नु नभई समान, सक्षम, अस्तित्वपूर्ण मानव रूपमा सम्मानित हुन सक्षम बनाउने हो । (काफ्ले, ढकाल, अधिकारी, २०६५)

मौनताबाट मुक्त भई सक्रिय आवाज उठाउन सक्ने सक्षम महिला जन्माउनु नै सशक्तिकरण हो । (केसवर्ग, १९९२)

**फ्रेरे (१९७०)** का अनुसार- सशक्तिकरण गर्दा व्यक्तिको आलोचनात्मक सचेतनाको विकास हुन्छ ।

**रापापोर्ट (१९८१)** का अनुसार- सशक्तिकरण भनेको क्षमता नभएकालाई सहयोग गर्ने धारणा हैन, बरु उनीहरूलाई आफ्नो अधिकार र कर्तव्यको बोध गराउनु र विभिन्न कार्यक्रममा सहभागी गराउनु हो ।

सशक्तिकरण भनेको कसैमाथि आफ्नो शक्तिको प्रयोग गर्नु होइन बरु आत्मशक्ति बढाउनु हो । (केसवर्ग, १९९२)

**कलिल जेमिसन (१९४८)** ले स्वसशक्तिकरणमा जोड दिएको छ जसलाई Nibble Theory भनेका छन् । वहाँका अनुसार भित्रबाट बाहिर ल्याउनुबाट सशक्तिकरण प्रारम्भ हुन्छ । यसबाट ज्ञान, सीप वा अनुभवका अंश प्राप्त गरी कहिले छिटो कहिले ढिलो प्रभाव देखा पर्ने हुन्छ । व्यक्तिमा निहित प्रक्रिया जसलाई कलिलले "Kernel" भनेका छन् जसको अर्थ मूख्य भाग हुन्छ । सबै मानिसमा शक्तिको मूख्य भाग (Kernel of Power) हुन्छ जसलाई मानिसले बुझ्नुपर्दछ । ( लुइटेल, १९९६ बाट उद्धृत )

**केसवर्ग**ले सशक्तिकरणको सम्बन्धमा शक्तिवान (Power over) र शक्तिविहिन (Power with) दृष्टिकोण बारे व्याख्या गरेका छन् । वहाँका अनुसार- सशक्तिकरणको अर्थ दवाव(Domination) दिने होइन यो त शक्ति नदेखाई अघि बढ्नुजस्तो गुणलाई जनाउँछ ।

**जेनेट सरे** (१९८७) ले सशक्तिकरणलाई शक्तिविहिन (Power with) दृष्टिकोणसँग सम्बन्धित छ भनी व्याख्या गरेर सशक्तिकरण र शक्तिविहिन दृष्टिकोणसँग सम्बन्ध कायम गर्न खोजेका छन् ।

## २.५ सशक्तिकरणको सूचकहरू

सशक्तिकरणको मापन विभिन्न आधारमा गर्न सकिन्छ । प्रमुख आधारलाई निम्न सूचकको रूपमा मापन गर्ने बारेमा विभिन्न विद्वानहरूले दिएका व्याख्या प्रस्तुत गरिएको छ-

### १) चेतनामा परिवर्तन आउनुः-

सशक्तिकरण एउटा प्रक्रिया हो जसको प्रारम्भ मस्तिष्कबाट हुन्छ । महिलाको सोंचाईमा परिवर्तन ल्याउँछ (वाटलीवाला, १९९४) । ज्ञानात्मक तत्वले महिलालाई पुरुषको सहायक हुने अवस्थालाई नकार्दछ (स्टोर्मक्वीस्ट, १९८८) । चेतनाको विकासले लिङ्ग र लैङ्गिक भूमिकाको पहिचान गर्न सक्छ । लिङ्ग विभेद जैविक हो भने लैङ्गिक भूमिका साँस्कृतिक हुन्छ । यसलाई बदल्न सकिन्छ । व्यक्तिले आफ्नो लागि अधिकार प्राप्त गर्न संलग्न रहनु पर्दछ । चेतनाकरणले व्यक्तिलाई आफ्नो अधिकारप्रति सजग गराई आत्मविश्वासको विकास  गर्छ । (लङ्वे १९९१)

व्यक्तिमा रहेको जन्मजात शक्ति (Innate Power) लाई, व्यक्तिमा रहेको सामाजिक, आर्थिक, राजनैतिक जन्मजात गुण (Innate Quality) लाई चेतनाकरणको प्रक्रियाबाट-

वातावरणीय कमिकमजोरी हटाई दैनिक जीवनमा सदुपयोग गर्न सक्नुलाई पनि सशक्तिकरण भनिन्छ । (वाटलीवाला, १९९४)

**२) भौगोलिक गतिशीलता हुनु :**

महिलाहरूलाई घरबाहिर आवत-जावत गर्न मौका दिनुलाई भौगोलिक गति-शीलता भनिन्छ । यसबाट विभिन्न कुराहरू सिक्न, अनुभव गर्न र अवलोकनबाट प्रत्यक्ष ज्ञान पाउन सक्षम हुन्छ । फलस्वरूप आर्थिक रूपले पुरुषप्रति निर्भरता घटन गई आत्मनिर्भरतामा वृद्धि गर्छ ।

भौगोलिक गतिशीलता सीमित भएमा महिलाहरू पुरुषप्रति निर्भर रहनुपर्ने हुन्छ । (कार्र एट अल, १९९६)

महिलाहरूलाई बाहिर जान दिनु हुन्न भन्ने परम्परालाई सामाजिक अवरोध (Social Taboo) को रूपमा लिइएको छ । यदि महिलाहरूलाई पनि पुरुषको तुलनामा समान घुमफिरको मौका दिएमा पुरुष जस्तै महिलाहरू पनि लाभान्वित हुन सक्छन् । जैविक प्रश्नले महिलाको गतिशीलतालाई घटाउँदैन । (वाटलीवाला, १९९४)

**३) स्रोतमा पहुँच हुनु :**

उत्पादनको तत्व, जमिन, श्रम, पूँजी र सार्वजनिक उपलब्ध सेवाहरू पुरुष बराबर उपलब्ध भएमा महिलाको स्रोतमा पहुँच भएको मानिन्छ । (लङ्वे, १९९१)

आर्थिक योगदान, काम गर्ने चेतना वृद्धि हुनु र उत्पादनकर्ताले स्रोतमाथिको मोलतोल शक्ति बढाउन सक्षम हुनु सशक्तिकरण हुनु हो (वाटलीवाला)। वाटलीवाला अनुसार पितृसत्तात्मक समाजमा घरको निर्णय प्रक्रियामा महिलाको परामर्श लिइँदैन । निर्णय प्रक्रियामा महिलाको सहभागिताले सन्तुलित सहभागिता भएको जनाउँछ । महिला सहभागिताले उत्पादन, वितरण, निर्णय प्रक्रियामा समानता छ भन्ने जनाउँछ । यसमा घरायसी सामग्री किन्नेदेखि अन्य कार्यमा महिलालाई संलग्न गराउँछ । जस्तै- रेडियो, टेलिभिजन किन्ने, बच्चालाई विद्यालयमा पढाउने आदि ।

**४) समूह निर्माण गर्नु :**

जीवनयापन गर्न महिलाका काम कर्तव्य, अधिकार वैधानिक व्यवस्था आदि बारे विभिन्न रुचि समूह (Interest Group) निर्माण गरी सामूहिक चिन्तन, छलफल, अन्तरक्रिया आदि गर्न सक्षमता प्राप्त गर्नु पनि सशक्तिकरणको उदाहरण हो । सशक्तिकरण प्रक्रियामा महिलाले आफ्नो जीवनको परीक्षण गर्नको लागि सामूहिक रूपले

समय र स्थानको सृजना गर्दछ र नयाँ सोंचको विकास गर्छ । (वाटलीवाला, रावल, २००२ बाट उद्धृत)

**५) आलोचनात्मक चेतनाको विकास :**

महिलाहरू संगठित भएमा आलोचनात्मक चेतनाको सृजना गर्न सक्छ । यो कुराकानी, छलफल, समस्याको विश्लेषणमा रुचि लिनाले हुन्छ । जस्तै- पानीको अभाव, स्वास्थ्य, शिक्षा, बेरोजगार, मदिरापान इत्यादि ।

## २.६ महिला र सशक्तिकरण

सशक्तिकरण भन्नाले पुरुष र महिला दुवैको सामाजिक, राजनैतिक र मनोवैज्ञानिक सशक्तिकरणलई जनाउँछ । वास्तवमा सशक्तिकरण एउटा प्रक्रिया हो । जसले मानिसलाई आफ्नो शक्तिको बारेमा ज्ञान गराई आफ्नो समस्याहरू समाधान गर्न सचेत, आत्मनिर्भर र आत्मविश्वासिलो बनाई सक्षम बनाउँछ । तर पुरुषको तुलनामा महिलाहरूमा ती कुराहरूमा सशक्तिकरण भएको पाइँदैन ।

आर्थिक सशक्तिकरणलाई समाजमा सबै प्रकारको सशक्तिकरणको आधारभूत स्रोतको रूपमा लिइएको छ । वाटलीवाला (१९९४) लेख्नुहुन्छ- महिलाहरूको स्थिति कमजोर हुनुमा उनीहरूको आर्थिक स्रोतमा पहुंच र नियन्त्रण कम हुनु र निर्णय क्षमतामा कमि हुनुले हो जसले उनीहरू परनिर्भर देखिन्छन् । (रावल, २००२ बाट उद्धृत)

**स्टोर्मक्वीस्ट (१९८८)** ले व्याख्या गरेका छन्- सशक्तिकरणको आर्थिक तत्वले महिलाहरूलाई उत्पादनशील क्रियाकलापमा केही प्रकारहरू प्रदान गर्दछ जसले केही मात्रामा महिलालाई आत्मनिर्भर बनाउँछ । आयमूलक क्रियाकलाप अँगालेर महिलाहरूले घरायसी आय वृद्धि गर्ने क्षमता प्राप्त गर्न सक्छ । जसले घरायसी आर्थिक सहयोगको रूपमा महत्वपूर्ण भूमिका खेल्दछ । (लुइटेल, १९९७ बाट उद्धृत गरिएको)

**वाटलीवाला (१९९४)** का अनुसार- महिलाको आर्थिक शक्तिहिनता निम्न तत्वको रूपमा देखा परेको हो । ( रावल, २००२ बाट उद्धृत)

- लैङ्गिक विविधताले महिलालाई आर्थिक दृष्टिले परनिर्भर बनायो जसले शिक्षा र आय आर्जन गर्ने सीपहरू प्रदान गर्न रोक्यो ।
- परम्परागत सामाजिक रूपले महिलाहरूको कठोर बन्देजले गर्दा निम्न सीप र निम्न ज्याला कार्य गऱ्यो ।
- महिला ऋणमा कम सहभागी भयो ।

- महिलाको कार्यलाई अदृश्य र ज्यालाविहिन कार्य प्रवृत्तिको रूपमा हेरेको ।
- अधिकांश महिलाहरू असंगठित र अनौपचारिक अर्थतन्त्रमा भएको जहाँ उनीहरू सामाजिक आर्थिक रूपले पिडीत छन् । (Vulnerable)

महिलाको कमजोर आर्थिक अवस्थाले परिवारभित्र र बाहिर आफूलाई प्रष्टरूपमा प्रस्तुत गर्न असमर्थ हुन्छ यसले परिवार र समुदायमा औपचारिक सम्बन्ध मात्र भएको देखाउँछ । महिलाले आर्थिक शक्ति प्राप्त गर्ने वित्तिकै घरमा, कार्यथलो र समुदायमा दृश्यता र शक्ति भएको देखिन्छ । महिलाको आर्थिक योगदानले पुरुषको समूह र समाजले महिलालाई फरक दृष्टिले हेर्ने र निर्णय कार्यमा वाध्य भएर सहभागी गराउँछ ।

वाटलीवालाले आर्थिक सशक्तिकरणलाई निम्न प्रकारले अर्थ्याएका छन्-

- ज्याला पाए पनि नपाए पनि महिलाले वर्तमान आर्थिक भूमिकालाई पुनः संगठित गर्ने ।
- महिलाले आफ्नो सामाजिक, राजनैतिक भूमिकालाई समाजमा पहिचान प्राप्त गर्न संगठित गर्न समर्थ बनाउने ।
- सीप अभिवृद्धि, ऋण सुविधा, शैक्षिक लगानीको माध्यमबाट महिलाको आर्थिक अवस्था र शक्ति बढाउने, यसले सहमतिको क्षमता बढाउँछ ।

यसप्रकार आर्थिक सशक्तिकरण अवधारणाले महिलाको भूमिकालाई कामदार र उत्पादकको रूपमा केन्द्रित गर्छ ।

पुरुषसँग समान रूपले सहभागी हुन महिलालाई सक्षम बनाउनु र विकास प्रक्रियाको उत्पादन तत्वमा पुरुषसँगको समानताको आधारमा नियन्त्रण गर्न पुरुषसँग समान रूपमा सहभागी हुनुलाई महिला सशक्तिकरण भनिन्छ । (लङ्वे, १९९१)

महिला सशक्तिकरण महिलाले आफू सक्षम मात्र होइन आफूभित्र आन्तरिकीकरण भएको दमनलाई बुझ्न र प्रतिरोध गर्न सक्ने क्षमताको विकास गर्नु पनि हो । (पौडेल, २०५९)

महिला सशक्तिकरण नारीलाई कुनै शक्ति प्रदान गर्ने नभई नारी भित्रकै शक्तिलाई उजागर गर्नेसँग सम्बन्धित छ । (शर्मा, २०५५)


**मोजर** (१९९१) ले महिलाहरूको शक्ति वृद्धि गर्नुलाई सशक्तिकरण दृष्टिकोण (Empowerment Approach) भनेका छन् । यसलाई महिलाहरूको आत्मसम्मान र आन्तरिक शक्तिको क्षमता वृद्धिको रूपमा लिएको छ । भौतिक र अभौतिक स्रोतहरूमा

नियन्त्रण गर्न सक्ने, जीवनको छनौट गर्न सक्ने आदि कुराहरूबाट सशक्तिकरणको पहिचान गर्न सकिन्छ ।


शक्तिहिनताको भावनाबाट नै सशक्तिकरणको बिचार (कथन) को उत्पत्ति भएको हो जसलाई सामाजिक आवश्यकता र मनोवैज्ञानिक अनुभवको रूपमा लिइन्छ । सामाजिक रूपान्तरण र वैयक्तिक स्वतन्त्रता (Social Transformation and Personal Liberation) का लागि सशक्तिकरण महत्वपूर्ण छ । परम्परागत घरायसी भूमिकामा दक्षता प्राप्त गर्नुभन्दा सृजनात्मक ज्ञानद्वारा आफ्नो वातावरणमा परिवर्तन गर्न सक्दछन् भन्ने सशक्तिकरण दर्शन हो । (लुइटेल, १९९६ बाट उद्धृत)

**फ्रायडमैन** (१९९२) ले मनोवैज्ञानिक, सामाजिक र राजनैतिक गरी सशक्तिकरण ३ प्रकारको हुन्छ जुन एक अर्कासँग त्रिभुजजस्तै सम्बन्धित हुन्छन् भनी भनेका छन् । यी कुरालाई निम्न चित्रहरूबाट प्रष्ट पार्न सकिन्छ । पहिलो चित्रले सशक्तिकरणको प्रकारहरूको एक आपसमा सम्बन्ध र दोश्रोले यी त्रिभुजको समान त्रिभुजहरूसँगको अन्तर सम्बन्धको प्रकाश पार्दछ । (लुइटेल, १९९६ बाट उद्धृत)

**चित्र नं. २ : सशक्तिकरणको प्रकार**




**चित्र नं. ३ : सशक्तिकरणको सञ्जाल**



फ्रायडमैनले एक्लै काम गरेका महिलाभन्दा परियोजनामा महिलाहरूसँग मिली काम गरेका महिलाहरूमा उत्पादनमा सहभागिता, राजनैतिक आन्दोलन अथवा आपसी सहयोगमा बढी काम गर्न सकेका पाएका छन् । सञ्जाल र संगठनले, सामूहिक कामले सामाजिक, मनोवैज्ञानिक र राजनैतिक सशक्तिकरण प्रक्रियामा महिलाहरूलाई उत्प्रेरित गरेको छ ।

मिलरले महिलाहरूमा कार्यान्वयन र परिवर्तन गर्ने क्षमतालाई सशक्तिकरण भनी परिभाषित गरेको छ । वहाँका अनुसार आफ्नो विकासलाई बढावा दिन महिलाहरूमा शक्ति चाहिन्छ नकि अन्य महिलाको शक्तिलाई सीमित पार्नु । (लुइटेल, १९९६ बाट उद्धृत)

स्ट्रोमक्वीस्ट (१९८८) ले सशक्तिकरणको तत्वको रूपमा संज्ञानी, मनोवैज्ञानिक र आर्थिक तत्वहरूलाई समेटी पूर्ण परिभाषा हुने भनी सुझाव दिएका छन् । संज्ञानी क्षेत्र अन्तर्गत सहयोगी अवस्था, लैङ्गिक अवरोध, कानुनी अधिकार बारे चेतना (समझदारी) बढाउने रहेको छ ।

सशक्तिकरणको मनोवैज्ञानिक तत्व अन्तरगत महिलाहरूलाई लाभान्वितभन्दा पनि सहभागीको रूपमा आत्मविश्वास र आत्मसम्मान निर्माण गर्ने रूपमा लिइएको छ । यसका लागि शैक्षिक परियोजनाहरूका हरेक तहमा महिलाहरूलाई संलग्न गराई भविष्यमा आफ्नो समस्या आफै समाधान गर्न सक्ने सक्षम बनाउनु पर्छ ।

सशक्तिकरणको आर्थिक तत्वको रूपमा उत्पादनशील कार्य प्रदान गर्नुलाई लिइएको छ जसले गर्दा केही मात्रामा आत्मनिर्भरता प्रदान गर्दछ । (लुइटेल, १९९६ बाट उद्धृत)

महिला सशक्तिकरण शैक्षिक समानता प्राप्त गर्ने केन्द्र हो । सशक्तिकरणद्वारा असमान शक्ति सम्बन्ध, जीवनमाथिको नियन्त्रण प्राप्त गर्ने र घर, काम गर्ने थलो र समुदायमा हुने असमानतामाथि ठूलो आवाज उठाउने शक्ति प्राप्त गर्दछ ।

महिला जसले असमानताको अनुभव गरिरहेको हुन्छ सशक्तिकरणले उसलाई पक्षपात शक्ति सम्बन्धहरू जुन उसले भोगीरहेको हुन्छ त्यसप्रति धेरै सचेत बनाएको हुन्छ ।

सशक्तिकरणले विभिन्न सीप आर्जन गर्ने, आवश्यकताहरू निर्धारण गर्ने, आत्मविश्वास र आत्मसम्मानको निर्माण गरी आफूलाई नियन्त्रण गर्न सक्षम बनाउँछ

जसले विभिन्न चुनौति र असमानताको सामना गरी उसले जीवनमाथि नियन्त्रणको वृद्धि गर्न सक्षम बनाउँछ ।

## २.७ नेपाली महिला र सशक्तिकरण

आचार्य (१९९७) मा नेपालको सन्दर्भमा सशक्तिकरण प्रक्रियाको बारेमा निम्न बिचारहरू व्यक्त गरिएका छन्-

- आर्थिक मौका र स्रोतमा महिलाको पहुंच वृद्धि गर्ने ।
  (रोजगार, ऋण, धन, प्रविधि, शिक्षा, ज्ञान, स्वास्थ्य आदि)
- महिला संगठन, एकता र सामूहिक कार्यबाट महिलाको राजनीतिक शक्ति वृद्धि गर्ने ।
- वर्तमान दमनात्मक धार्मिक, आर्थिक, सामाजिक, पारिवारिक र कानुनी (वैधानिक) अभ्यासहरूको लक्षण र कारणहरू बारेमा महिलाहरूको चेतना अभिवृद्धि गर्ने ।
- महिलाहरूको आत्मविश्वासलाई बलियो बनाउने ।

विकास र उत्पादन स्रोतहरूमा महिलाको सीमित पहुंच हुनुले महिलाको उत्पादकत्व घटाएको हो । महिलाहरूको शिक्षा, काम, ज्याला, सेवा र सीपयुक्त तालिममा पुरुषको तुलनामा कम पहुँच पुगेको छ ।

नेपालमा पुरुषलाई परिवारको पालनपोषणकर्ता (Bread Winners) को रूपमा हेरिएको हुनाले पुरुषलाई परिवार पाल्ने जिम्मेवारी दिइएको हुन्छ । (एफ.डब्लू, एल.डी., २०००)

नेपालमा ग्रामीण महिलाहरूलाई आयआर्जन गर्ने मौका प्रदान गर्ने सीप र आयमूलक क्रियाकलापको कमि रहेको छ । महिलाको आर्थिक फाइदा कमाउनको लागि सीप र आयमूलक कार्यक्रम उपलब्ध गराउनु पर्दछ । (आचार्य, १९९७)

**लुइटेल (१९९६)** मा मैथिली महिलाहरूमा साक्षरता कार्यक्रमले उनीहरूको सामाजिक, आर्थिक, राजनैतिक र मनोवैज्ञानिक पक्षमा परिवर्तन ल्याई सशक्तिकरण हुनमा टेवा पुग्न गएको उल्लेख गरिएको छ जसमा मैथिली महिलाहरूले साक्षरता कार्यक्रममा संलग्न भएपछि व्यक्त गरेका निम्न कुराहरू उल्लेख गरिएका छन्-

१) मैथिली महिलाहरूले साक्षरतालाई सशक्तिकरणको प्रक्रियाको रूपमा व्यक्त गरेको ।

२) साक्षर भएपछि उनीहरूले आफूलाई अरुको दाँजोमा जान्ने महिलाको रूपमा पाएको ।

३) साक्षरतालाई ज्ञान आर्जन गर्ने रूपमा हेर्ने गरेको ।

४) लेख्न, पढ्न र सामान्य अङ्क गणित सिकेर साधारण लेखपढ, दैनिक हरहिसाब राख्न सकेको साथै किनमेल गर्न र अरुसँग लेनदेन कार्य गर्न सक्षम भएको ।

५) छलफलबाट कुनै पनि कुराको निर्णयमा पुग्न सिकेको ।

६) समूह निर्माण, निर्णय प्रक्रिया, निष्कर्ष निकाल्ने आदि कार्यमा सचेत, आत्मविश्वासी दृष्टिकोण अपनाउने गरेको ।

७) बैंकमा खाता खोली, सम्पत्ति जोडी, लगानी गरी आर्थिक सम्पन्नतातिर उन्मुख हुने भएको ।

८) महिला समूहबाट विभिन्न सहयोगहरू भई आत्मविश्वास बढेको ।

९) महिला हकअधिकारको ज्ञान प्राप्त भई आफ्नो हकअधिकार प्राप्त गर्ने आँट पुगेको ।

उनको शोधमा साक्षरतालाई आर्थिक, सामाजिक, राजनैतिक र मनोवैज्ञानिक पक्षमा परिवर्तन ल्याउने सशक्तिकरणको स्रोतको आधारको रूपमा व्याख्या गरिएको छ । सशक्तिकरणको क्षेत्र व्यापक हुनुका साथै समयको गति, प्रविधि र ज्ञानको विकास सँगसँगै सशक्तिकरण आजीवन निरन्तर चलिरहने प्रक्रियाको रूपमा उल्लेख गरिएको छ ।

**रावल** (२००२) ले आफ्नो शोधमा महिलाहरूले पानीको पाइपलाईन, घर नजिक आउँदा पानी ल्याउने समय बचत भई अन्य काम जस्तैः तरकारी खेती, श्रमिक काम आदिमा लाग्न पाएकोले घरायसी आय र आर्थिक स्थितिमा केही सुधार गर्न सकेर सशक्तिकरणमा टेवा पुगेको उल्लेख गरेका छन् । तर आर्थिक लेनदेन र निर्णयन प्रक्रियामा महिलाको स्वायत्तता पाउन सकेका छैनन् ।

निम्न कुराहरूले महिला सशक्तिकरणमा टेवा पुग्न गएको उल्लेख गरिएको छ-

१) बचत तथा ऋण समूह र जल उपभोक्ता समितिको गठनमा महिलाहरू संलग्न भएको जसले महिलाहरूमा बचत गर्ने बानीको विकास गराएको र समूह मिलेमा काम हुने चेतनाको विकास भएको छ ।

२) पानी ल्याउन समय बचत भई अन्य घरायसी क्रियाकलाप, बच्चाको हेरचाह, खेतीपातीमा समय दिन सकेको र परिवारको आय बढेको तर महिलाहरूले आर्थिक रूपले सशक्तिकरण गर्न सकेका छैनन् ।

३) घरको नजिक पानी पाउनाले गरीब महिलाहरूले समय पाएका र श्रमिकको काम गर्न सक्ने भएका छन् ।

डा.लुइंटेल (१९९६) ले साक्षरताबाट महिला सशक्तिकरण हुने तर्क दिनुभएको छ । रावल (२००२) ले पानी ल्याउने समय बचतले अन्य क्रियाकलापमा महिलाले समय दिन सकेबाट महिला सशक्तिकरण हुने उल्लेख गर्नुभएको छ भने मेरो अध्ययनले आमा जागरण समूहको आयमूलक, सचेतनामूलक कार्यक्रमहरूबाट बुटवल नगरपालिकाका महिलाहरूको सशक्तिकरणमा टेवा पुग्ने अवधारणा राखिएको छ ।

*

परिच्छेद-तीन

# अनुसन्धान पद्धति
# ( Research Methodology )

## ३.१ अनुसन्धान ढाँचा (Research Design)

यो अनुसन्धान अन्वेषणात्मक र वर्णनात्मक ढाँचामा आधारित गरिएको छ । प्राथमिक र द्वितीय स्रोतहरूको प्रयोगको साथै मूख्य सूचनादाताको अन्तरवार्ता (Key informents Interview), लक्षित समूह छलफल (Focus Group Discussion), नमुना महिलासँगको व्यक्तिगत अन्तरवार्ता (Individual Interview), वैयक्तिक अध्ययन (Case Study) र स्थलगत अवलोकन (Field Observation) बाट तथ्याङ्कहरू संकलन गरी प्राप्त तथ्याङ्कहरूलाई परिमाणात्मक र गुणात्मक रूपले विश्लेषण र विवेचना गरिएको छ ।

यो अध्ययन सम्पन्न गर्न निम्न कार्यहरू चरणबद्ध रूपमा गरिएको छ-

१. तथ्याङ्क संकलन कार्यमा केही नछुटोस् भनेर कार्य विवरणको सूची डायरीमा तयार गरिएको छ ।
२. बुटवल नगरपालिकाको सम्बन्धित फाँट सामुदायिक विकास शाखाका प्रमुखसँग सम्पर्क गरी अध्ययनको लागि वडा छनौट गरिएको छ ।
३. वडा कार्यालयहरूका वडासचिव र आमा जागरण समूहका अध्यक्षसँग परामर्श गरी नमुना महिला छनौट गरिएको छ ।
४. उद्देश्यअनुसार तथ्याङ्क संकलनका लागि प्रश्नावली तयार गरिएको छ ।
५. अन्तरवार्ता प्रश्नावलीलाई ५ जना महिलामा परीक्षण गरी अन्तिम रूप दिइएको छ ।
६. तथ्याङ्क संकलनका लागि निर्धारित गरिएको साधनहरूको (समूह छलफल, नमुना महिला अन्तरवार्ता, वैयक्तिक अध्ययन, मूख्य व्यक्ति अन्तरवार्ता र स्थलगत अवलोकन) प्रयोगबाट तथ्याङ्क संकलन गरिएको छ ।
७. संकलित तथ्याङ्कहरूलाई आवश्यकताअनुसार प्रतिशतमा निकाली तालिकीकरण गरी व्याख्या र विश्लेषण गरिएको छ ।
८. अनुसन्धान प्रतिवेदनको खेस्रा(Draft) तैयार गरी पुनः केलाउने र पुनर्लेखन कार्य गरी अन्तिम प्रतिवेदन (Final Report) तैयार गरिएको छ ।
९. अन्तिम प्रतिवेदनलाई मूल्याङ्कनका लागि पेश गरिएको छ ।

### ३.२ अध्ययन क्षेत्रको छनौट (Selection of Study Area):

शोधकर्ताबाट अध्ययनक्षेत्रको रूपमा बुटवल नगरपालिकालाई छनौट गरिएको छ । अध्ययन क्षेत्र बुटवल नगरपालिका नै छनौट गर्नुको औचित्य निम्नलिखित छन्-

१. नेपालमा सर्वप्रथम आमा जागरण समूह स्वायत्त संस्थाको रूपमा गठन गरी महिला सशक्तिकरणका कार्यक्रमहरू संचालन गर्ने नमुना नगरपालिकाको रूपमा बुटवल नगरपालिका भएकोले ।

२. अध्ययन शीर्षक महिला सशक्तिकरणसँग सम्बन्धित भएको र महिलाकै अगुवाईमा महिला सशक्तिकरणका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको आमा जागरण समूह बुटवल नगरपालिकामा संगठित भएकोले ।

३. बुटवल नगरपालिकामा सहरी र ग्रामीण परिवेशका वडाहरू रहेकाले अध्ययनमा विश्वसनीयता (Reliability) आउने र उपयुक्त पनि हुने हुनाले ।

४. अध्ययनकर्ता स्वयं बुटवल नगरपालिकासँग परिचित र अध्ययनको क्रममा सूचनाहरू संकलन गर्न सुविधा हुने भएकोले अध्ययनको लागि बुटवल नगरपालिकालाई नै छनौट गरिएको हो ।

### ३.३ तथ्याङ्कको स्रोतहरू र प्रकृति (Nature and Sources of Data)

अध्ययनका लागि तथ्याङ्क संकलन प्राथमिक र द्वितीय स्रोतहरूबाट गरिएको छ । आधारभूत तथ्याङ्कहरू संकलन गर्न मूख्य रूपले प्राथमिक स्रोतको प्रयोग गरिएको छ । द्वितीय स्रोतलाई पनि सूचनाको स्रोतको रूपमा लिइएको छ ।

**प्राथमिक स्रोतहरू अन्तर्गत निम्न पर्दछन्-**

- अवलोकनबाट प्राप्त सूचनाहरू
- नमुना छनौटमा परेका महिलाहरू
- मूख्य सूचनादाताहरू

**द्वितीय स्रोतहरू अन्तर्गत निम्न पर्दछन्-**

- बुटवल नगरपालिका कार्यालयबाट प्राप्त अभिलेखहरू
- आमा जागरण समूहका अभिलेखहरू
- प्रकाशित पत्रपत्रिका, पुस्तक, लेख रचना आदि ।

### ३.४ नमुना छनौट प्रक्रिया (Process of Sampling)

बुटवल नगरपालिकाको ग्रामीण परिवेशमा भएको वडा १५ र सहरी परिवेशमा रहेको वडा ५ लाई छनौट गरी आमा जागरण समूहका कार्यक्रमहरूमा सहभागी भएका

महिलाहरूलाई नमुनाको रूपमा छनौट गरिएको छ । दुवै वडाबाट २५, २५ गरी जम्मा ५० जना महिला छनौट गरिएको छ । वडाको चयन-उद्देश्यमूलक (Purposive) छनौट विधिबाट गरिएको छ भने नमुना महिलाहरूको चयन सबै टोल र वर्ग पर्ने गरी उद्देश्यमूलक सम्भावनायुक्त नमुना छनौट (Purposive Random Sampling) विधिबाट गरिएको छ र वडा छनौटका लागि बुटवल नगरपालिकाको सामाजिक विकास शाखाको प्रमुखको सहयोग लिइएको थियो भने महिला छनौटका लागि आमा जागरण समूहका अध्यक्ष एवम् वडा समिति कार्यालयका सचिवको सहयोग लिइएको थियो ।

## ३.५ तथ्याङ्क संकलनको साधन र तरिका (Tools and Techniques of Data Collection)

छनौटमा परेका महिलाहरू र मूख्य सूचनादाताबाट तथ्याङ्क संकलन गर्न लक्षित समूह छलफल, व्यक्तिगत अन्तरवार्ता, वैयक्तिक अध्ययन र अवलोकन साधनहरूको प्रयोग गरिएको छ । तथ्याङ्क संकलन निम्न तरिकाबाट सम्पन्न गरिएको छ-

### ३.५.१ लक्षित समूह छलफल (Focus Group Discussion)

निश्चित दिन र समयमा महिला भेला गराई अध्ययनको उद्देश्यअनुरूपको समूह छलफल निर्देशिका (Focus Group Discussion Guideline) लाई क्रमशः प्रस्तुत गर्दै छलफल गराउंदै उत्तर (निष्कर्षमा) लाई टिपोट गर्दै लगिएको थियो । त्यसैबेला शोधकर्ताले छलफलकै क्रममा स्वअवलोकनबाट वैयक्तिक अध्ययनका लागि उपयुक्त महिला ५, ६ जनाको नाम टिपोट पनि गरिएको थियो । लक्षित समूह छलफल कार्यमा सहयोगको लागि एकजना सहयोगीलाई पूर्वनिर्देशन दिई तयार पारिएको थियो भने शोधकर्ताबाट छलफलमा कुराकानी सँगसँगै सूचनाहरू टिपोट गर्ने कार्य गरिएको थियो, जसको लागि छलफल निर्देशिका तयार गरिएको थियो ।

### ३.५.२ व्यक्तिगत अन्तरवार्ता (Personal Interview)

नमुना महिलाको घरघरमा शोधकर्ता आफै गई अन्तरवार्ता प्रश्नावलीको प्रयोगबाट तथ्याङ्कहरू संकलन गरिएको थियो । त्यसै क्रममा वैयक्तिक अध्ययनका लागि टिपोट गरिएका महिला साथै टिपोटमा नपरेका महिलामध्येबाट पनि छनौटमा पर्न गएकोले पुनः भेट्ने कुरा राख्दै जानकारीहरू प्राप्त पनि गरिएको थियो । व्यक्तिगत अन्तरवार्ता प्रश्नावलीमा संरचित, अर्धसंरचित र खुल्ला किसिमका २३ वटा प्रश्नहरू समावेश गरिएको थियो ।

### ३.५.३ वैयक्तिक अध्ययन (Case Study)

वैयक्तिक अध्ययनका लागि छनौट गरिएका महिलासँग पुनः घरमै भेटघाट गरी कुराकानी र अवलोकनको माध्यमबाट सूचनाहरू संकलन गरिएको थियो ।

### ३.५.४ मूख्य सूचनादाताको अन्तरवार्ता (Key Informents Interview)

मूख्य सूचनादाताबाट तथ्याङ्क संकलन अन्तरवार्ता प्रश्नावलीको आधारमा गरिएको थियो । यसमा १७ वटा खुल्ला प्रश्नहरूको प्रयोग गरिएको थियो । मूख्य सूचनादातामा बुटवल नगरपालिकाका सम्बन्धित सामाजिक विकास शाखाका प्रमुख, आमा जागरण समूह तथा समन्वय समूहका अध्यक्षहरू, वडा समिति कार्यालयका सचिवहरू र समाजसेवीहरूलाई (आठजना) लिइएको थियो । प्रश्नावली सबै सूचनादाताका लागि समेटिने गरी एउटै तयार गरिएको थियो ।

### ३.५.५ अवलोकन (Observation)

अनुसन्धानको क्रममा सुरुदेखि अन्त्यसम्म भेटघाट गरिएका महिलाहरू, महिलाको व्यक्तित्व, बोल्ने क्षमता, प्रस्तुतीकरण, घरको अवस्था, काम गर्ने थलो सबैको शोधकर्ताले आफैं अवलोकन गरी प्राप्त सूचनाहरूलाई गुणात्मक रूपमा (भाषागत रूपमा) डायरीमा टिपोट गरिएको थियो जसको लागि अवलोकन निर्देशिका तयार गरिएको थियो ।

## ३.६ तथ्याङ्क विश्लेषण र विवेचना (Analysis & Interpretation of Data)

अध्ययनका लागि तयार गरिएका तथ्याङ्क संकलनका साधनहरूको प्रयोग गरी प्राप्त भएका तथ्याङ्कहरूलाई आवश्यकताअनुसार प्रतिशतमा निकाली तालिका र चित्रमा प्रस्तुत गरी विश्लेषण र विवेचना गरिएको छ । अध्ययननका क्रममा प्राप्त भएका अनुभूति र प्रभावहरूलाई प्राथमिकताको आधारमा गुणात्मक तरिकाले विश्लेषण र विवेचना गरिएको छ ।

## ३.७ तथ्याङ्क संकलनको समस्याहरू (Problems of Data Collection)

कार्यक्षेत्र प्रवेश र तथ्याङ्क संकलनको सुरुवात् बुटवल नगरपालिका सामाजिक विकास शाखामा भएको थियो । तथ्याङ्क संकलन गर्न शाखा र पुस्तकालयका कर्मचारीहरूको सौहार्द्रपूर्ण सहयोग प्राप्त भएको थियो । वडाहरूमा आमा जागरण समूहको अभिलेखहरू बम विस्फोटनका कारणले पूर्ण रूपमा प्राप्त नहुनाले अध्ययनको सिमामा केही फेरबदल गर्नुपऱ्यो । अन्त्यमा सबै समस्याहरू समाधान हुँदै गएको र चाहिने तथ्याङ्कहरू प्राप्त गर्न सकेको महशुस भएको छ ।

**तथ्याङ्क संकलन कार्यमा भोगेका प्रमुख समस्याहरू निम्नलिखित छन्-**

- आमा जागरण समूह विघटन (समयावधि सकेर) भएको र नयाँ गठनको प्रक्रियामा रहेको अवस्थामा पुरानै आमा जागरण समूहको अध्यक्षसँग सम्पर्क राखी कार्य आरम्भ गर्नु परेको ।
- वडा नं ५ को कार्यालयमा वम विस्फोटले गर्दा आमा जागरण समूहको अभिलेखहरू फेला नपरेको जसले गर्दा आमा जागरण समूहको कार्यक्रममा सहभागी महिलाहरूको जम्मा संख्या किटान गर्न असम्भव भई वडा सचिव, स्टाफ र आमा जागरण समूहका पूर्व अध्यक्षहरूको सहयोगबाट महिलाको छनौट गर्नु परेको ।
- आर्थिक वर्ष २०६३/०६४ र २०६४/०६५ दुई वर्षको कार्यक्रममा सहभागी महिलाहरूमात्र अध्ययन गर्ने भनिएकोमा पुनर्गठन नभएकोले २०५६ साल (सुरु) देखि हालसम्मकै अध्ययन गर्नु पर्ने अवस्था आएको ।
- वर्षात्को महिना परेकोले यात्रामा असुविधा भोग्नु परेको ।
- केही महिला अन्तरवार्ता दिन अप्ठ्यारो मानेको, पछि कुराकानी गर्दागर्दै खुलापन आई समस्या हट्ने गरेको ।

*

परिच्छेद-चार

# अध्ययन क्षेत्रको परिचय
# ( Introduction of Study Area )

यस अध्ययनको अध्ययनक्षेत्र बुटवल नगरपालिका छनौट गरिएकोले यसको सँक्षिप्त परिचय दिनु आवश्यक ठानिएको छ । बुटवल नगरपालिकाले बुटवल क्षेत्रका महिलाहरूलाई सशक्तिकरण गर्न सकेमा मात्र बुटवल नगरकै विकास हुन सक्ने मनन् गरी महिला सशक्तिकरणका लागि विभिन्न प्रयासहरू गरेका छन् । बुटवल नगरपालिका बाट प्राप्त अभिलेख, प्रकाशित पत्रपत्रिका, बुलेटिन, बडापत्र, मूख्य सूचनादाता एवं महिलाहरूसँगको अन्तरवार्ताबाट प्राप्त सूचना तथा तथ्यहरूको आधारमा नगरपालिकामा भए गरेका प्रयासहरूलाई यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## ४.१ बुटवल नगरपालिकाको संक्षिप्त परिचय

नेपालको पशि्चमाञ्चल विकासक्षेत्र, लुम्बिनी अञ्चल, गौतम बुद्धको जन्मस्थल रूपन्देही जिल्लाको उन्सत्तरी गा.वि.स. र दुई नगरपालिकामध्ये एक नगरपालिका बुटवल नगरपालिका हो । यो नगरपालिका ऐतिहासिक र व्यापारिक हिसाबले निकै प्रसिद्ध छ । मणिमुकुन्द सेन दरवारको भग्नावशेष, कर्नेल उजिर सिंह थापाले अंग्रेजलाई युद्धमा परास्त गरेको स्थल, जितगढी किल्ला, मानवपुर्खा रामापिथेकसको अवशेष फेला परेको स्थान बुटवलको महत्व निकै रहेको छ ।

रूपन्देही जिल्लामा पर्ने बुटवल नगरपालिकाको छिमेकी जिल्लाहरू पूर्वमा नवलपरासी, पशि्चम कपिलवस्तु, उत्तर पाल्पा र दक्षिणमा उत्तर भारतको सुनौली नाका पर्दछ । नेपालको झण्डै बीच भागमा पर्ने यस स्थानमा पूर्व-पशि्चम महेन्द्र राजमार्ग र उत्तर-दक्षिण सिद्धार्थ राजमार्ग गुज्रेको छ । तसर्थ यहाँ पाल्पा, अर्घाखाँची, गुल्मी, स्याङ्जा, कपिलवस्तु, नवलपरासी, उत्तरी भारत सुनौली सिमानाबाट थुप्रै व्यापारीहरू आएर व्यापार व्यवसाय गर्ने गर्दछन् । पूर्व, पशि्चम, उत्तर, दक्षिण सबै क्षेत्रबाट केन्द्रविन्दुमा परेको बुटवल व्यापारिक हिसाबले निकै अनुकूल र प्रसिद्ध पनि रहंदै आएको छ ।

बुटवल नगरपालिकाको कूल क्षेत्रफल ७९५३.१० हेक्टर (६९.२८ वर्ग किलोमिटर) छ भने, बसोवासको क्षेत्र २५० हेक्टर, कृषि क्षेत्र ९०० हेक्टर, बजार क्षेत्र २०० हेक्टर,

वनक्षेत्र ५५६७.१७ हेक्टर र अन्य क्षेत्र १०३५.९३ हेक्टर रहेको छ । (नागरिक बडापत्र २०६१, बु.न.पा.)

बुटवल नगरपालिकाको नागरिक बडापत्र २०६१ अनुसार यहाँको कूल जनसंख्या १,०८,७५५ जसमा ५५,२४५ महिला र ५३,५१० पुरुष छन् । स्थायी जनसंख्याको रूपमा ७०,२५६ रहेको छ भने बाहिरबाट व्यापार वा अन्य कारणबाट आई बसोबास गर्ने जनसंख्या ३८,४९९ छन् ।

यस अध्ययन क्षेत्रको सिमाना पूर्वमा देवदह गा.वि.स. रूपन्देही, पश्चिम पर्रोहा-सेमलार गा.वि.स. रूपन्देही, उत्तरमा दोभान गा.वि.स. पाल्पा र दक्षिणमा शंकरनगर गा.वि.स. तथा मोतिपुर गा.वि.स. पर्दछ । यहाँको तापक्रम न्यूनतम् ८$^{\circ}$ सेल्सियस र अधिकतम ४०$^{\circ}$ सेल्सियस रहने गर्दछ ।

बुटवलमा बसोवास गर्ने मूख्य जातिहरू नेवार, ब्राम्हण, क्षेत्री, मगर, गुरुङ, ठकुरी, थारु, कसौधन, अग्रवाल, सुनुवार, थकाली मुस्लिम, दमाई आदि छन् ।

यहाँका मानिसहरूले हिन्दू, बौद्ध, क्रिश्चियन, मुस्लिम, शिख धर्म मान्ने गर्दछन् भने महत्वपूर्ण धार्मिक स्थलको रूपमा सिद्धबाबा, गणेश मन्दिर, नारायण स्थान, राधाकृष्ण मन्दिर, कालिका मन्दिर, राम मन्दिर, बाघ भैरव, भुवनेश्वरी मन्दिर, बौद्ध गुम्बा, पद्म चैत्य बिहार आदि छन् । यहाँको पर्यटकीय स्थलहरू मणिमुकुन्द सेन पार्क, हिल पार्क, सिद्धबाबा धाम, पद्म चैत्य बिहार आदि हुन् ।

स्वास्थ्य सुविधाका रूपमा अस्पतालहरू लुम्बिनी अञ्चल अस्पताल, सिद्धार्थ बाल तथा महिला अस्पताल, लुम्बिनी आयुर्वेदिक अस्पताल, लायन्स आँखा अस्पताल, लुम्बिनी नर्सिङ होम, बुटवल हस्पिटल, कान्तिपुर डेन्टल हस्पिटल छन् भने थुप्रै विभिन्न स्वास्थ्य सम्बन्धी क्लिनिकहरू सञ्चालित छन् ।

शैक्षिक संस्थाहरूको रूपमा विद्यालयहरू सरकारी एवम् निजी रहेका छन् । जसमा सरकारी मा.वि. १० वटा, निजी २७ वटा, सरकारी नि.मा.वि. ५ वटा, निजी २ वटा, सरकारी प्रा.वि. ७ वटा, निजी प्रा.वि. १५ वटा सामुदायिक उच्च मा.वि. ४ र निजी उच्च मा.वि.(१०+२) ७ वटा छन् । त्रि.वि. आंगिक क्याम्पस १ वटा र त्रि.वि.बाट सम्बन्धन प्राप्त क्याम्पस ५ वटा रहेका छन् साथै पोखरा विश्वविद्यालयको सम्बन्धन प्राप्त क्याम्पस २ वटा रहेका छन् भने पूर्वाअञ्चल विश्वविद्यालयको सम्बन्धन प्राप्त क्याम्पस १ रहेको छ ।


चिकित्सा क्षेत्रमा जनशक्ति तयार गर्ने प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बाट सम्बन्धन प्राप्त ३ वटा तालिम केन्द्रहरू पनि सञ्चालित छन् । बुटवल नगरपालिकाको जनसंख्या १,०८,७५५ मा महिला जनसंख्या ५०.८ प्रतिशत रहेको छ । ६ वर्षदेखि माथिका साक्षरता दर ८८.६ प्रतिशत रहेकोमा पुरुषको ९२.९ प्रतिशत र महिलाको ८४.४ प्रतिशत रहेको छ । ८४.४ प्रतिशत साक्षर महिलाहरूमा ३६.११ प्रतिशत महिलाहरू पढ्न र लेख्नमात्र जान्ने क्षमताका रहेका छन् ।
(स्रोतः बु.न.पा. पुस्तकालय)

उमेर पुगेका, आमा, बज्यै भईसकेका महिलाको शिक्षाको लागि साधना महिला विद्यालय नि.मा.वि. स्तरसम्मको सरकारी स्वीकृति प्राप्त गरी २०६२।१०।१८ देखि सुरु भएको छ । यो विद्यालय महिलाका लागि नेपालको दोश्रो नमुना विद्यालयको रूपमा बुटवलमा स्थापना भएको छ । महिलाहरूको सक्रियतामा महिलाद्वारा सञ्चालित यस विद्यालयले महिला सशक्तिकरणमा निकै टेवा प्रदान गर्दै आएको छ ।

## ४.२ बुटवल नगरपालिकाको संगठनात्मक स्वरूप

बुटवल नगरपालिकाको सर्वोच्च निकायको रूपमा नगर परिषद् रहेको छ । यसअन्तर्गत लेखा समिति, विषय समितिहरू, राजस्व परामर्श समिति, पदपूर्ति समिति र नगरपालिका बोर्ड रहेको छ । प्रशासन, राजश्व तथा वित्त व्यवस्थापन, सहरी विकास तथा सार्वजनिक निर्माण र समाज कल्याण तथा सामुदायिक विकास महाशाखा गरी चारवटा महाशाखाहरूले नगरपालिकाको सबै कार्यहरूको सुसञ्चालन गर्न विभिन्न शाखा, उपशाखा र एकाइहरू गठन गरिएको छ । यसको विस्तृत विवरण संगठनात्मक स्वरूप चार्टमा प्रस्तुत गरिएको छ । ( पाना नं. ३६ मा )

## चित्र नं. ४ : बुटवल नगरपालिकाको संगठनात्मक स्वरूप



## ४.३ महिला सशक्तिकरणका लागि संगठित निकायहरू

बुटवल नगरपालिकाले नगरको विकास अभियानमा समुदायस्तरको नागरिक समाजको सक्रिय सहभागिताको आवश्यकता मनन गरी १५ वटै वडामा विकास र सरसफाई गर्न सामुदायिक विकास र वातावरण समिति (Community Development and Environmental Committee-CDEC) तथा महिलालाई विकासमा सहभागिता गराउन १५ वटै वडामा आमा जागरण समूह (Mother's Initiative Group-MIG) को गठन गरी परिचालन गरेको छ ।

भौतिक विकाससँगै सामाजिक विकास समानान्तर रूपमा अगाडि बढेमा विकासले पूर्णता प्राप्त गर्न सक्ने भएकाले बुटवल नगरपालिकाले नगरपालिकाको विकास अभियानमा सामुदायिक विकास र वातावरण समिति र आमा जागरण समूहजस्ता संस्थाहरू मार्फत् नगरबासीलाई समेत विकास प्रक्रियामा सहभागी बनाउँदै उनीहरूको व्यक्तिगत तथा संस्थागत क्षमता अभिवृद्धिमा सहयोग गर्दै भौतिक र सामाजिक विकासलाई सँगसँगै लैजाने प्रयास गरेको छ ।

नगरपालिकाले सामुदायिक विकास र वातावरण समिति(CDEC) र आमा जागरण समूह (MIG) को नियमित कार्य र बैठक सहजतापूर्वक सञ्चालन गर्नका लागि १५ वटै वडामा अक्षयकोष खडा गरेको छ । यी संस्थाहरूले समुदायका विपन्न तथा पिछडिएका वर्गको उत्थान तथा महिला सशक्तिकरणका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्नुका साथै समुदायमा देखिएका वास्तविक समस्याहरूको पहिचान गरी प्राथमिकताको आधारमा कार्यक्रमहरू संचालन गर्ने गरेको छ । कार्यक्रम संचालन गर्न दुवै संस्थालाई वार्षिक वजेट रू. बीस/बीस हजारका दरले नगरपालिकाले १५ वटै वडालाई उपलब्ध गराएको छ ।

बुटवल नगरपालिकाले वडाको विकास र योजना निर्माण कार्यमा सहयोग लिन २४० वटा टोल विकास संस्था (TLO) को गठन गरी हरेक वडाका टोलटोलमा बचत कार्यक्रमहरू सञ्चालन, ऋण परिचालन र नागरिक समाजको सामाजिक, आर्थिक विकासमा टेवा पुऱ्याँउदै आएको छ ।

महिलाको आय आर्जनबाट आर्थिक विकास गर्नका लागि सीप विकास तालिम दिने हेतुले १५ वटै वडालाई समेट्ने गरी १२ वटा महिला शिल्पकला तालिम केन्द्र स्थापना गरी सिलाई कटाई र बुनाई तालिम सञ्चालन गरिरहेको छ । महिला शिल्पकलामा तालिम प्राप्त गरेका महिलाले आफ्नो आर्थिक विकासका लागि

नगरपालिकाबाट ऋण लिई व्यवसाय (सिलाई कटाई) गर्न सक्ने व्यवस्था नगरपालिकाले गरेको छ ।


नगरपालिकाको १५ वटा वडाका लागि स्वास्थ्यसम्बन्धी कार्य गर्न आवश्यकता-अनुसार १४० जना महिला स्वास्थ्य स्वयंसेवीका (जनस्वास्थ्य क्षेत्रमा) परिचालन गरेको छ । स्वयंसेवीकाको सुविधाको रूपमा वर्षमा एक पटक पोशाक (यूनिफर्म) र कार्यक्रम भएको दिन भत्ता, ढुवानी, गाडीभाडा आदि उपलब्ध गराएको छ ।

यसप्रकार बुटवल नगरपालिकाले सामुदायिक विकास तथा वातावरण समिति, आमा जागरण समूह तथा टोल विकास संस्थालाई विकास अभियानमा नेटवर्किङ्गको काम गर्ने माध्यमको रूपमा प्रयोग गरेको छ भने ती संस्थाहरूले पनि नागरिक समाजको हीतका कामहरू गरी नगरपालिकाको विकास अभियानमा महत्वपूर्ण जनप्रतिनिधिको भूमिका निभाइरहेका छन् ।

## ४.४ आमा जागरण समूह

बुटवल नगरपालिकाले सामाजिक विकास शाखाअन्तर्गत महिला सशक्तिकरणका विभिन्न कार्यक्रमहरू संचालन गर्दै आएको छ । महिलासँग सम्बन्धित विभिन्न आयमूलक र चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरी महिलाहरूको आर्थिक र सामाजिक अवस्थामा सुधार ल्याई महिलालाई सशक्तिकरण गर्दै नगरपालिकाकै विकास गर्ने सोंचले नगरस्तरीय आमा जागरण समन्वय समूह र वडास्तरीय आमा जागरण समूह (१५ वटा) गठन गरिएको छ । यी समूहहरू सांगठनिक रूपमा स्वतन्त्र र स्वायत्त छन् भने नगरपालिकाले आर्थिक र प्राविधिक सहयोग प्रदान गरी परिचालन गर्दै आएको छ जुन तलको ढाँचामा प्रस्तुत गरिएको छ-

**चित्र नं. ५ : आमा जागरण समूहको महिला सशक्तिकरण कार्यक्रमको ढाँचा**




आमा जागरण समूहको उद्देश्य, गठनविधि, काम, कर्तव्य, अधिकार र कार्य सञ्चालन प्रक्रिया आदि बारे जानकारी प्रदान गर्न आमा जागरण समूहको निर्देशिका २०५६ निम्नानुसार प्रस्तुत गरिएको छ ।

बुटवल नगर क्षेत्रको सर्वाङ्गीण विकास अभियानमा महिलाहरूको सहभागिता अपरिहार्य महशुस गरिएकोले महिलाहरूको सशक्तिकरणका लगि आर्थिक पक्षमा सुधार

ल्याई जीवनस्तर उठाउन बुटवल नगरपालिकाले आमा जागरण समूहको निर्देशिका-२०५६ तयार गरी कार्य प्रारम्भ गरेको थियो ।

आमा जागरण समूह प्रत्येक वडामा रहने छ । अध्यक्ष-१, उपाध्यक्ष-१, सचिव-१, कोषाध्यक्ष-१ र सदस्य-५ गरी जम्मा ९ जना रहने गरी वडाका प्रतिभाशाली र बहुपक्षीय व्यक्तिहरू समेटेर समूहको गठन गरिने व्यवस्था गरिएको छ । त्यस्तै वडाका २५ देखि ७५ घर सम्मका महिलाहरूलाई समेटी अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्य २५-७५ घरका महिला आवश्यकताअनुसार संलग्न गराई टोल समूह गठन गरिने प्रावधान रहेको छ ।

सबै वडाका आमा जागरण समूहका अध्यक्षहरूमध्ये नगरप्रमुखको सिफारिसमा एकजना अध्यक्ष र अन्य सबै सदस्य हुने गरी आमा जागरण नगर समन्वय समितिको गठन गरिने छ जसले नगरमा आमा जागरण समूहबीच समन्वयकर्ताको कार्य गर्ने व्यवस्था गरिएको छ ।

आमा जागरण समूह, टोल समूह नगर समन्वय समिति ३ वटैको पदावधि दुई वर्ष रहेको छ ।

नगरपालिकाले सञ्चालन गर्ने सामाजिक सेवा, महिला उत्थान तथा महिला जागरण, सरसफाई, असहाय बालबालिका, अनौपचारिक शिक्षा, कानुनी साक्षरता आदि कार्यक्रममा सहयोग र सल्लाह दिने कार्य आमा जागरण समूहको रहेको छ । टोल समूहले सञ्चालन गर्ने बचत कार्यक्रमलाई प्रभावकारी बनाउने र विशेष गरी महिला उत्थान र महिला जागरण समूहको काम, कर्तव्य र अधिकार किटान गरिएको छ। त्यस्तै आमा जागरण नगर समन्वय समितिको काम वडास्तरीय समूहको मूल्याङ्कन र वडा समूह र नगरपालिका वडा समितिबीच समन्वय गर्ने र प्रतिवेदन नगर प्रमुख समक्ष पेश गर्ने रहेको छ ।

आमा जागरण समूहको बैठक कम्तिमा महिनामा एक पटक र नगर समन्वय समितिको बैठक ३ महिनाको एक पटक बस्नुपर्ने, गणपुरक संख्या ५१% हुनुपर्ने र निर्णय बहुमतको आधारमा हुनुपर्ने व्यवस्था गरिएको छ ।

नगरपालिकाले प्रदान गर्ने अनुदान, सेवा शुल्क, सदस्यता शुल्क र अन्य स्रोतबाट प्राप्त रकम जम्मा गर्न कोषको व्यवस्था गर्ने कुरा तोकिएको छ ।

यी समूहहरूले काम नगरेको लागेमा नगर प्रमुखले कुनै पनि बेलामा समिति वा पदाधिकारीलाई भंग वा निष्कासन गर्न सक्ने व्यवस्था गरिएको छ । साथै उक्त

निर्देशिकाको व्याख्या गर्ने, वाधा अड्काउ फुकाउने अधिकार नगरपालिकालाई प्रदान गरेको कुरा उल्लेख गरिएको छ ।

### ४.५ महिला शसक्तिकरणका लागि भएका प्रयासहरू

बुटवल नगरपालिकाको स्थापना वि.स. २०४६ सालमा भएको थियो । स्थापनाकालदेखि नै प्राथमिक शिक्षामा केटीको सहभागिता बढाउने र महिला प्रौढ शिक्षा सञ्चालन गरी महिला सशक्तिकरणका प्रयास भएको इतिहासबाट अवगत हुन्छ । अभिलेखको अभावले गर्दा वि.स. २०५६ सालदेखि महिला सशक्तिकरणका लागि भएका प्रयासहरूलाई अध्ययनमा समावेश गरिएको छ ।

मूख्य सूचनादाता र नमुना छनौटमा परेका महिलाहरूसँगको अन्तरवार्ता, समूह छलफलको सार, बुटवल नगरपालिकाको विभिन्न शाखाबाट प्राप्त अभिलेखहरूको विश्लेषण र विवेचनाबाट महिला सशक्तिकरणका लागि भएका प्रयासहरू बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

#### ४.५.१ बुटवल नगरपालिकाबाट भएका प्रयासहरू

**१. आमा जागरण समूह (MIG)**

बुटवल नगरपालिकाभित्रका महिलाहरूलाई विभिन्न पक्षमा सशक्तिकरण गर्न २०५६ सालमा आमा जागरण समूहको गठन गरिएको थियो । यसको प्रमुख उद्देश्यको रूपमा महिला उत्थान, रोजगार, स्वास्थ्य सम्बन्धी तालिम, वचत योजना, कानुनी साक्षरता सञ्चालन गर्ने रहेको छ ।

**२. सामुदायिक विकास तथा वातावरण समिति (CDEC)**

नगरबासीहरूको सहभागितामा विकास निर्माण कार्य गर्न वि.स. २०५६ सालमा सामुदायिक विकास तथा वातावरण समितिको गठन गरिएको थियो । यसको प्रमुख उद्देश्य जनसहभागिता जुटाउने, वातावरण संरक्षण, महिला संरक्षण, चेतनामूलक कार्यक्रम, शिक्षा, स्वास्थ्य र सफाई सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने रहेको छ ।

**३. महिला स्वास्थ्य स्वयंसेविका**

स्वास्थ्य क्षेत्रमा कार्य गर्न १५ वटै वडामा आवश्यकतानुसार १४० जना महिला स्वयंसेविकाको छनौट गरी विविध पक्षमा तालिम प्रदान गरिएको छ । यसको प्रमुख उद्देश्य खोप, प्रजनन् स्वास्थ्य, बालबालिकाहरूको जन्म, मृत्यु र महिलाहरूको सुत्केरी अवस्थाको विवरण तयार गर्ने आदि कार्यमा सहयोग पुऱ्याउने रहेको छ ।

**४. महिला शिल्पकला तालिम केन्द्रको सञ्चालन**

महिलाहरूलाई सिलाई-कटाईको तालिम प्रदान गरी आत्मनिर्भर बनाउन र रोजगार गर्न वि.स. २०३८ सालमा महिला शिल्पकला तालिम केन्द्र वडा नं. ६ मा स्थापना भई वि.सं. २०५१ सालदेखि ११ वटा महिला शिल्पकला केन्द्रको उपकेन्द्र बिस्तार गरी हाल १२ वटा महिला शिल्पकला तालिम केन्द्रहरू निरन्तर नगरपालिकाको बजेटबाट प्रशिक्षकको व्यवस्था गरी सञ्चालित गरिएको छ । यसले पनि महिलालाई आयमूलक काममा संलग्न गराई महिला सशक्तिकरणमा टेवा पुऱ्याउंदै आएको छ ।

**५. टोल विकास संस्था**

स्थानीयरूपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरलाई अधिकतम् परिचालन गर्न र टोलका जनसमुदायलाई संस्थागत रूपमा विकास गर्न टोल विकास संस्थाको गठन गरिएको छ । यसको प्रमुख उद्देश्य दिगो संस्थाको विकास गर्ने, गरिबी निवारण, समुदाय परिचालन, सहभागितात्मक नगरपालिका योजना निर्माण, सुशासन, सरसफाई, वातावरणीय संरक्षणका साथै विशेषगरी महिलाको सशक्तिकरणका लागि आर्थिकरूपमा आत्मनिर्भर, सामाजिकरूपमा जागरण, राजनैतिकरूपमा सचेत गराउने रहेको छ ।

**६. महिला सशक्तिकरणका लागि बजेटको व्यवस्था**

प्रत्येक वडामा महिला सशक्तिकरण गर्न र उनीहरूको विकासका लागि नगर-पालिकाको बजेटमै प्रतिवडा रू.२०,०००।- रकम विनियोजन गर्ने गरेको छ । उक्त रकमबाट महिलासँग सम्बन्धित कार्यक्रम प्रत्येक वडाका आमा जागरण समूह (MIG) ले आवश्यकताअनुसार खर्च गर्ने गरेको छ । प्रत्येक वडामा रू.१५,०००।- को अक्षयकोष खडा गरिएको छ जसको व्याज रकमबाट कार्यालय सञ्चालन तथा बैठक सञ्चालन गर्ने गरिएको छ ।

**सुरक्षित मातृत्व सापटी कोष-** सुत्केरी हुने महिलाहरूलाई तत्कालीन सहयोगको लागि रू.२,५००।- वडा नं. १५ का आमा जागरण समूह (MIG) लाई प्रदान गरी ( ग्रामीण बसोवास भएको) सुरक्षित मातृत्व सापटी कोष खडा गरिएको छ जसबाट आवश्यकतानुसार एक आर्थिक वर्षमा ३ जनासम्मलाई रू.५००।- फिर्ता गर्ने गरी निर्ब्याजी सापटी दिने व्यवस्था गरेको छ । यसबाट पनि महिलालाई आत्मनिर्भर बनाई सशक्तिकरण गर्ने कार्यमा टेवा पुगेको छ ।

### ७. ऋण सापटी दिएको

महिलाहरूलाई आय आर्जनमा संलग्न गराई सशक्तिकरण गर्न टोल विकास संस्थाको सिफारिसमा उपयुक्त सीप भएको आधारमा रू. एक लाखसम्म एक वर्षभित्र फिर्ता गर्ने गरी १२% ब्याजमा ऋण सापटी दिने व्यवस्था पनि नगरपालिकाले आफ्नो कोषबाट गरेको छ । पछि तोकिएको अवधिमा चुक्ता नगरेमा प्रति वर्ष १.५% रकम जरिवाना शुल्क लिने प्रावधान पनि रहेको छ ।

### ८. प्रौढ शिक्षा

बुटवल नगरपालिकामा ५५,२४५ महिला (नागरिक बडापत्र २०६१) जनसंख्या रहेको छ । निरक्षर महिलाहरू १६% रहेको छ । निरक्षर महिलालाई साक्षर बनाउन वि.स. २०५६ सालदेखि नै विभिन्न गैरसरकारी संस्थाहरूसँग साझेदारी र समन्वय गरी साक्षरता केन्द्रहरू सञ्चालन गरिसकेको छ । साक्षरता कार्यक्रमलाई महिला सशक्तिकरणका लागि प्रवेश विन्दु (Entry Point) को रूपमा मानी नभइनहुने कार्यको रूपमा कार्यक्रम गर्दै आएको छ ।

## ४.५.२ आमा जागरण समूह मार्फत् बुटवल नगरपालिकाले गरेका प्रयासहरू

विशेषगरी महिला सशक्तिकरणका लागि बुटवल नगरपालिकाले प्रत्येक वडामा आमा जागरण समूह गठन गरी थुप्रै प्रयासहरू गरेको पाइन्छ । हालसम्म गरेका विभिन्न प्रयासहरूलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ-

### १. आयमूलक तालिम दिएको

महिला सशक्तिकरणको एक भागको रूपमा आर्थिक अवस्था पनि रहेकोले महिलाको आर्थिक अवस्था राम्रो गरी क्रयशक्ति र बचत गर्ने बानी बसाल्न, कम लागतमा आय आर्जन गर्न चाहिने ज्ञान र सीप अभिवृद्धि गरी आर्थिकरूपमा आत्मनिर्भर बनाउन विभिन्न प्रकारका आयमूलक तालिम दिने थालनी आमा जागरण समूह (MIG) को स्थापनाकालदेखि नै गर्दै आएको छ । तालिमको प्रकारमा अचार बनाउने, मैनवत्ति, अगरवत्ति, पापड, फुल्की, कागजको थुंगा, कुसन, पेन्टिङ, कम्पोष्ट मल, सिलाई कटाई तालिम आदि रहेका छन् । साथै नगरपालिकाले बाख्रापालन व्यवसायबाट जीविकोपार्जन गराउन प्रोत्साहनस्वरूप एक देऊ, एक लेऊ जस्ता कार्यक्रम पनि सञ्चालन गरेको थियो ।

### २. चेतनामूलक तालिम

आयमूलक तालिम दिई उपार्जन गरेको आयबाट जीवनमा प्रयोग गर्न र चेतना अभिवृद्धि गरी जीवनयापन शैलीमा परिवर्तन ल्याउन, नागरिक शिक्षा दिन, अधिकार कर्तव्य सम्बन्धी, प्रजातान्त्रिक व्यवहार र अभ्यास, स्वास्थ्य, सुशासन, कार्यालय साक्षरता,

आधारभूत साक्षरता आदि बारे ज्ञान र सीप प्रदान गर्न चेतनामूलक तालिम पनि नगरपालिका र जनस्तरबाट सहयोग संकलन गरी गर्ने गरेको छ । चेतनामूलक तालिम मूख्यरूपमा सुरक्षित मातृत्व, वृक्षारोपण, सरसफाई, उद्घोषण र भाषणकला, लैङ्गिक सचेतना, एच.आई.भि. एड्स., चेलीबेटी बेचविखन रोक्ने उपाय, दुर्व्यसन, दुर्घटना न्यूनीकरण, वातावरण संरक्षण आदि तालिम रहेका छन् ।

**३. नेतृत्व विकास तालिम**

सशक्तिकरणको पहिचानको रूपमा महिलाको नेतृत्व लिने गुण सीपको प्रमुख भूमिका रहने हुनाले महिलाहरूमा नेतृत्व लिन सक्ने गुण (Leadership Quality) विकास गरी घर र समाजमा सामाजिक चेतना, सामाजिक सीप आदि विकास गर्नुको साथै समाजमा महिलाहरूको प्रतिनिधित्व गर्न नेतृत्व विकास तालिम पनि सञ्चालन गर्दै आएको छ । यसअन्तर्गत नेतृत्वशैली (Leadership Style), नेतामा हुनुपर्ने गुण, प्रभावकारी सञ्चार विधि, उद्घोषण गर्ने, भाषण र प्रस्तुतिकरण गर्ने, समूह निर्माण र व्यवस्थापन आदि विषयहरूमा तालिम प्रदान गरेका छन् ।

**४. स्वास्थ्य र पोषण तालिम**

स्वस्थ महिलामा स्वस्थ मष्तिस्क रहने र एक स्वस्थ महिलाले पूरा परिवारमा असर पार्न सक्ने बिचारबाट अभिप्रेरित भई यस बुटवल नगरपालिकामा आमा जागरण समूह (MIG) ले स्वास्थ्य र पोषणसम्बन्धी विभिन्न तालिम गर्दै आइरहेको छ ।

- नेपाल परिवार नियोजन संघ, जनस्वास्थ्य शाखा र बुटवल नगरपालिकासँग समन्वय गरी प्रजनन् स्वास्थ्य, सुरक्षित मातृत्व, परिवार नियोजन, बालबालिका हुर्काउने र पालनपोषण (Child Rearing) तथा सन्तुलित आहार, गर्भावस्थाको पोषण आदि बारे तालिम प्रदान गरेको कुरा महिलाहरूले व्यक्त गरेका छन् । लुम्बिनी अञ्चल अस्पतालका विभिन्न विभागका चिकित्सकहरूसँग समन्वय गरी महिलाहरूको स्वास्थ्य परीक्षण शिविर र परामर्श कक्षाहरू (छलफल) पनि सञ्चालन गरेका छन् ।

**५. अध्ययन भ्रमण**

महिलाहरूलाई वास्तविक कार्यक्षेत्रको वास्तविक ज्ञान दिनको लागि आमा जागरण समूह (MIG) ले एक्लै र कहिलेकाहीं आवश्यकतानुसार प्राक्टीकल एक्सन (Practical Action) नामक गैरसरकारी संस्था र अन्य विभिन्न संस्था तथा बुटवल नगरपालिकाकै सामुदायिक विकास तथा वातावरण समिति (CDEC) सँग मिली अध्ययन भ्रमणको आयोजना गर्ने गरेका छन् । कृषि, घरेलु उद्योगजस्ता विषयगत क्षेत्र निर्धारण गरी अध्ययन, अवलोकन भ्रमणको आयोजना गर्ने गरेको पाइएको छ ।

परिच्छेद-पाँच

# महिला र सशक्तिकरण कार्यक्रमको पृष्ठभूमि
# (Background of Women and Empowerment Programme)

यस परिच्छेदमा शोधकर्ताले अध्ययनको क्रममा संकलन गरिएका तथ्याङ्क एवं सूचनाहरूलाई विभिन्न शीर्षक एवं उपशीर्षकहरूमा विभाजन गरी तालिका र चित्रमा प्रस्तुत गरी व्याख्या र विवेचना गरिएको छ ।

## ५.१ महिलाको पृष्ठभूमि

यस शीर्षकमा शोधकर्ताले नमुना छनौटमा परेका ५० जना महिलाहरूसँग प्रत्यक्ष भेटघाट गरी अन्तरवार्ता प्रश्नावलीको आधारमा प्राप्त गरेका तथ्य एवं सूचनाहरूलाई तालिका र चित्रमा प्रस्तुत गरी व्याख्या र विवेचना गरिएको छ । प्राप्त तथ्य एवं सूचनाहरूलाई निम्न उपशीर्षकहरूमा राखी प्रस्तुत गरिएको छ-

### ५.१.१ उत्तरदाताको उमेर समूहगत जनसंख्या

अध्ययनमा संलग्न ५० जना महिलाहरूमा सबैभन्दा कम २१ वर्ष र सबभन्दा बढी ५६ वर्षको महिला रहेको पाइएको छ । उमेर समूहगत जनसंख्या प्रस्तुत गर्न ५/५ वर्षको समूह विभाजन गरिएको छ जुन तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७ : उत्तरदाताको उमेर समूहगत जनसंख्या**

| क.सं. | उमेर समूह | वडा नं. ५ | वडा नं. १५ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | २१ – २५ | २ | – | २ | ४ |
| २. | २६ – ३० | ३ | ४ | ७ | १४ |
| ३. | ३१ – ३५ | ३ | ११ | १४ | २८ |
| ४. | ३६ – ४० | ४ | ५ | ९ | १८ |
| ५. | ४१ – ४५ | ७ | २ | ९ | १८ |
| ६. | ४६ – ५० | ४ | २ | ६ | १२ |
| ७. | ५१ देखि माथि | २ | १ | ३ | ६ |
| जम्मा | | २५ | २५ | ५० | १०० |

स्रोतः स्थलगत अध्ययन


तालिका नं. ७ अनुसार आमा जागरण समूह (आजस) कार्यक्रममा सहभागी महिलाहरूमा सबभन्दा बढी १४ जना (२८%) महिला ३१-३५ उमेर समूहका छन् भने सबभन्दाकम उमेर समूह २१-२५ का २ जना (४%) मात्र महिला रहेका छन् ।

समष्टिगतमा २६ देखि ५० वर्ष उमेरसम्मका महिलाहरू सशक्तिकरण कार्यक्रममा सहभागिता बढी देखिएको छ । यसबाट काम गर्ने उमेर समूहका महिलाहरूको बढी सहभागिता रहेको पाइएको छ ।

### ५.१.२ उत्तरदाताको वैवाहिक स्थिति

आमा जागारण समूहको कार्यक्रममा संलग्न ५० जना महिलाहरूको वैवाहिक स्थिति विश्लेषण गर्दा ९२% (४६ जना) महिला विवाहित, ४/४ प्रतिशत (२/२ जना) महिला क्रमशः अविवाहित र विधवा रहेका छन् भने पारपाचुके गर्ने कोही छैनन् । विद्यालय र क्याम्पसमा अध्ययनरत रहेका अविवाहित महिलाहरूको सहभागिता धेरै न्यून रहेको र गृहणी महिलाको सहभागिता बढी रहेको पाइएको छ । उत्तरदाता महिलाहरूको वैवाहिक स्थितिलाई चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ-

**चित्र नं. ६ : उत्तरदाताको वैवाहिक स्थिति**





स्रोतः स्थलगत अध्ययन

### ५.१.३ उत्तरदाताको परिवारमा स्थान

छनौट गरिएका ५० जना आमा जागरण समूहमा संलग्न महिलाहरूमा ५६% (२८ जना) आमा, ३४% (१७ जना) बुहारी, ६% (३ जना) सासु र ४% (२ जना) छोरीको स्थानमा रहेको पाइएको छ जसलाई चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ-

**चित्र नं. ७ : उत्तरदाताको पारिवारमा स्थान**




स्रोतः स्थलगत अध्ययन

### ५.१.४ उत्तरदाताको शैक्षिक योग्यता

अध्ययनमा संलग्न ५० जना महिलाहरूको शैक्षिक योग्यता निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ-

**तालिका नं. ८ : उत्तरदाताको शैक्षिक योग्यता**

| विवरण | वडा नं. ५ | वडा नं. १५ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ५ कक्षा उत्तीर्ण | १ | १ | २ | ४ |
| ६ कक्षा उत्तीर्ण | १३ | १२ | २५ | ५० |
| एस.एल.सी. उत्तीर्ण | ४ | ८ | १२ | २४ |
| स्नातक उत्तीर्ण | – | १ | १ | २ |
| सामान्य साक्षर | ४ | ३ | ७ | १४ |
| निरक्षर | ३ | – | ३ | ६ |
| जम्मा | २५ | २५ | ५० | १०० |

स्रोतः स्थलगत अध्ययन

अध्ययनमा छनौट गरिएका महिलाहरूको शैक्षिक योग्यताको तालिका नं. ८ विश्लेषण र विवेचना गर्दा ५०% महिला कक्षा ६ सम्म अध्ययन गरेका छन् भने एस.एल.सी. उत्तीर्ण महिला २४% रहेको पाइएको छ । सामान्य साक्षर महिला १४% र निरक्षर महिला ६% रहेको छ । २६% महिला एस.एल.सी. देखि माथि अध्ययन गरेका छन् ।

### ५.१.५ आय आर्जनमा सहभागी महिलाहरूको मासिक आय

आय आर्जन कार्यमा महिलाको सहभागिताको बारेमा तथ्य पत्ता लगाउन ५० जना महिलासँग अन्तरवार्ता प्रश्नावलीको आधारमा तथ्याङ्क संकलन गरिएको थियो जसलाई तालिका नं. ९ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ९ : आय आर्जनमा सहभागी महिलाहरूको मासिक आय**

| आयको श्रेणी (रू.) | वडा नं. ५ | वडा नं. १५ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| १००० – ३००० सम्म | – | ३ | ३ | ६ |
| ३००० – ५००० सम्म | ५ | ६ | ११ | २२ |
| ५००० – ७००० सम्म | – | ४ | ४ | ८ |
| ७००० – ९००० सम्म | १ | – | १ | २ |
| ९००० – ११००० सम्म | – | १ | १ | २ |
| ११००० – १३००० सम्म | १ | – | १ | २ |
| १३००० – १५००० सम्म | – | १ | १ | २ |
| शून्य आय भएको | १८ | १० | २८ | ५६ |
| जम्मा | २५ | २५ | ५० | १०० |

स्रोतः स्थलगत अध्ययन

अध्ययनमा संलग्न रहेका ५० जना महिलामध्ये ५६% महिला आय आर्जन कार्यमा संलग्न नरहेको र ४४% महिलाहरू धेरथोर भए पनि आय आर्जन कार्यमा लागेको पाइएको छ ।

सबभन्दा बढी कमाउने २% र सबभन्दा थोरै कमाउने ६% महिलाहरू रहेका छन् । धेरै महिला (२२%) रू. ३ देखि ५ हजारसम्म र ८% महिला रू.५ देखि ७ हजारसम्मको आय समूहमा पर्दछन् ।

त्यस्तै रू.७ देखि ९ हजार, ९ देखि ११ हजार र ११ देखि १३ हजार आय आर्जन समूहभित्र २/२ % महिलाहरू पर्दछन् ।

सहभागीहरूको मासिक आय आर्जनको ढाँचा विश्लेषण गर्दा ग्रामीण परिवेश ( वडा १५) का महिलाहरू ३०% र सहरी परिवेशका महिलाहरू १४% आय आर्जनमा लागेको पाइएको छ । यसरी ग्रामीण परिवेशका महिलाहरू आय आर्जनमा बढी संलग्न रहेको पाइएको छ जसलाई आर्थिक विकासको सूचकको रूपमा लिन सकिन्छ । ग्रामीण महिलाहरूले पशुपालन, दुध व्यवसाय, तरकारी खेती गरी बिक्री वितरण गरी आय आर्जन गर्ने गरेको पाइएको छ ।

अध्ययनमा संलग्न केही महिलाहरू आमा जागरण समूहको आयमूलक तालिममा सहभागी हुनुभन्दा अघि नै रोजगारमा संलग्न रहेका थिए । रोजगारमा संलग्न महिलाहरू तालिममा सहभागी भएपछि अन्य महिलाको तुलनामा बढी आय आर्जन गर्न सकेको पाइएको छ । गृह अवलोकन र वैयक्तिक अध्ययन (बै.अ.३ र ४ पृ. ६२ मा, ) बाट पनि उक्त कुरामा विश्वसनीयता रहेको पाइएको छ ।

शोधकर्ताको अवलोकन र महिला समूह छलफलको क्रममा औंल्याइएका कमिकमजोरीहरूलाई विश्लेषण गर्दा आयमूलक तालिम कार्यक्रममा वडाका सबै टोल वर्गका महिलाहरू समेटिन नसकेको पाइएको छ भने केही महिला तालिममा भाग लिएर पनि आय आर्जन कार्यमा नलागेको पाइएको छ । सो कुरालाई मूख्य सूचनादाताहरूले पनि तालिममा भाग लिएका महिलाहरूले सिकेका सीपको जीवनमा प्रयोग नगरेको केही महिलाहरू रहेको बताएका छन् ।

**वैयक्तिक अध्ययन-१**

" नगरपालिकाले कार्यक्रम दिए म जस्तो महिलाको उत्थान हुने थियो"

चम्पा राई (काल्पनिक नाम) २७ वर्षीय २ सन्तानकी आमा हुन् । सानै उमेरमा अन्तरजातीय विवाह गर्दा अपहेलित भई घर र माइतसँग सम्बन्ध नरहेको कारणले बुटवलमा बसोवास गरेकी छन् ।

*"सानैमा अरुको लहैलहैमा भागेर विवाह गरियो । घर न घाटको भइएछ । माइतमा सम्पर्क छैन । घरमा बस्न सकिंदैन । केही गरु भने पनि पढेलेखेको छैन, सीप छैन । नगरपालिकाको महिला प्रौढ शिक्षामा पढ्न नाम लेखाएँ । ६ महिना पढियो तर व्यवहारमा उतार्न सकिएन । त्यसैले पछि परेकी छु । आमा जागरण समूहको धेरै कार्यक्रमहरू रै छ, थाहा भएन । आमा जागरणबाट तीज गीत प्रतियोगितामा भाग लिएको थिएँ । महिलासम्बन्धी कार्यक्रमहरूमा भाग लिन पाएमा केही जानिन्थ्यो । नगरपालिकाले मजस्ता दयनीय अवस्थामा रहेका महिलाहरूलाई रोजगार गरेर खान सक्ने खालको कार्यक्रम दिलाइदिएमा केही उत्थान गर्न सकिन्छ होला नभए सधैं अरुको भरमा बस्नुपर्ने, दुःख ब्यहोर्नु पर्ने हुन्छ ।"*

**वैयक्तिक अध्ययन-२**

"शान्तिप्रिय हुँदै गएँ र सत्संगलाई रोजें"


कविता श्रेष्ठ (काल्पनिक नाम) ३९ वर्षीय, १० कक्षा पढेकी दुई सन्तानकी आमा हुन् । आर्थिक, सामाजिक सशक्तिकरणभन्दा धार्मिक रूपमा सशक्त देखिन्छिन् । उनको सानो घर छ बैंकको बचतको ब्याज र २ कोठाको घरभाडाले जीविका चलाएकी छिन् ।

*"श्रीमानबाट धोखा पाइयो, म बिचलित भएँ । सावित्रा अर्याल (समाजसेवी), मेरा आफन्ती र छिमेकीहरूले सम्झाई बुझाई मलाई मन बहलाउन आमा जागरण समूहको कार्यसमितिमा सदस्य बनाइदिए । केही समय कार्यक्रमहरूमा हिडें, सामाजिक कार्यमा पनि समावेश भएँ तर मेरा इच्छा नै जागेन । अन्त्यमा म शान्तिप्रिय हुँदै गएँ र धर्मलाई नै अँगाल्ने बिचारले सत्संगलाई रोजें । अब मैले श्रीमानलाई बिर्सिसकें । श्रीमान हुँदाभन्दा नहुँदा शान्ति महशुस गरेकी छु । रक्सी खाएर टोकस सुनाउनु हुन्थ्यो, दुःख दिने गर्नु हुन्थ्यो । अहिले एकसरो भइएछ, रोकटोक छैन । इच्छाले दानपुण्य धर्म गर्छु, जिन्दगी बिताउँछु ।"*

### ५.१.६ महिलाहरूको बचत समूहमा संलग्नता

महिलाहरूको बचत समूहमा संलग्नता र मासिक बचत रकम बारेमा सोधिएको प्रश्नमा ५० जना उत्तरदाता महिलाहरूमा एउटा बचत समूहमा संलग्न महिला ६४%, दुईवटा बचत समूहमा संलग्न महिला १०% र दुईभन्दा बढी बचत समूहमा संलग्न हुने १०% महिला रहेको तथ्य प्राप्त भएको छ, जसलाई चित्रमा यस प्रकार प्रस्तुत गरिएको छ ।

**चित्र नं. ८ : महिलाहरूको बचत समूहमा संलग्नता**




समष्टिगत रूपमा ८४% महिलाहरू बचत समूहमा संलग्न रहेका छन् भने १६% महिला कुनै पनि बचत समूहमा संलग्न नरहेको पाइएको छ । बचत समूहमा संलग्न नरहेका महिलाहरू ग्रामीण वडा नं.१५ का ६% र सहरी वडा नं.५ का १०% रहेका छन् । ती महिलाहरूलाई बचत कार्यक्रममा चासो नभएको र पारिवारिक सम्पन्नताले बचत समूहमा संलग्न नभएको पाइएको छ ।


आय आर्जन कार्यमा संलग्न ४४% महिलाहरू आफ्नो मासिक आयबाट बचत गर्ने गरेका छन् भने आय आर्जन कार्यमा संलग्न नभएका ५६% मध्येमा ४०% महिलाहरूले श्रीमान, छोरा र परिवारका अन्य सदस्यहरूको सहयोगबाट बचत गर्ने गरेको पाइएको छ । बचत गरेमा घरायसी अपर्झट समस्या परेको बेलामा, छोराछोरीको

विद्यालय शुल्क तिर्नु परेमा र पैसाको खाँचो परेको अवस्थामा एकमुष्ट रकम बचत समूहबाट सस्तो ब्याजमा सजिलै ऋण पाइने भएकोले परिवारबाट बचत गर्न सहयोग पाएको ती ५६% महिलाहरूले बताएका छन् ।

**महिलाहरूको मासिक बचत रकम**

महिलाहरूले आय आर्जन गरी बचत समूहमा संलग्न रहेको छ साथै आय आर्जन गर्न नसक्ने महिला पनि बचत समूहमा संलग्न भएको पाइएको छ । बचत गर्ने रकम ग्रामीण क्षेत्र र आयअनुसार फरक-फरक रहेको छ ।

**चित्र नं. ९ : बचतको ढाँचा**




अध्ययनमा संलग्न ५० जना महिलामध्ये रू.१०।- देखि रू.२५।- सम्म मासिक बचत गर्ने ग्रामीण १५ नं. वडामा २२% रहेका छन् भने यस्तो बचत गर्ने सहरी ५ नं. वडामा महिलाहरू छैनन् । त्यस्तै रू.५०।- देखि रू.१००।- सम्म मासिक बचत गर्ने सहरी वडामा ४०% र ग्रामीण वडमा ३४% गरी जम्मा ७४% रहेका छन् भने रू.१५०।- देखि रू.२००।- सम्म मासिक बचत गर्ने सहरी वडामा ६% र ग्रामीण वडामा रहेका छैनन् र रू.५००।- सम्म मासिक बचत गर्ने सहरी वडामा ८% र ग्रामीण वडामा ४% गरी जम्मा १२% महिला रहेको पाइएको छ । मासिक रू.५००।- सम्म बचत गर्ने क्षमता भएका १२% महिलाहरू रू.९०००।- देखि १५०००।- सम्म मासिक आय गर्ने महिलाहरू हुन् ।

अध्ययन गर्ने क्रममा महिलाहरू संलग्न रहेका बचत समूहहरू निम्नानुसार रहेको पाइएको छ-

**बचत समूहहरू:**

१) मिलन टोल विकास बचत
२) एकता टोल विकास बचत
३) गाउँ-नगर साझेदारी बचत
४) पासाङ्ग टोल बचत समिति
५) बमघाट टोल विकास बचत
६) जितगढी टोल साझेदारी बचत
७) शान्तिचोक साझेदारी टोल विकास बचत
८) शिवालय बचत समूह
९) महाकाली बचत समूह
१०) जवई बचत समूह
११) सि.एल.सी. बचत समूह
१२) रामापिथेकस सहकारी बचत
१३) सद्भाव बचत समूह
१४) दुर्गे भवानी महिला बचत
१५) प्रतिष्ठा सहकारी बचत समूह
१६) भोला सहकारी बचत समूह
१७) बाल तथा गृहणी बचत विकास कोष
१८) भानुपथ आमा बचत समूह
१९) मिरमिरे आमा बचत समूह
२०) उपकार आमा बचत समूह
२१) बँदेलपोखरी आमा बचत समूह
२२) बेलवोट बचत समूह
२३) बेलावास विजय टोल बचत समूह
२४) भू.पू. आमा बचत समूह
२५) कृषि समूह बचत
२६) आमा समूह बचत
२७) मणिमुकुन्द बचत समूह
२८) नवदुर्गा बचत समूह
२९) सगरमाथा बचत समूह

बुटवल नगरपालिकाले नगरका महिलाका सशक्तिकरणका लागि आमा जागरण समूहका साथमा टोल विकास संस्था गठन गरी प्रत्येक टोल विकास संस्थामा आवश्यकता र क्षमताको आधारमा मासिक बचत गर्ने बचत समूह गठन गरी महिलाहरूलाई सहभागी गराई न्यूनतम १% देखि ५% ब्याज दरमा एक वर्षमा ऋण चुक्ता गर्ने गरी सर्वसुलभ ढङ्गले सदस्यहरूलाई ऋण उपलब्ध गराउने प्रावधान राखेको पाइन्छ भने संकलित बचत रकमलाई १५% देखि १८% ब्याज दरले गैर सदस्यहरूलाई ऋण लगानी गरी कोष वृद्धि गर्ने गरेको पनि पाइन्छ । कोषबाट प्राप्त बैंक ब्याज रकम सहभागी सदस्यहरू सबैलाई दामासाहीले बितरण गर्ने गरेको पाइएको छ । टोल विकास संस्थाको बचत कार्यक्रमबाट लाभान्वित भएबाट उत्साहित भई महिलाहरू स्वयंले महिलाहरूको बचत समूह गठन गरी बचत कार्यक्रम सञ्चालन गर्दै आएको पाइएको छ । यसबाट महिलाहरूमा आर्थिक चेतनाको विकास भई सशक्तिकरण हुन मद्दत पुगेको पाइएको छ ।

महिलाहरूले व्यक्त गरेका बचत समूहबाट पाएका लाभहरूलाई प्राथमिकता क्रममा निम्नानुसार प्रस्तुत गरिएको छ-

१) सजिलैसँग थोरै ब्याजमा ऋण पाइने भएकोले बाहिर ऋण खोज्ने झन्झट नभएको ।

२) हर्जा, कर्जा परेको बेला आफ्नै बचत रकम निकाल्न सकिने भएको ।

३) जग्गा-जमिन, धन जमानी धितो राख्न परेन ।

४) प्रत्येक महिना बचत किस्ता तिर्ने भएकोले घरायसी खर्चमा पनि त्यति असर नपर्ने भएको र बचत पनि सजिलै हुँदै गएको ।

५) केटाकेटीको विद्यालय भर्ना र पुस्तक खरिद गर्न एकमुष्ट रकम जुटाउन सकिएको ।

६) कम ब्याजमा एक वर्षमा ऋण तिर्न खासै कठिनाई पनि नहुने ।

७) थोरै थोरै भए पनि बचत गरेर गहना जोड्न, जिन्सी सामान खरिद गर्न सजिलो भएको ।

८) चाड पर्व, विवाह जस्ता सामाजिक संस्कारहरूमा हुने खर्चमा परिवारलाई सहयोग गर्न सकेको ।

### ५.१.७ महिलाहरूको अन्य पक्षहरू

अध्ययनमा छनौट गरिएका ५० जना महिलामध्ये ४०% महिलाहरू आमा जागरण समूहको कार्यकारिणी समितिमा रही कार्य गरिसकेका छन् । त्यस्तै अन्य महिला समूह गठन गरी कार्य समितिमा कार्य गरिरहेका २५% महिलाहरू रहेका छन् । बुटवल नगरपालिकाले गठन गरेको टोल विकास संस्थामा पनि ६२% नमुना महिलाहरू संलग्न रहेको पाइएको छ ।

वडा नं.-५ र १५ दुवैका ३/३ वटा टोल विकास संस्थाको कार्य समितिमा सबै पदाधिकारी र सदस्य महिला रहेको पाइएको छ जुन कार्य गर्न सफल, सक्रिय र बुटवल नगरमा नमुनाको रूपमा अघि बढिरहेको तथ्यलाई मूख्य सूचनादाताले अन्तरवार्तामा औंल्याएका छन् । पुरुषको तुलनामा महिलाहरू इमान्दारीपूर्वक लगनशील भई कार्य गर्ने गरेको पाइएकोले बाटो निर्माण गर्ने उपभोक्ता समिति र पार्क, खानेपानी, सरसफाई आदि सञ्चालन समितिमा महिलाहरूलाई सहभागी गराउनुपर्ने सुझाव मूख्य सूचना–दाताहरूले प्रदान गरेका छन् ।

महिलामात्र कार्यसमितिमा भएका टोलविकास संस्था निम्नलिखित छन्-

| वडा नं.-५ : टोल विकास संस्थाको नाम | अध्यक्ष |
|---|---|
| (१) लेकाली मिलन टोल विकास समिति, गोलपार्क | दुर्गादेवी पाण्डे |
| (२) तिलोत्तमा टोल विकास समिति, चिडियाखोला | शिवदेवी थापा |
| (३) ज्योति टोल विकास समिति, ज्योतिनगर | विष्णुदेवी थापा |
| **वडा नं.-१५** | |
| (१) शान्तिचोक टोल विकास समिति, बेलवास | मिश्री थापा |
| (२) सात नम्बर टोल विकास समिति, बँदेलपोखरी | माया गुरुङ |
| (३) जितेश्वरी टोल विकास समिति, बँदेलपोखरी | सावित्री बुढामगर |

नगरपालिकाले सञ्चालन गर्ने स्वास्थ्य सम्बन्धी कार्यक्रममा कार्य गर्ने गरी स्वयंसेविकाहरू तयार गरिएको छ । नमुना महिलामा २४% स्वयंसेविका महिलाहरू रहेको पाइएको छ ।

## ५.२ महिला सशक्तिकरण कार्यक्रम (Women Empowerment Programme)

बुटवल नगरपालिकाले आमा जागरण समूह मार्फत् महिला सशक्तिकरणका कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको परिप्रेक्ष्यमा शोधकर्ताले कार्यक्रमबाट बुटवलका महिलाहरूको लैङ्गिक आवश्यकता परिपूर्ति हुन सकेको छ कि छैन भन्ने अध्ययनको लागि

सशक्तिकरण कार्यक्रमको प्रभावहरूको अध्ययन गरिएको छ । अध्ययनको क्रममा सशक्तिकरणका के-कस्ता कार्यक्रमहरू सञ्चालन भएका छन् भन्ने प्रश्नमा लक्षित समूह छलफल, मूख्य सूचनादाता र नमुना महिलाहरूसँगको अन्तरवार्ता र शोधकर्ताको अवलोकनबाट प्राप्त तथ्य एवं सूचनाहरूको आधारमा सञ्चालन भएका कार्यक्रमहरूलाई आयमूलक तालिम र चेतनामूलक तालिम शीर्षकमा विभाजन गरी प्रस्तुत गरिएको छ ।

### ५.२.१ आयमूलक तालिम

महिलाहरूलाई घरैमा बसी कम लागतमा तालिमबाट सिकेका सीपको प्रयोग गरी आय आर्जन गराई आर्थिक स्थितिमा सुधार ल्याउन निम्न आयमूलक तालिम आमा जागरण समूह मार्फत् बुटवल नगरपालिकाले सञ्चालन गरेको छ, जसलाई महिला सहभागिता संख्या सहित तालिकामा प्रस्तुत गरी विवेचना गरिएको छ ।

**तालिका नं. १० : आयमूलक तालिम विवरण**

| तालिमको प्रकार | वडा नं. ५ | वडा नं. १५ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| अचार | ३ | ४ | ७ | १४ |
| कम्पोष्ट मल | ४ | ३ | ७ | १४ |
| मैनबत्ति | १ | २ | ३ | ६ |
| फुल्की | – | ३ | ३ | ६ |
| कागजको थुंगा | २ | – | २ | ४ |
| सिलाई कटाई | ११ | ४ | १५ | ३० |
| च्याउ खेती | – | ३ | ३ | ६ |
| कुसन निर्माण | १ | – | १ | २ |
| पेन्टिङ्ग | १ | – | १ | २ |

स्रोतः स्थलगत अध्ययन

तालिका नं. १० लाई विश्लेषण गर्दा सबैभन्दा बढी सीप विकास हुने सिलाई कटाई तालिममा १५ जना (३०%) महिला सहभागिता रहेको पाइएको छ भने ७/७ जना (१४/१४%) महिलाले अचार र कम्पोष्ट मल तालिम पाएका छन् र सबैभन्दा कम सहभागिता कुसन निर्माण र पेन्टिङ्ग तालिममा १/१ जना (२/२%) रहेको पाइएको छ । ग्रामीण वडा नं. १५ मा भन्दा सहरी वडा नं. ५ मा आयमूलक तालिममा महिला सहभागिता केही बढी रहेको पाइएको छ । वडा नं. ५ मा फुल्की र च्याउ खेतीमा र वडा नं. १५ मा कागज थुङगा, कुसन निर्माण र पेन्टिङ्ग तालिममा महिला सहभागिता

शून्य रहेको पाइएको छ । समष्टिगत रूपमा आमा जागरण समूहमा संलग्न महिलाको ८४% ले आयमूलक तालिममा भाग लिएको पाइन्छ ।

### ५.२.२ चेतनामूलक तालिम

बुटवल नगरका महिलाहरूलाई स्वास्थ्य, वातावरण, नेतृत्व विकास, ज्ञानवर्धक विभिन्न चेतनामूलक तालिमहरू आमा जागरण समूहले सञ्चालन गर्दै आएको परिप्रेक्ष्यमा ती चेतनामूलक तालिमहरूबाट सहभागी महिलाहरूमा के-कस्तो सामाजिक प्रभाव/परिवर्तन ल्याउन सकेको छ भन्ने अध्ययन गर्नको लागि चेतनामूलक तालिमहरू बारे मूख्य सूचनादाता, उत्तरदाता महिला, लक्षित समूह छलफल र शोधकर्ताको स्वअवलोकनबाट प्राप्त तथ्य एवं सूचनाहरूलाई तालिकामा प्रस्तुत गरी विश्लेषण र विवेचना गरिएको छ ।

**तालिका नं. ११ : चेतनामूलक तालिम विवरण**

| क्र.सं. | तालिमको प्रकार | वडा नं.५ | वडा नं.१५ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | प्रजनन स्वास्थ्य | १३ | १७ | ३० | |
| २. | सरसफाई | १८ | १० | २८ | |
| ३. | एच. आई. भि. | १३ | १२ | २५ | |
| ४. | नेतृत्व विकास | ८ | ६ | १४ | |
| ५. | महिला अधिकार | ४ | ९ | १३ | |
| ६. | सडक नाटक | – | ९ | ९ | |
| ७. | सुइरो | – | ७ | ७ | |
| ८. | संविधान सभा | १ | ५ | ६ | |
| ९. | वृक्षारोपण | ३ | २ | ५ | |
| १०. | वातावरण | २ | २ | ४ | |
| ११. | प्रौढ शिक्षा | ३ | १ | ४ | |
| १२. | लागूपदार्थ दुर्व्यसन | १ | ३ | ४ | |
| १३. | उद्घोषण | – | ३ | ३ | |
| १४. | दुर्घटना न्यूनीकरण | – | ३ | ३ | |
| १५. | पानी शुद्धिकरण | २ | – | २ | |
| १६. | खाल्डो कन्टेनर | – | २ | २ | |
| १७. | लैङ्गिकता | – | १ | १ | |
| १८. | सुशासन | १ | – | १ | |
| १९. | चेलीबेटी बेचबिखन | – | १ | १ | |

स्रोतः स्थलगत अध्ययन

तालिका नं.११ लाई विश्लेषण गर्दा सबैभन्दा बढी ३० जना (६०%) महिला प्रजनन स्वास्थ्य तालिममा सहभागी भएको पाइएको छ भने सरसफाई, एच.आइ.भि. तालिममा क्रमशः २८ र २५ जना (५६% र ५०%) महिलाले भाग लिएका छन् र सबै भन्दा कम लैङ्गिकता, सुशासन, चेलीबेटी बेचबिखन तालिममा जम्मा १/१ जना(२/२%) महिला सहभागिता रहेको पाइएको छ । सशक्तिकरणको मूख्य केन्द्रविन्दु मानिंदै आएको साक्षरता कार्यक्रममा जम्मा ४ जना (८%) महिला सहभागिता रहेको देखिएको छ । बुटवल नगरपालिकामा महिला साक्षरता ८४.४% रहेकोले साक्षरता कार्यक्रममा महिला सहभागिता कम रहेको पाइएको छ ।

(**नोटः** एउटा महिला थुप्रै कार्यक्रममा भाग लिएकोले कूल सहभागी महिला संख्या बढी देखिएको छ ।)

परिच्छेद-छ

# महिलामा सशक्तिकरण कार्यक्रमको प्रभाव
# ( Impact of Empowerment Programme on Women )

बुटवल नगरपालिकाले महिला सशक्तिकरणका लागि कूल वार्षिक बजेटको १९.७३% बजेट संस्थागत र सामाजिक विकासमा खर्च गर्ने गरेको छ । जसमा महिला सशक्तिकरण सम्बन्धित बजेट पनि समावेश गरिएको छ । प्रमुख रूपमा तालिम, ऋण सापटी, गोष्ठी, स्वास्थ्य र पोषण आदि लगानीका क्षेत्र रहेका छन् । महिला सशक्तिकरणमा विशेष ध्यान दिई आमा जागरण समूह (MIG), सामुदायिक विकास र वातावरण समिति (CDEC), टोल विकास संस्था (TLO), शिल्पकला तालिम केन्द्रजस्ता सहयोगी संस्था स्थापना गरी बजेट दिई कार्य गराउँदै आएको छ । आमा जागरण समूहले महिलाको लागि मात्र कार्य गरेको छ भने अन्यले आफ्नो कार्यक्षेत्रभित्र महिला सशक्तिकरणलाई पनि एउटा भाग (Component) को रूपमा राखी काम गरेको छ ।

यस अध्ययनमा महिला सशक्तिकरण कार्यक्रममा भाग लिएपछि देखापरेका प्रभावहरू अध्ययन गर्नका लागि आमा जागरण समूहले सञ्चालन गरेका कार्यक्रममा संलग्न महिलाहरूलाई नमुना महिलाको रूपमा चयन गरिएको छ । यी महिलाहरूको कुन-कुन पक्षमा परिवर्तन/प्रभाव देखापरेको छ पत्ता लगाउने प्रयास गरिएको छ । विशेषगरी आर्थिक, सामाजिक विकासमा परेको प्रभावहरूबारे विस्तृत अध्ययन गरिएको छ । आर्थिक र सामाजिक पक्षमा प्रभाव अध्ययनसम्बन्धी तथ्याङ्क संकलन गर्न अन्तरवार्ता प्रश्नावलीमा आमा जागरण समूहमा भाग लिनु पूर्व र पछिको अवस्थाबारेमा बुझ्न प्रश्नहरू राखिएको थियो र अध्ययनका लागि चयन गरिएका महिलाहरू ५० जनाकै घरमा गई अन्तरवार्ता लिनुका साथै जीवनयापनका विविध पक्षहरूबारे शोधकर्ताले अवलोकन, मूख्य सूचनादाताहरूसँगको अन्तरवार्ता र लक्षित समूह छलफलबाट प्राप्त तथ्य एवं सूचनाहरूलाई विभिन्न शीर्षक, उपशीर्षकहरूमा विभाजन गरी यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

### ६.१ आर्थिक पक्षमा प्रभाव

आर्थिक पक्षमा परेको प्रभाव अध्ययन गर्न संकलन गरिएका तथ्याङ्क एवं सूचनाहरूलाई निम्न उपशीर्षकहरूमा विभाजन गरी प्रस्तुत गरिएको छ-

### ६.१.१ आत्म निर्भरताः

आयमूलक तालिमहरूमा सहभागी भएपछि महिलाहरूले सिकेको सीपहरूको प्रयोग गरी विभिन्न किसिमले आत्मनिर्भरता प्राप्त गरेको पाइएको छ, जसलाई तालिका र चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ-

**तालिका नं. १२ : आत्म निर्भरता** (जम्मा संख्या ५० जना)


| क.सं. | विवरण | वडा नं. ५ | वडा नं. १५ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | रोजीरोटी कमाउन आत्मनिर्भरता | १ | १ | २ | ४ |
| २. | आर्थिक उपार्जन गर्न " | ५ | १ | ६ | १२ |
| ३. | घरायसी प्रयोजन गर्न " | ७ | ३ | १० | २० |
| ४. | कृषिजन्य कार्य गर्न " | – | ४ | ४ | ८ |
| जम्मा | | १३ | ९ | २२ | ४४ |

स्रोत : स्थलगत अध्ययन-२०६५

तालिका नं. १२ लाई विश्लेषण र विवेचना गर्दा ५० जना महिलाहरूमध्ये २२ जना (४४%) मा मात्र आर्थिक आत्मनिर्भरतामा प्रभाव परेको र २८ जना (५६%) मा कुनै पनि प्रभाव नपरेको पाइएको छ । ग्रामीण १५ नं. वडाभन्दा सहरी ५ नं. वडाका महिलामा आर्थिक पक्षमा बढी प्रभाव परेको पाइएको छ ।

सिकेको सीप घरायसी कामकाजमा प्रयोग गरी घर खर्च जोगाउन सक्ने महिला २०% र सिलाई कटाई दोकान, किराना पसल, सामान बनाई बिक्री गरी (उपभोक्ताको आग्रह अनुसार) आर्थिक उपार्जन गर्न सक्ने महिला १२% रहेका छन् ।

चित्र नं. १० : आत्म निर्भरता




चित्र नं.-१० लाई विश्लेषण गर्दा कम्पोष्ट मल बनाई स्वप्रयोग गर्ने, बेमौसमी तरकारी उत्पादन गर्ने, च्याउ उत्पादन गरी घरायसी प्रयोगमात्र गर्ने गरेका ग्रामीण वडा नं. १५ का ८% महिला मात्र छन् । यिनीहरूले अध्ययन भ्रमणबाट कृषिजन्य सीप सिकेको कुरा बताएका छन् भने सहरी वडा नं.५ का महिलाहरूले कृषिजन्य सीप हासिल गरेको पाइएन ।

दुबै वडाका दुई/दुई जना (४%) महिलाले तालिमबाट सिकेका ज्ञान र सीपको प्रयोग गरी व्यवसाय सञ्चालन गरी आर्थिक उपार्जनबाट घरपरिवार नै धानेर बसेका छन् । यसमध्ये एकजना वडा नं.-५ की महिलाले नगरपालिकाको टोल विकास संस्थाको सिफारिशमा ३ पटकसम्म ऋण सापटी लिई भैंसीपालन व्यवसाय गरेको र वडा नं. १५ की एक महिलाले सिलाई कटाई तालिम लिएर दोकान राखी सिलाई गर्नुको साथै महिलाहरूलाई तालिम पनि दिने गरेको छ । यी दुवै महिलाले मासिक रू.११०००–१५००० सम्म आय आर्जन गरेका छन् । मूख्य सूचनादाताको अन्तरवार्ताको विश्लेषण गर्दा पनि यस कुरालाई औल्याएको पाइएको छ । यिनीहरूको थप विवरण वैयक्तिक अध्ययन (Case Study) मा उल्लेख गरिएको छ ।

### वैयक्तिक अध्ययन-३

"तालिम सिकियो, तीन हजार अनुदान पाइयो त्यही नै मेरो बीउ पूँजी हो"

शिला शर्मा (काल्पनिक नाम) ३३ वर्षीय ८ कक्षा पास ३ सन्तानकी आमा हुन् । आर्थिक, सामाजिक र राजनैतिक रूपले सशक्त देखिन्छिन् । यस्तो अवस्थामा पुग्नुको श्रेय महिला शिल्पकला तालिम केन्द्रलाई दिन्छिन् । हाल उनको मासिक आय रू.१५,०००।- रहेको छ ।

*"माइतीमा कहिल्यै दुःख भएन । विवाहपछि घरपरिवारमा सम्पत्तिको कमिले बस्न सकिएन र बुटवल झरियो । सानोतिनो टंकी पसल राखी गुजारा गरियो । नगरपालिकाको महिला शिल्पकला तालिम केन्द्रमा सस्तोमा सिलाईकटाई तालिम दिने गरेको जानकारी पाउनासाथ तालिममा भर्ना भई ६ महिना तालिम सिकियो । रू.३,०००। अनुदान रकम पनि पाइयो, त्यही नै मेरो बीउ पूँजी हो । त्यसैबाट मेसिन किनी सिलाईकटाईको दोकान थापियो । अलि पैसा जम्मा गरेर अरु मेसिन थपियो । गर्दागर्दै हाल २२ जना महिलालाई तालिम पनि दिंदैछु । थुप्रैलाई दिईसकें । मसँग सिकेकाले पनि दोकान (सिलाईकटाई) थापेर बसेका छन् । भविष्यमा फेसन डिजाईनर बन्ने उद्देश्यले फेसन डिजाईनर तालिम कोर्ष गर्दैछु ।"*

### वैयक्तिक अध्ययन-४

"नगरपालिकाको ऋृण कार्यक्रमले मलाई यस अवस्थामा पुऱ्यायो"

भगवती भट्टराई (काल्पनिक नाम), ४१ वर्षीय, ८ कक्षा पास, ४ सन्तानकी आमा हुनुहुन्छ । आर्थिक र सामाजिक रूपले सशक्त यिनी महिला आफू यस अवस्थामा पुग्न सक्नुको श्रेय नगरपालिकाको ऋृण कार्यक्रमलाई दिनु हुन्छ ।

*"धेरै सन्तान भए, त्यही माथि बच्चा बिरामी परेर औषधि उपचार गर्दागर्दै सम्पत्ति सकियो । सम्पत्ति नभएपछि घर छाडी बुटवल झरियो । सानो टंकी पसल साथीको सहयोगले खोली जेनतेन गुजारा गरियो । पछि बच्चाहरू हुर्कंदै गएपछि नपुगेर पशुपालन व्यवसाय गर्ने (अनुभव भएकोले) बिचारले ऋृण खोजियो । रू.७००।- खर्च गरी सबै प्रक्रिया पूरा गरी ऋृण पाउने दिन कृषि विकास बैंक मेनेजरले जग्गा ठिक नभएको भनी पास गरेन, झगडा पनि भयो र यसै सिलसिलामा नगरपालिकासम्म पुगियो । नगरपालिकाका कर्मचारीले नगरपालिकाको टोल विकास संस्था गठन गरेर त्यसको सिफारिसमा तुरुन्तै ऋृण पाउन सकिने सल्लाह दिएअनुसार तुरुन्तै मेरै सक्रियतामा एकैदिनमा टोल विकास संस्था मेरो टोलमा गठन गरी ३ दिनको दिन रू.७०,०००।- १२% ब्याजमा (वार्षिक) नगरपालिकाबाट पाइयो र भैंसीपालन व्यवसाय सुरु गरियो । एक वर्षमै ब्याजसहित सावाँ तिरियो । दोश्रो पटक रू.७०,०००।- र तेश्रो पटक रू.५०,०००।- लिएको हुँ । पशुपालनबाट दुध बेचेर हाल मैले घर बनाएँ, छोरीहरूलाई पढाएकी छु, ऋृण पनि तिर्दैछु । सबै खर्च कटाएर मासिक रू.८,०००।- आम्दानी हुन्छ । नगरपालिकाको ऋृण कार्यक्रमले मलाई आज यस अवस्थामा पुऱ्यायो । नगरपालिकाको प्रत्येक कार्यक्रममा समावेश भएकी छु । आमा जागरण समूहमा आवद्ध भएकी छु । अहिले सामाजिक सेवामा लागेकी छु ।"*

### ६.१.२. खर्च गर्ने क्षेत्रः

आय आर्जन र बचत कार्यक्रममा संलग्न ४२ (८४%) जना महिलाहरूलाई उनीहरूसँग खर्च गर्ने गरेका क्षेत्रहरूबारे प्रश्न सोधिएकोमा व्यक्त धारणा/रायलाई तालिका नं. १३ र चित्र नं. ११ मा प्रस्तुत गरिएको छ ।


**तालिका नं. १३ : खर्च गर्ने क्षेत्र**

| विवरण | वडा नं. ५ | | वडा नं. १५ | | जम्मा | |
|---|---|---|---|---|---|---|
| पालन पोषण | ७ | (१६.६०) | १३ | (३१.००) | २० | (४७.६०) |
| व्यापार | ४ | (९.५०) | ९ | (२१.४०) | १३ | (३०.९०) |
| सम्पत्ति जोड्ने | ३ | (७.१०) | २ | (४.८०) | ५ | (११.९०) |
| खर्च नगर्ने | २ | (४.८०) | २ | (४.८०) | ४ | (९.६०) |
| जम्मा | १६ | (३८.००) | २६ | (६२.००) | ४२ | (१००) |

स्रोत : स्थलगत अध्ययन २०६५ (कोष्ठमा भएको अङ्कले प्रतिशत जनाउँछ ।)

उपर्युक्त तालिका नं. १३ अनुसार बालबालिका शिक्षा, घरायसी, पालनपोषण गर्ने ४७.६०%, आयमूलक व्यापारमा ३०.९०% र अचल सम्पत्ति (बैंकमा जम्मा गर्ने र सुन आदि किन्ने) जोड्ने ११.९०% र खर्च नगर्ने महिलाहरू ९.६०% रहेका छन् ।

**चित्र नं. ११ : खर्च गर्ने क्षेत्र**





स्रोतः स्थलगत अध्ययन

माथिको चित्रलाई विश्लेषण गर्दा अध्ययनमा संलग्न ५० जना नमुना महिलामध्ये आय आर्जन र बचत कार्यक्रममा संलग्न ८४%(४२ जना) महिलाहरूमा वडा नं. ५ का सहरी महिला ३८% (१६ जना) र वडा नं. १५ का ग्रामीण महिला ६२% (२६ जना) रहेका छन् । ती ८४% महिलाहरूमध्ये पालनपोषणमा खर्चगर्ने सहरी महिला १६.६% छन् भने ग्रामीण महिला ३१.०% झण्डै दोब्बर संख्यामा रहेका छन् । त्यस्तै ब्यापारमा सहरी क्षेत्रमा ९.५% र ग्रामीण क्षेत्रमा २१.४% महिलाहरूको संलग्नता रहेको देखिन्छ । यसबाट सहरी वडाको महिलाको तुलनामा ग्रामीण वडाको महिलाको घरायसी पालनपोषण र व्यापार व्यवसायमा बढी संलग्नता रहेको पाइएको छ । महिलाको आय र बचतबाट जिन्सी सम्पत्ति जोड्ने महिला संख्या ग्रामीणमा ४.८% र सहरमा ७.१% देखिएबाट ग्रामीण महिलाको तुलनामा सहरी महिलाले सम्पत्ति बढी जोड्ने र घरायसी खर्च कम गर्ने गरेको पाइन्छ भने खर्च नगरी आय बैंकमा जम्मा गर्ने महिला दुवै वडामा बराबर (४.८%) रहेको पाइएको छ । उपरोक्त कुराहरूबाट आयमूलक तालिमले महिलाहरूको आर्थिक स्थितिमा सुधार ल्याउन सकारात्मक प्रभाव परेको पाइएको छ । यी कुरालाई मूख्य सूचनादाताहरूले पनि व्यक्त गरेका छन् ।

### ६.१.३. खर्च गर्ने निर्णयमा सहभागिताः

महिलासंग घर खर्च सञ्चालन कस्ले गर्छ ? भनी राखिएको प्रश्नमा प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा ३८% महिलाले स्वनिर्णय लिने गरेको बताएका छन् भने १४% महिलाले श्रीमानको निर्देशनमा निर्णय लिने र ४८% महिलाले घरायसी सरसल्लाहबाट निर्णय लिने गरेको भनेका छन् । जसलाई चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

**चित्र नं. १२ : खर्च गर्ने निर्णयमा सहभागिता**




घरमा खर्च गर्ने निर्णय लिने प्रक्रियाबाट महिलाको आर्थिक, सामाजिक, अवस्थाको झलक पाइन्छ । अध्ययनमा संलग्न महिलाहरूमध्ये अधिकांश महिला (४८%) ले घरपरिवारको सरसल्लाहबाट खर्च गर्ने गरेको र ३८% महिलाको आर्थिक खर्च गर्नेमा पूर्ण सहभागिता रहेको धारणा व्यक्त गरेबाट ८६% महिलाहरूको घर खर्च गर्ने निर्णयमा सहभागिता रहेको पाइएको तथ्यले महिलाहरूको आर्थिक र सामाजिक अवस्था राम्रो भएको देखिन्छ ।

### ६.१.४. आर्थिक अवस्थामा फरकः

आमा जागरण समूहले सञ्चालन गरेका आयमूलक तालिमहरूमा भाग लिनु अघि र भाग लिएपछि तपाइँको अवस्थामा के फरक पाउनु भएको छ ? भन्ने प्रश्नमा महिलाहरूले राखेका धारणाहरूलाई विश्लेषण गर्दा २४% महिलाले तालिम लिनुभन्दा अघि गोजी खर्चका लागि श्रीमान र घरपरिवारसँग हात थाप्नुपर्ने थियो तर अहिले आफ्नो लागि गोजी खर्च टार्न सकेको, २४% ले पहिले पैसाको अभाव हुने गर्थ्यो अहिले आफैले आय आर्जन गरी आत्मनिर्भर भएको धारणा व्यक्त गरेका छन् भने ५२% महिलाहरूले पहिले र अहिले खासै उल्लेखनीय फरक नभएको बताएका छन्, जसलाई चित्रमा यस प्रकार प्रस्तुत गरिएको छ-

**चित्र नं. १३ : आर्थिक अवस्थामा फरक**




स्रोतः स्थलगत अध्ययन

त्यस्तै मूख्य सूचनादाताहरूको अन्तरवार्ताबाट पनि महिलाको अवस्थामा पहिलेको तुलनामा आर्थिक, सामाजिक र मनोवैज्ञानिक रूपले परिवर्तनहरू देखा परेको धारणा पाइएको छ । महिलाहरूले आयमूलक तालिमबाट सिकेको सीपको प्रयोग गरेर स्वरोजगार सृजना गरेको, व्यवसायमा लागेको, बचत गर्ने गरेको, उद्यमशिलतामा लागेको पाइएको छ ।

लक्षित समूह छलफल, व्यक्तिगत अन्तरवार्ताबाट पनि महिलाहरूको आर्थिक कार्य गर्न आत्मविश्वास बढेको पाइएको छ । आलुचिप्स, पापड, अचार जस्ता खाद्य सामग्री तयार गरी आफ्नो र छिमेकीको दोकानमा बेचेर आय आर्जन गर्ने, कम्पोष्ट मल निर्माण गरी आफ्नो करेसाबारी, फुलबारीमा राख्न मल खरिद गर्ने खर्च जोगाएको, आफ्ना कपडा आफै सिलाएर खर्च बचाउने गरेको पाइएको छ ।

वडा नं.५ का आमा जागरण समूहमा संलग्न महिलाहरूले समूह बनाई हस्तकलाका सामानहरूमा- कुसन, खोल, म्याक्सी, पेन्टिङ्ग, गुडिया खाद्यसामग्रीमा- अचार, चिप्स, पापड आदि तयारी सामानहरू साथमा नेवारी नास्ताका परिकारहरू बनाई चमेना गृह खोली मेलामा व्यापार गरी नाफा कमाई महिलाहरूले नाफाको केही अंश समूहको कोषमा राखी बाँकी बितरण गरी आर्थिक आय गरेको पाइएको छ ।

अध्ययनकर्ताको स्वअवलोकन र वैयक्तिक अध्ययनले वडा नं.१५ मा महिलाहरूले आमा समूह छुट्टै गठन गरी मासिक बचत गरेर कोष खडा गरेको, विवाह वर्तबन्ध, लाहुरे घर आउँदा, छोरा जन्मदा आदि खुसीयालीको अवसरमा रत्यौली गाउने, होली तिहारमा भैलो खेल्ने गरेर अर्थ संकलन गरी भाँडाकुंडा, टेण्ट भाडामा दिई (क्याटरिङ्ग) आय आर्जन कार्य गर्दै आएको पाइएको छ । यसरी आर्जन गरेको नाफा रकम आवश्यकता परेको बेला महिलाहरूमा बितरण गर्ने गरेको पनि पाइएको छ ।

**वैयक्तिक अध्ययन-५**

"शिक्षा र समूहको महत्व बुझ्नुपर्दछ"

गंगा चापागाई (काल्पनिक नाम) ४३ वर्षीय १ छोरा १ छोरीकी आमा हुन् । सामाजिक रूपले निकै सक्रिय छिन् । उनको फलामको ग्रील बनाउने दोकान र तरकारी खेती गरी आय आर्जन गर्ने व्यवसाय छ । सामाजिक रूपले चेतनशील, अभिव्यक्ति क्षमता राम्रो भएको देखिन्छिन् । समूह कार्यलाई महत्व दिने र छोराभन्दा छोरीलाई बढी पढाउनु पर्ने मान्यता राख्छिन् ।

*"बाबुआमाको ९ सन्तानमा ठूली भएकीले पढ्नबाट वञ्चित भएँ । सानैबाट टाठो बोल्ने भएता पनि नपढेकोले गर्दा धेरै ठाउँमा ठक्कर खाइयो र छोरालाई भन्दा छोरीलाई शिक्षा दिनपर्दछ भन्ने चेतना जाग्यो । विवाहपछि नगरपालिकाको प्रौढ साक्षरता कक्षामा ६ महिना र ३ महिना गरि ९ महिना पढें । पढ्ने क्रममा समूहको महत्व बुझें । अहिले आमा जागरण समूह र टोल विकास संस्थामा संलग्न हुनुका साथै आफैले महिलाको समूह बनाई सामाजिक कार्य गर्ने बिचारले आफ्नै नेतृत्वमा उपकार आमा समूह गठन गरी आय आर्जनको बाटो खोज्ने क्रममा बचत कार्यक्रम सुरु गरियो । केही रकम जम्मा गरी महिला भेलाबाट पास गराई भाँडाकुंडा, कुर्ची, दरी, ट्याङ्की राखी भाडामा दिने क्याटरिङ खोलियो । बचत र क्याटरिङको पैसाको साथसाथै द्यौंसी, भैलो खेली, विवाह, पूजा, लाहुरे घर आउँदा आदि खुसीयालीको पर्वमा रत्यौली गाएर रकम जम्मा गरी कोष वृद्धि गरियो । अहिले टेण्ट खरिद गर्दछौं । टोलमा प्रतिक्षालय बनाएका छौं । आमा जागरण समूह, टोल विकास संस्था, गाउँ-नगर साझेदारी र हाम्रो उपकार महिला समूहको संयुक्त लगानीमा भवन बनाउन जग्गा खरिद भैसक्यो, जग हाल्ने काम भएको छ । महिलाको समूह मिलेमा सामूहिक प्रयासले जस्तोसुकै काम पनि सजिलै सम्पन्न हुन्छ ।"*

## ६.२ सामाजिक पक्षमा प्रभाव (Impact on Social Aspect)

अध्ययनमा संलग्न महिलाहरू आमा जागरण समूहमा संलग्न भएर विभिन्न आयमूलक र चेतनामूलक तालिम प्राप्त गरेर ज्ञान अभिवृद्धि गरी आय आर्जन गर्नुका साथै सामाजिक पक्षमा पनि विभिन्न कार्य गरेका छन् । फलस्वरूप यी महिलाहरूमा सामाजिक कार्यमा सहभागिता र परिवर्तन देखापरेका छन् । यी सामाजिक प्रभावसम्बन्धी तथ्याङ्क संकलन गर्न अन्तरवार्ता प्रश्नावली, लक्षित समूह छलफल (FGD), गृह अवलोकन (Home visit), मूख्य सूचनादाताको अन्तरवार्ता (Key Informents Interview) को आधार लिई प्राप्त सामाजिक प्रभावलाई प्रस्तुत गरिएको छ-

### ६.२.१ महिलाको सामाजिक विकासमा परेको प्रभाव

आमा जागरण समूहमा संलग्न भएपछि महिलाहरूलाई सामाजिक र आर्थिक विकासमा सशक्तिकरण गर्न विभिन्न तालिमको व्यवस्था गरिएको थियो । यहाँ चेतनामूलक तालिमबाट परेको प्रभाव उल्लेख गरिएको छ-

**तालिका नं. १४ : चेतनामूलक तालिमको प्रभाव**

| विवरण | वडा नं. ५ | वडा नं. १५ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| स्वास्थ्यसम्बन्धी ज्ञान पाएका | १७ | १७ | ३४ | ६८ |
| वातावरणसम्बन्धी ज्ञान पाएका | १२ | ११ | २३ | ४६ |
| व्यक्तित्व विकास सम्बन्धी ज्ञान पाएका | १६ | १४ | ३० | ६० |
| अधिकार र कानूनसम्बन्धी ज्ञान पाएका | ४ | ३ | ७ | १४ |
| जीवनसँग सम्बन्धित अन्य ज्ञान पाएका | १६ | १४ | ३० | ६० |

स्रोतः स्थलगत अध्ययन

चेतनामूलक तालिमको प्रभाव अध्ययन गर्दा तालिका नं. १४ अनुसार स्वास्थ्य, वातावरण, व्यक्तित्व विकास, अधिकार र कानून र जीवनसँग सम्बन्धित अन्य ज्ञान पाएको धारणा प्राप्त भएको छ ।

– **स्वास्थ्य सम्बन्धीः** यसअन्तर्गत प्रजनन्, सुरक्षित मातृत्व, एच.आइ.भी.एड्स, पानी शुद्धिकरण सम्बन्धी ज्ञान ६८% महिलाले प्राप्त गरेको पाइएको छ ।

– **वातावरण सम्बन्धीः** सरसफाई, वृक्षारोपण, खाल्डो कन्टेनर, प्लाष्टिक झोला राख्न सुइरो वितरण सम्बन्धी ज्ञान पाएका महिलाहरूको संख्या ४६% रहेका छन् ।

– **व्यक्तित्व विकास सम्बन्धीः** नेतृत्व विकास, उद्घोषण र प्रस्तुतिकरण तालिम, सुशासन, प्रौढ शिक्षा (साक्षरता-लेखपढ र सामान्य अङ्क गणितको ज्ञान) आदिबारे ज्ञान प्राप्त गरेका छन् । यसमा ६०% महिला सहभागी रहेको पाइएको छ ।

– **जीवनसँग सम्बन्धित अन्य ज्ञानः** तीज गीतबाट चेतना जगाउने, लागूपदार्थको प्रयोग नियन्त्रण, दुर्व्यसनी नियन्त्रण, चेलीबेटी बेचविखन, चेतनामूलक सडक नाटक, दुर्घटना न्यूनीकरणजस्ता जीवनोपयोगी ज्ञान पाएका महिलाहरू ६०% रहेका छन् ।

– **अधिकार र कानून सम्बन्धी ज्ञानः** यसअन्तर्गत महिला अधिकार, कानूनी साक्षरता, लैङ्गिकता, संविधानसभा सम्बन्धी ज्ञान पाएको भनि १४% महिलाले प्रतिक्रिया व्यक्त गरेका छन् ।

समष्टिगत रूपमा हेर्दा आधीभन्दा बढी महिलाहरूमा स्वास्थ्य, व्यक्तित्व र जीवनसँग सम्बन्धित तालिमबाट लाभान्वित भई महिलामा प्रभाव परेको पाइएबाट सामाजिक प्रभाव उल्लेखनीय रहेको (Significance) पाइएको छ ।


### ६.२.२ सामाजिक कार्यमा सहभागिता

चेतनामूलक विभिन्न तालिम लिएपछि समाजमा के गर्नुभएको छ भन्ने प्रश्नको बारेमा प्राप्त प्रतिक्रियालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं.१५ : सामाजिक कार्यमा सहभागी महिला संख्या** (सहभागी महिला-५०जना)

| सहभागिताको शीर्षक | वडा ५ | वडा १५ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| स्वास्थ्य सेवा | १० | ९ | १९ | ३८ |
| आर्थिक सहयोग | ११ | २ | १३ | २६ |
| वृक्षारोपण र सरसफाई | ९ | ३ | १२ | २४ |
| खानेपानी व्यवस्था | ४ | ७ | ११ | २२ |
| लागूपदार्थ दुर्व्यसन रोकथाम | ५ | २ | ७ | १४ |
| बाटोघाटो बिजुली व्यवस्था | ५ | २ | ७ | १४ |
| झैंझगडा मिलाउने | ५ | २ | ७ | १४ |
| चेलीबेटी उद्धार | १ | २ | ३ | ६ |

**चित्र नं. १४ : सामाजिक कार्यमा सहभागी महिला संख्या**




उपयुर्क्त तालिकाअनुसार स्वास्थ्य सेवा, आर्थिक सहयोग र वृक्षारोपणमा क्रमशः ३८%, २६% र २४% महिलाहरू सक्रिय सहभागी भएको पाइएको छ । त्यस्तै २२% महिला वडास्तरीय खानेपानीको व्यवस्थापनमा सहयोग पुऱ्याएका छन् भने लागूपदार्थ

दुर्व्यसन रोकथाम, बाटोघाटो विजुली व्यवस्था, झैंझगडा मिलाउने प्रत्येकमा १४% र चेलीबेटी उद्धार कार्यमा ६% महिलाहरू क्रियाशील रहेको पाइएको छ । यस कुरालाई वैयक्तिक अध्ययनले पनि पुष्टि गरेको छ ।

**वैयक्तिक अध्ययन-६**

"छोरीलाई शिक्षा र सम्पत्तिको अधिकार दिनुपर्छ"

कमला थापा(काल्पनिक नाम) ३८ वर्षीय ३ छोरी र १ छोराकी आमा हुन् । आमाबाबुको छोरीहरूमात्र भएकोले परिवारमा सम्पत्तिको विषयमा घटेको एक दुःखद घटनाबाट पाठ सिकी छोरीलाई सम्पत्तिको अधिकार दिनुपर्ने । शिक्षा दिई सक्षम बनाउनु पर्ने धारणा राखेकी छन् ।

*"म सानो छंदा सम्पत्तिको विषयमा काका बाबुहरूले बाबुलाई दिएको दुःखद घटनाबाट पढ्ने चेतना जाग्यो । विद्यालय भर्ना भएँ, उमेर बढेकोले विद्यालयले अक्षर नचिने पनि पास गरिदिएर मलाई धोका दियो । ६ कक्षा पढेकी भए पनि नेपाली गाह्रो शब्द र अंग्रेजी बुझ्दिन । अहिले कार्यक्रमहरूमा भाग लिंदा आधामात्र बुझ्दछु । पढाई नहुँदा पछि परियो । आमा जागरण समूहको चेतनामूलक महिला अधिकार, प्रजनन स्वास्थ्य, लागु पदार्थ दुर्व्यसन आदि तालिममा भाग लिएपछि केही गर्ने आँट आयो । अहिले मेरो घरमा कान्छी सासुको छोरा छैनन् । नन्दहरूलाई अँश दिलाउने मैले अठोट गरेकी छु । मैले जस्तो दुःख गरेर भए पनि मेरो छोरीहरूलाई धेरै पढाएर सक्षम बनाउने र छोरा सरह सम्पत्ति दिने योजना गरेकी छु । यस कुरामा श्रीमानको सहमति छैन, नभएता पनि मैले जसरी भए पनि नन्द र छोरीलई सम्पत्ति दिलाएर छाड्ने छु । लागु पदार्थ दुर्व्यसनमा लागेको एक युवकलाई पहिलेको अवस्थामा पुऱ्याउन मैले कोशिस गर्दैछु, धेरै प्रगति गरेको छ, हेरौं के हुन्छ ।"*

**वैयक्तिक अध्ययन-७**

"मेरो नामबाट माइतीलाई चिनाउन चाहन्छु"

सविता मल्ल (काल्पनिक नाम) ३२ वर्षीय, १० कक्षा पास, ३ सन्तानकी आमा हुन् । अभिभावकको इच्छा विरुद्ध अन्तरजातीय विवाह गरेकीले माइतीबाट विभेद्पूर्ण व्यवहार गरिएबाट पीडित भई सामाजिक कार्यमा संलग्न भई आफ्नो नामबाट माइतीलाई चिनाउने अठोट लिएकी छिन् । यिनी सामाजिक रूपले सशक्त छिन् । विभिन्न सरकारी गैर सरकारी संस्थाहरूमा आवद्ध छिन् ।

*"मेरो इच्छा विरुद्ध अभिभावकले विवाह गरिदिन थालेपछि उनीहरूको इच्छा विरुद्ध मैले मेरो इच्छाले अन्तरजातीय विवाह गरेकोले आमाबाबुबाट विभेद गरिएको छ । परिवारमा एउटा छोराले अन्तरजातीय विवाह गर्दा स्वीकारिएको छ मलाई स्वीकारिएन । माइतीमा दुःख परेको बेला मैले र मेरो श्रीमानले धेरै सहयोग गरे केही भनेनन् । दुःख सकिएपछि पुनः स्वीकारेनन् । समाजको डरले हो कि के ले हो बुझ्न सकिन । धेरै सहीसकें अब हद नाघेको छ । सामाजिक कार्यमा लागेर नगरमै स्थापित भएर मेरो नामबाट अभिभावकलाई चिनाउने इच्छा छ । यसैबाट प्रेरित भई हाल म नगरपालिकाको आमा जागरण समूह, टोल विकास संस्था र अन्य गैर सरकारी संस्थामा आवद्ध छु । आमा जागरण समूहको हरेक कार्यक्रम र सामाजिक क्रियाकलापमा भाग लिंदालिंदै मैले धेरै अनुभव बटुलेकी छु । टोलमा कुनै पनि काम परेमा मैले नै पहल गर्नुपर्ने अवस्था अहिले मेरो भएको छ ।"*

**वैयक्तिक अध्ययन-८**

"घरभन्दा सामाजिक कार्यलाई महत्व दिन्छु"

उषा गुरुङ (काल्पनिक नाम) ४५ वर्षीय ४ कक्षा पास २ सन्तानकी आमा हुन् । आर्थिक रूपले आत्मनिर्भर, स्वअभिव्यक्ति क्षमता भएकी, नेतृत्व लिन सक्ने, सामाजिक कार्यकर्ताको रूपमा स्थापित छिन् । यस्तो अवस्थामा पुग्नुको श्रेय बुटवल नगरपालिका र प्राक्टिकल एक्सन (गैर सरकारी संस्था) लाई दिएकी छिन् ।

*"म सानो छँदा बुवाको मृत्युले म र मेरा भाईबहिनी मामा घरमा हुर्कियौं । आफन्तीले फुक्याएर सानै उमेरमा विवाह गरिदिए । म टाठी थिएँ, त्यसैले घर छोडेर आमासँग भागेर आएँ र मामा घरपनि छोडेर आमासहित हामी अन्तै होटल थापी गुजारा गऱ्यौं । बुझ्ने भएपछि हालको श्रीमानसँग विवाह गरी बुटवलमा बसियो । आमा जागरण समूहले सञ्चालन गरेको कम्पोष्ट मल तालिम, नेतृत्व विकास तालिम, घरेलु सामान निर्माण गर्ने तालिम लिने मौका पाएँ । कम्पोष्ट मल तालिमले मेरो मासिक रू.५००।- मल खरिद गर्न लाग्ने खर्च बचाएकी छु । तालिमले केही गरेर आय आर्जन गर्ने बानी बसालेकी छु । घरेलु सामानहरू निर्माण गरी बेच्ने साथै जंगलबाट दाउराको भारी ल्याई बेच्ने दाउरेहरूसँग दाउरा खरिद गरी थोकमा बेच्ने आदि गरेर म आत्मनिर्भर भएकी छु । एक पटक नगरपालिका र प्राक्टिकल एक्सनको संयुक्त भ्रमण कार्यक्रममा महिला प्रतिनिधित्वमा मलाई पनि छनौट गरियो र मैले भ्रमणबाट धेरै फाइदा पाएँ । नचिनेका व्यक्तिहरूसँग चिनाजानी, बिचार अनुभवको आदान-प्रदानले मलाई सामाजिक कार्यमा लाग्न प्रेरित गऱ्यो र हाल म सामाजिक कार्यकर्ताको रूपमा स्थापित भएकी छु । श्रीमानले म बाहिर गएको रुचाउँदैनन् झगडा पनि पर्ने गर्छ तर मैले काग कराउँदै जान्छ पिना सुक्दै जान्छ भन्ने उखान झैं व्यवहार गरेकी छु। घरभन्दा सामाजिक कार्यलाई महत्व दिएकी छु ।"*

सामाजिक प्रभाव पत्ता लगाउन लक्षित समूह छलफल मूख्य सूचनादाताको अन्तरवार्ता र गृह अवलोकनबाट प्राप्त अनुभूति र धारणाहरू पनि बुँदागतरूपमा निम्नानुसार संक्षेपीकरण गरिएको छ–

१. अभिव्यक्ति शैलीको विकास भई आफ्ना कुरा सम्बन्धित निकायमा राख्न सकेको ।
२. नगरपालिका, वडा, अन्य संघ-सस्थाद्वारा सञ्चालित सामुदायिक कार्यमा स्वयंसेवी कार्य गर्ने इच्छा जागृत भएको ।
३. रुढिवादी परम्परामा सुधार गर्न, छोरी र बुहारीलाई पनि शिक्षामा सहभागी गराउन, खाली समयको सदुपयोग गर्न स्वयं र अन्य महिलालाई पनि परिचालन गर्न सकेको ।
४. खुला र प्रजातान्त्रिक चिन्तन भएको समाज सृजना गर्न जागरुक रहेको ।
५. महिला हकहित र संरक्षणमा क्रियाशील हुन जागरुक भएको ।

६. आर्थिक उपार्जनमा पनि ध्यान केन्द्रित गर्नुपर्ने भावना जागेको ।

७. असहाय, दैवीप्रकोप पीडित र अन्य आवश्यक बालबालिका, महिला र पुरुष सबैलाई सहयोग गर्न अर्थ संकलन गर्न र चन्दा दिन पनि उत्सुकता जागेको ।

८. सामुदायिक विकासका विभिन्न कार्य गर्न समूह निर्माण र समूह गतिशिलता (Group Formation & Group Dynamics) मा सक्रिय कार्य गर्न परिचालित हुने ।

९) नगरपालिकाको वार्षिक बजेट र योजना तर्जुमामा महिला सहभागिता बढी हुने गरेको (७०%सम्म) ।

१०) सामाजिक भावना र सीपको विकास भएको ।

११) जीवनयापन शैलीमा सुधार आएको ।

१२) नेतृत्व लिन अग्रसरता देखाएको ।

१३) स्वास्थ्य र वातावरणमा ध्यान दिएको ।

१४) राजनैतिक कार्य र पदमा संलग्नता बढेको ।

परिच्छेद-सात

# सारांश र निष्कर्ष

# (Summary and Conclusion)

## ७.१ सारांश

बुटवल नगरपालिकामा महिला सशक्तिकरण एक अध्ययनको सन्दर्भमा शोधकर्ताले मूख्य सूचनादाता, नमुना महिलासँगको अन्तरवार्ता, छनौटमा परेका महिलाहरूको लक्षित समूह छलफल, वैयक्तिक अध्ययन र स्थलगत अवलोकनबाट संकलन गरिएका तथ्याङ्क र सूचनाहरूको विश्लेषण र विवेचनाबाट प्राप्त भएका तथ्यहरूलाई यस शीर्षकमा सारांशमा प्रस्तुत गरिएको छ ।

महिला सशक्तिकरणका लागि बुटवल नगरपालिकाले मूख्यतया आमा जागरण समूह, सामाजिक विकास तथा वातावरण समिति (CDEC), महिला शिल्पकला तालिम केन्द्र र टोल विकास संस्था (TLO) गठन गरेको पाइएको छ । CDEC र TLO ले महिलाका लागि पनि कार्यक्रम गर्ने गर्छ भने शिल्पकला तालिम केन्द्रले सिलाई कटाई र बुनाई सम्बन्धी तालिम दिई आय आर्जन गर्नेतिर उन्मुख गराउने प्रयास गरेको छ । मूख्यरूपमा आमा जागरण समूहले महिला सशक्तिकरणका लागि आयमूलक र चेतनामूलक तालिम प्रदान गर्न कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्दै आएको पाइएको छ ।

महिला सशक्तिकरणका लागि सञ्चालित विविध तालिममध्ये आयमूलक तालिम अर्न्तगत सिलाइकटाई तालिम, अचार र कम्पोष्ट मल बनाउने तालिम लोकप्रीय रहेको पाइएको छ । त्यस्तै प्रजनन् स्वास्थ्य, सरसफाई, एच.आइ.भि. एड्स, नेतृत्व विकास र महिला अधिकार सम्बन्धी तालिमबाट धेरैले लाभ पाएको देखिन्छ ।

अध्ययनमा छनौट गरिएका महिलाहरूमा ६४%, ४० वर्षभन्दा मुनि र ३६% महिला ४० वर्षदेखि माथिका रहेको पाइएको छ । ती महिलाहरूमा ९२% विवाहित, ५६% परिवारमा आमाको स्थानमा रहेको र ८०% साक्षर पाइएको छ । एस.एल.सी. उर्तीण २४% र स्नातक उर्तीण २% (१जना) महिला देखिएकोले उच्च शिक्षाप्राप्त महिला सशक्तिकरण कार्यक्रममा न्यून भाग लिने गरेको पाइएको छ ।

कार्यक्रममा संलग्न महिलाहरूमा ५६% महिलाहरू आय आर्जनमा संलग्न रहेको पाइएन भने ४४% महिलाहरू धेरथोर आय आर्जनमा संलग्न रहेको पाइएको छ । आय आर्जनमा संलग्न महिलाहरूको मासिक आय रू. १,०००।- देखि १५,०००।- सम्म रहेको पाइएको छ । सहरी परिवेशका महिलाहरूको (१४%) तुलनामा ग्रामीण परिवेशका

महिलाहरू (३०%) आय आर्जनमा बढी संलग्न रही आर्थिक विकास गर्न सकेको पाइएको छ ।

महिला सशक्तिकरण कार्यक्रमले आर्थिक रूपमा सशक्त गर्न नसकेको देखिन्छ । तालिम मात्र दिएर नहुने, लगानीका स्रोत पहिचान गरी स्रोत उपलब्ध गराउन पनि आवश्यक देखिएको छ । आफ्नो आयबाट बचत कार्यमा भाग लिने महिला ४४% देखिएको छ तर बचत कार्यमा संलग्न रहेका महिला ८४% रहेको पाइएको छ । यसरी आधाजति महिलाले बचत गर्न सक्ने गरी कमाउन असमर्थ रहेको छ । बचत गर्ने रकम पनि ६२% महिलाको एकसय मासिक देखिएको छ, जुन न्यून छ । तर बचत गर्ने धारणा विकास भएकोले यसलाई सशक्तिकरणको उपलब्धिको रूपमा लिन सकिन्छ ।

आमा जागरण समूहमा संलग्न भई आयमूलक तालिम लिएका ८४% महिलाहरूमा रोजीरोटी कमाउने, आर्थिक उपार्जन गर्ने, घरायसी प्रयोजन गर्ने र कृषिजन्य कार्य गर्ने आत्मनिर्भरता प्राप्त भएको पाइएको छ । आधीभन्दा बढी महिलाहरूमा (५६%) मासिक आय आर्जन गरी आर्थिक पक्षमा प्रभाव पार्न नसकेको पाइएको छ । आफ्नो आयबाट पालनपोषणमा खर्च गर्ने महिला ४७.६०% रहेको पाइन्छ ।

घर खर्च गर्ने निर्णयमा महिला सहभागिताको अध्ययन गर्दा घरायसी सल्लाहबाट ४८% र महिलाको स्वनिर्णयमा ३८% गरी जम्मा ८६% महिलाहरूको घर खर्चको निर्णयमा प्रत्यक्ष-अप्रत्यक्ष सहभागिता रहेको देखिएको छ जसले घरायसी खर्चमा सहभागिता राम्रो रहेको पाइएको छ ।

महिलाहरूको पहिलेको र कार्यक्रममा संलग्न भएपछिको आर्थिक अवस्थाको तुलना गर्दा धेरैजसोमा(५२%) उल्लेखनीय फरक नभएको र २४% महिला आर्थिक दृष्टिले आत्मनिर्भर र उत्तिकै प्रतिशत महिलाहरूले गोजी खर्च टार्न सकेको पाइएको छ । ग्रामीण क्षेत्रका महिलाहरूमा आर्थिक आत्मनिर्भरता सहरीको तुलनामा बढी पाइएको छ ।

सामाजिक पक्षमा परेको प्रभावको रूपमा अधिकांश महिलाहरूले स्वास्थ्य, व्यक्तित्व विकास र जीवनसँग सम्बन्धित ज्ञान पाएको छ भने सामाजिक कार्यमा संलग्न महिलाहरूमा स्वास्थ्य सेवामा ३८%, आर्थिक सहयोगमा २६%, वृक्षारोपण र सरसफाईमा २४% महिलाहरूको सक्रिय सहभागिता रहेको पाइएको छ ।

ज्ञानमा अभिवृद्धि, सामाजिक कार्यमा सहभागिता, अभिव्यक्तिशैलीमा विकास, स्वयंसेवी भावना जागृत, रुढिवादी विचारमा सुधार, खुल्ला र प्रजातान्त्रिक चिन्तनको सृजना, आर्थिक उपार्जनमा ध्यानाकर्षण, समूह निर्माण र गतिशिलतामा सक्रियता, नेतृत्वपनाको विकासजस्ता सामाजिक प्रभाव महिलाहरूमा परेको पाइएको छ ।

समयानुसारको फेशन डिजाइनर तालिम, श्रीमान्-श्रीमतीका लागि अभिभावक शिक्षा, अंग्रेजी विषय समावेश भएको प्रौढ शिक्षा, बजार व्यवस्थापन तालिम, कुनाकाप्चाका महिलालाई समेट्ने चेतनामूलक तालिम, कानुनी साक्षरता कक्षा, बेमौसमी तरकारी खेती तालिम, कम लागतमा उत्पादन गर्न सकिने आयमूलक तालिम पाउने आशा महिलाहरूले राखेको पाइएको छ ।

## ७.२ निष्कर्ष

यस अध्ययनमा प्राप्त भएका तथ्याङ्कहरूको विश्लेषण, विवेचना र साराँशमा उल्लेख गरिएका तथ्यहरूको आधारमा निम्नलिखित निष्कर्षहरू प्रस्तुत गरिएको छ ।

बुटवल नगरपालिकाले आमा जागरण समूह मार्फत् महिलाहरूलाई आत्मनिर्भर बनाउन अचार, पापड, कुशन, सिलाई कटाई बुनाई, पेन्टिङ्ग, घरेलु कम्पोष्ट मल, च्याउ खेती, अगरबत्ती, मैनबत्ती तयार गर्ने सीपयुक्त तालिम दिई आय आर्जन गर्न सक्षम बनाएको छ । फलस्वरूप आय वृद्धि भई बचत गर्न सिकेका छन् । यसरी आयमूलक कार्यक्रमबाट बचत गर्न सिकि महिलाहरू आत्मनिर्भर हुनुको साथै घरको आर्थिक अवस्था उकास्न योगदान दिन सक्षम भएको पाइएको छ ।

बुटवल नगरपालिकाले नगरका महिलाहरूको चेतनास्तर वृद्धि गरी महिला अधिकार, प्रजनन् स्वास्थ्य, समूह निर्माण र समूह गतिशिलता, नेतृत्व विकास, कानुनी साक्षरता, प्रौढशिक्षा आदि कार्यक्रम सञ्चालन गरी महिलाहरूमा आवश्यक चेतना विकास गर्ने प्रयास गरेको छ । फलस्वरूप आफ्नो नागरिक र कानुनी अधिकार बुझी विभिन्न पक्षमा कार्य गर्न सक्षम बनाएको छ । विशेष गरी आत्मविश्वाससाथ समाज, कार्यालय, समूह आदि ठाउँमा गई आफ्नो कार्य गर्न सक्षम भएको छ, जसले महिलाहरूको जीवनशैलीमा परिवर्तन आएको प्रत्यक्ष देखिएको छ । महिलाहरूमा समाजकै एक अङ्ग भएको महशुस भएको र सामाजिक काम जस्तै- वन संरक्षण, सामुदायिक विकास, फोहरमैला व्यवस्थापन आदि कार्यमा महिलाहरू स्वतन्त्र र स्वस्फूर्त रूपमा सक्रिय सहभागिता जनाउने गरेको पाइएको छ । स्वास्थ्यसम्बन्धी चेतनाले महिलाहरूको आफ्नो स्वास्थ्यको हेरचाहको साथै बालबालिकाहरू र परिवारको सदस्यहरूको बसाईलाई स्वस्थ्यकर बनाउन सक्षम भएको छ, जुन कुरा उनीहरू र परिवारको स्वास्थ्यको स्तर अवलोकनबाट पनि पुष्टि भएको छ ।

महिलाहरूमा आयमूलकभन्दा चेतनामूलक कार्यक्रम बढी प्रभावकारी र परिवर्तनकारी रहेको पाइएको छ । आयमूलक कार्यक्रममा सिकेका सीपलाई व्यवसायिकतामा भन्दा पनि घरायसी प्रयोजनमा बढी प्रयोग गरिएको पाइएको छ, जसले घर खर्च घटाई बचत वृद्धि भएको छ । तर चेतनामूलक कार्यक्रमको प्रभावले यहाँका

महिलाहरूको सोंचाईस्तर वृद्धि भई तर्कपूर्ण अभिव्यक्ति दिन सकेको, कार्यालयीय कार्य ढुक्क भई गर्न सक्ने, परेका पीरमर्का र अधिकार बारे वकालत गर्न सक्ने, न्यायपूर्ण र पक्षपातरहित निर्णय गर्न सक्ने प्रजातान्त्रिक व्यवहार गर्न सक्ने आदि प्रभाव र परिवर्तनहरू सजिलै देख्न सकिन्छ । चेतनामूलक कार्यक्रमले गर्दा महिलाहरूमा निष्क्रीय बस्नुभन्दा केही न केही गरिरहने, निरन्तर प्रयास गर्नुपर्ने जस्ता दृष्टिकोणको विकास भएको छ, जसको फलस्वरूप निरन्तर सक्रिय हुने भावनाबाट प्रेरित भई स्वस्फूर्त रूपमा आयमूलक कार्य वा रोजगार योजना बारे ज्ञान प्राप्त गरी आयमूलक कार्य छनौट गरी आय आर्जन गर्ने तर्फ लागेको पाइएको छ ।

ग्रामीण परिवेशका महिलाहरू(३०%) सहरी परिवेशका महिलाहरू (१४%) को तुलनामा आर्थिक क्रियाकलापमा बढी लागेको पाइएको छ । ग्रामीण परिवेशका महिलाहरू सिकेका सीपलाई आय आर्जनमा प्रयोग गरी आर्थिक उपार्जनतिर उन्मुख रहेको पाइएको र आयलाई परिवारको पालनपोषण र आय आर्जन कार्यहरूमा निरन्तर लगानी गरी लागीपरेको देखिन्छ । तर सहरी परिवेशका महिला तुलनात्मक रूपमा आय आर्जनमा थोरै लागेका छन् साथै प्राप्त आयलाई पारिवारिक कार्यमा भन्दा गरगहना बनाउने, बैंकमा जम्मा गरी राख्ने र सम्पत्ति जोड्नेमा लगानी गरेको पाइएको छ । यसरी सहरी परिवेशका महिलाहरू पारिवारिक सम्पन्नताले गर्दा आय आर्जनमा चासो कम लिएको तर ग्रामीण परिवेशका महिलाहरू आय वृद्धि गर्ने कार्यमा निरन्तर लागीरहेकाले यिनीहरू आर्थिक सशक्तिकरण प्रक्रियामा अघि बढिरहेको पाइएको छ ।

महिलाहरू पारिवारिक पालनपोषण र घरायसी आर्थिक क्रियाकलापमा संलग्न भई योगदान दिन थालेपछि परिवारका पुरुषहरूले महिलाहरूलाई घरायसी निर्णय प्रक्रियामा सहभागी गराउने गरेको परिवर्तनहरू देखापरेका छन् । फलस्वरूप महिलाहरूको कार्यलाई सम्मान दिई घर बाहिरका सामाजिक कार्यहरूमा पनि स्वतन्त्रता प्रदान गर्ने प्रवृत्तिको विकास भएको देखिएको छ । नगरपालिकाको टोल विकास, योजना निर्माण र कार्यान्वयन पक्षमा समेत महिला सहभागिताको उल्लेखनीय वृद्धि भएको पाइएको छ । तैपनि महिलाहरूमा पुरुषको तुलनामा आर्थिक, सामाजिक उन्नयनमा समानता देखिंदैन ।

***

# सन्दर्भ सामग्री

# BIBLIOGRAPHY


- Acharya, M. (2003), Efforts at Promotion of Womens in Nepal, Kathmandu: Tanka Prasad Acharya Memorial Foundation & Friedrich-Ebert-Stiftung (FES).
- Bazracharya, R. (2005), Cultural Diversity & Gender, Lalitpur: Bhaktananda Bazracharya Publication.
- Beennet, L. (1983), Dangerous Wives & Sacred Sisters (second reprint), Kathmandu: Mandala Publication.
- HMG/NPC (1997), Ninth Five Year Plan (1977-2000), Kathmandu: National Planning Commission.
- HMG/UNICEF (1996), Children & Women of Nepal: A Situational Analysis, Kathmandu: UNICEF.
- Luitel, S. (1996), Empowerment? What being Literate Means to Maithili Women in Nepal, Ph.D. Dissertation, Canada: University of Alberta, Department of Educational Policy Studies.
- Luitel, S. (2008), Gender Studies, Kathmandu: Academic Book Center T.U., Kirtipur.
- MOE/S, Department of Education (2007), A Strategic Implementation Plan for Gender Equality in Girl's Education, Bhaktapur.
- Rawal, N. (2002), Saving Time for Empowerment of Women: An Empirical study on Gender Relation in Badare Gaon, Masters Thesis, Kathmandu: Central Department of Sociology & Anthropology, Tribhuvan University.
- United Nations Population Fund (Nepal Country office) (2007) Gender Equality & Empowerment of Women in Nepal, Kathmandu.
- ओझा, घननाथ (२०४६), नेपालमा महिला, काठमाडौं : पैरवी बुक हाउस ।
- काफ्ले बासुदेव, ढकाल हेमराज, अधिकारी किसानप्रसाद (२०६५), शिक्षामा सामाजिक न्याय, काठमाडौं : सन लाइट पव्लिकेशन ।

– केन्द्रीय तथ्याङ्क विभाग (२०६४), रूपन्देही जिल्लाको वस्तुगत विवरण : शाखा तथ्याङ्क कार्यालय, कपिलवस्तु ।

– पौडेल, तुलसीराम (२०५९), लैङ्गिक अध्ययनको रूपरेखा, काठमाडौं : निमा प्रकाशन ।

– बुटवल नगरपालिका (२०५६), बुटवल नगरपालिका बुलेटिन, रूपन्देही : बुटवल ।

– बुटवल नगरपालिका (२०६१), नागरिक बडापत्र, रूपन्देही : बुटवल ।

– बुटवल नगरपालिका(२०६१), बुटवल नगरमा सि.डी.ई.सी. र मीग, रूपन्देही : बुटवल ।


– भट्टचन, यशोकान्ति (२०६२), महिला सशक्तिकरणको अवधारणा (पृष्ठ ११०–१२२), आनन्दप्रसाद श्रेष्ठ र अन्य (सम्पादक), समकालीन नेपाली समाज, काठमाडौं : नेपाल फाउण्डेशन फर एडवान्स स्टडिज (नेफास) ।

– राष्ट्रिय योजना आयोग (२०६०), तीन वर्षीय अन्तरिम योजना (२०६४/६५–२०६६/६७), काठमाडौं : राष्ट्रिय योजना आयोग ।

– शर्मा, राधा (२०५५), महिला सशक्तिकरण र लैङ्गिक समानता (पृष्ठ १०५), विकासको निम्ति शिक्षा, काठमाडौं : शिक्षा विकास तथा अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय ।


– स्थानीय विकास मन्त्रालय/यू.एन.डि.पी. (२०६१), उद्यम विकास प्रशिक्षण सहभागी पुस्तिका, काठमाडौं ।


# बुटवल नगरपालिकाको संगठनात्मक स्वरूप



आमा जागरण समूह

बुटवल नगरपालिका


बुटवल नगरपालिका
आमा जागरण समूह
आयमूलक कार्यक्रम
खाद्य सम्बन्धी
- अचार बनाउने
- पापड बनाउने
- फुल्की बनाउने
उत्पादन सम्बन्धी
- कम्पोष्ट मल
- च्याउ खेती
- कृषि भ्रमण
घरेलु सम्बन्धी
- मैनबत्ती बनाउने
- अगरबत्ती बनाउने
- कागजको थोंगा बनाउने
शिल्पकला सम्बन्धी
- सिलाई कटाई
- कुसन बनाउने
- पेन्टिङ्ग गर्ने
चेतनामूलक कार्यक्रम
स्वास्थ्य सम्बन्धी
- प्रजनन स्वास्थ्य
- सुरक्षित मातृत्व
- एच.आइ.भि.एड्स
- पानी शुद्धिकरण
वातावरण सम्बन्धी
- सरसफाई
- वृक्षारोपण
- खाल्डो कन्टेनर
- प्लास्टिक झोला राख्ने सुइरो
व्यक्तित्व विकास सम्बन्धी
- नेतृत्व विकास
- उद्घोषण र प्रस्तुतिकरण तालिम
- सुशासन,
- प्रौढशिक्षा
अधिकार र कानुन सम्बन्धी
- महिला अधिकार र कानुनी साक्षरता
- लैङ्गिकता
- संविधान सभा
जीवनसँग सम्बन्धित अन्य ज्ञान
- तीज गीत प्रतियोगिता
- लागूपदार्थ, दुर्व्यसन नियन्त्रण
- चेलीबेटी बेचबिखन
- सडक नाटक
- दुर्घटना न्यूनीकरण




सामाजिक पक्षमा प्रभाव
आर्थिक पक्षमा प्रभाव

**आमा जागरण समूह**

**बुटवल नगरपालिका**

| उमेर समूह | जनसंख्या प्रतिशत |
|---|---|
| २१–२५ | ४ |
| २६ – ३० | १४ |
| ३१ – ३५ | २८ |
| ३६ – ४० | १८ |
| ४१ – ४५ | १८ |
| ४६ – ५० | १२ |
| ५१ देखि माथि | ६ |

| प्रकार | जनसंख्या प्रतिशत |
|---|---|
| विवाहित | ९२ |
| अविवाहित | ४ |
| विधवा | ४ |
| पारपाचुके | ० |

| प्रकार | जनसंख्या प्रतिशत |
|---|---|
| आमा | ५६ |
| सासु | ६ |

| | |
|---|---|
| छोरी | ४ |
| बुहारी | ३४ |

| विवरण | जनसंख्या प्रतिशत |
|---|---|
| ५ कक्षा उत्तीर्ण | ४ |
| ६ कक्षा उत्तीर्ण | ५० |
| एस.एल.सी.उत्तीर्ण | २४ |
| स्नातक उत्तीर्ण | २ |
| सामान्य साक्षर | १४ |
| निरक्षर | ६ |

| प्रकार | जनसंख्या प्रतिशत |
|---|---|
| १०००–३००० | ६ |
| ३०००–५००० | २२ |
| ५०००–७००० | ८ |
| ७०००–९००० | २ |
| ९०००–११००० | २ |
| ११०००–१३००० | २ |
| १३०००–१५००० | २ |
| शुन्य आय भएको | ५६ |

| वडा नं. | एउटा बचत समूहमा संलग्न | दुइवटा बचत समू |
|---|---|---|
| वडा नं. पाँच | १४ | |
| वडा नं. पन्ध्र | १८ | |

| प्रकार | जनसंख्या प्रतिशत |
|---|---|
| रू.१०।- | ४ |
| रू.२०।- | १४ |
| रू.२५।- | ४ |
| रू.५०।- | १२ |
| रू.१००।- | ६२ |
| रू.१५०।- | ४ |
| रू.२००।- | २ |
| रू.५००।- | १२ |

| वडा नं. | रोजिरोटी कमाउन आत्मनिर्भरता | आर्थिक उपार्जन ग आत्मनिर्भरता |
|---|---|---|
| वडा नं. पाँच | १ | |
| वडा नं. पन्ध्र | १ | |


| वडा नं. | पालनपोषण | व्यापार |
|---|---|---|
| वडा नं. पाँच | १४ | |
| वडा नं. पन्ध्र | २६ | |

| विवरण | प्रतिशत |
|---|---|
| स्वनिर्देशन | ३८ |
| श्रीमानको निर्देशन | १४ |
| घरायसी सरसल्लाह | ४८ |

| विवरण | प्रतिशत |
|---|---|
| गोजी खर्च टारेको | २४ |
| आत्मनिर्भर भएको | २४ |
| उल्लेखनीय फरक नभएको | ५२ |

| विवरण | प्रतिशत |
|---|---|
| स्वास्थ्य सेवा | ३८ |
| आर्थिक सहयोग | २६ |
| वृक्षारोपण र सरसफाई | २४ |
| खानेपानी व्यवस्था | २२ |
| लागूपदार्थ दुव्यर्सन रोकथाम | १४ |
| बाटोघाटो बिजुली व्यवस्था | १४ |
| झैंझडा मिलाउने | १४ |

चेलीबेटी उद्धार ६


बुटवल नगरपालिका
आमा जागरण समूह
आयमूलक कार्यक्रम
खाद्य सम्बन्धी
- अचार बनाउने
- पापड बनाउने
- फुल्की बनाउने
उत्पादन सम्बन्धी
- कम्पोष्ट मल
- च्याउ खेती
- कृषि भ्रमण
घरेलु सम्बन्धी
- मैनबत्ती बनाउने
- अगरबत्ती बनाउने
- कागजको थोंगा बनाउने
शिल्पकला सम्बन्धी
- सिलाई कटाई
- कुसन बनाउने
- पेन्टिङ्ग गर्ने
चेतनामूलक कार्यक्रम
स्वास्थ्य सम्बन्धी
- प्रजनन स्वास्थ्य
- सुरक्षित मातृत्व
- एच.आइ.भि.एड्स
- पानी शुद्धिकरण
वातावरण सम्बन्धी
- सरसफाई
- वृक्षारोपण
- खाल्डो कन्टेनर
- प्लास्टिक झोला राख्ने सुइरो
व्यक्तित्व विकास सम्बन्धी
- नेतृत्व विकास
- उद्घोषण र प्रस्तुतिकरण तालिम
- सुशासन,
- प्रौढशिक्षा
अधिकार र कानुन सम्बन्धी
- महिला अधिकार र कानुनी साक्षरता
- लैङ्गिकता
- संविधान सभा
जीवनसँग सम्बन्धित अन्य ज्ञान
- तीज गीत प्रतियोगिता
- लागूपदार्थ, दुर्व्यसन नियन्त्रण
- चेलीबेटी बेचबिखन
महिला सशक्तिकरण